# टीकाराम बाँस्तोलाको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

पृथ्वीनारायण क्याम्पस, नेपाली विभागको

स्नातकोत्तर तह दोस्रो वर्षको

दसौं पत्र (५०१-१) को

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

**शोधार्थी**

राधिकाकुमारी शर्मा

क्याम्पस क्रमाङ्क : १८/०६८

त्रि.वि. दर्ता नं. : ९-२-४८-४३४७-२००७

परीक्षा क्रमाङ्क : ४८०११३

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७५

टीकाराम बाँस्तोलाको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन
राधिकाकुमारी शर्मा
२०७५

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पसअन्तर्गत नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा **राधिकाकुमारी शर्मा**ले **टीकाराम बाँस्तोलाको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यो शोधपत्र उक्त तहको दसौं पत्रको प्रयोजनका लागि उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

इ.सं. २९-११-२०१८

वि.सं. २०७५-०८-१३

..............................

गीताकुमारी पौडेल

उपप्राध्यापक

शोधनिर्देशक

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस,

पोखरा

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रका लागि तयार पारिएको हो । यस शोधपत्र तयार पार्ने क्रममा व्यस्तताका बाबजुत पनि आफ्नो समयलाई समायोजन गरी हरबखत अनगिन्ती सुझाव, सल्लाह एवम् मार्गनिर्देशन गर्नु हुने आदरणीय गुरुआमा गीता कुमारी पौडेलको कुशल निर्देशनमा तयार पारेकी हुँ । म उहाँप्रति हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्रको शीर्षक चयन गर्ने क्रममा सहयोग गर्ने गुरु कृष्णप्रसाद पौडेल र टीकाराम बाँस्तोलाका कविताहरु उपलब्ध गराई सहयोग गर्नुहुने ई. रमेश बाँस्तोला, कमला बाँस्तोला (खनाल) तथा उहाँको सम्पूर्ण परिवारलाई हृदयदेखि प्रशंसा गर्न चाहन्छु । त्यस्तै मलाई यस शोधपत्र तयार पार्नका लागि सहयोग गर्नु हुने दाजु भरत सापकोटा र श्रीमान् दिपेन्द्र बरालप्रति आभार प्रकट गर्दछु । त्यस्तै विभिन्न समय र ठाउँमा मेरो कार्यलाई सफल तुल्याउन सहयोग गर्ने अन्य सहयोगी मित्रहरु, घरपरिवार, नेपाली विभाग पृथ्वीनारायण क्याम्पस, पुस्तकालय परिवार सबैलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रस्तुत अध्ययनपत्रका सम्बन्धमा विशेष सहयोग प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति धन्यवाद ज्ञापन गर्दै टङ्कन कार्यक्रमा सहयोग गर्ने श्रेष्ठ कम्प्युटर सर्भिसलाई पनि धन्यवाद दिन चाहन्छु । आफ्नो निरन्तर परिश्रमबाट तयार गरिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

इ.सं. २९-११-२०१८
वि.सं. २०७५-०८-१३

राधिकाकुमारी शर्मा
त्रिभुवन विश्वविद्यालय,
पृथ्वीनारायण क्याम्पस, पोखरा ।

# विषयसूची


स्वीकृतिपत्र

सिफारिसपत्र

कृतज्ञताज्ञापन

**अध्याय एक : शोधपरिचय** **१-४**

१.१ शोध शीर्षक १

१.२ शोधप्रस्तावको प्रयोजन १

१.३ शोध समस्या १

१.४ शोधप्रस्तावको उद्देश्य १

१.५ पूर्वकार्यको समीक्षा २

१.६ शोधको औचित्य र महत्त्व ४

१.७ शोधपत्रको क्षेत्र र सीमा ४

१.८ सामग्री सङ्कलन र शोध विधि ४

१.९ शोधपत्रको रूपरेखा ४

**अध्याय दुई : कविताको सैद्धान्तिक परिचय र नेपाली कविताको विकासपरम्परा** **५-२३**

२.१ कविताको परिचय तथा सैद्धान्तिक स्वरूप ५

२.२ कविताको परिभाषा ६

२.२.१ संस्कृत साहित्यमा कविताको परिभाषा ६

२.२.३ पश्चिममा कविताको परिभाषा ७

२.४ नेपाली साहित्यमा कविताको परिभाषा ८

२.२ कविताका तत्त्वहरू ९

२.२.१ शीर्षक ९

२.२.२ संरचना १०

२.२.३ विषयवस्तु १०

२.२.४ लयविधान १०

२.२.५ भाषाशैली ११

२.२.६ केन्द्रीय कथ्य वा भाव ११

२.२.७ कथनपद्धति ११

२.२.८ बिम्बविधान १२

२.२.९ व्यञ्जना १२

२.३ कविताको विधागत रूप वा आयाम १३

२.३.१ कविताको लघुतम रूप १३

२.३.२ कविताको लघु रूप १३

२.३.३ मध्यम रूप वा खण्डकाव्य १४

२.३.४ बृहत् रूप १४

२.३.५ बृहत्तम रूप १५

२.४ नेपाली कविताको विकासक्रम १५

२.४.१ नेपाली कविताको पृष्ठभूमि १५

२.४.१.१ प्राथमिक काल (वि.सं. १८२५-१९४०) १६

२.४.१.२ माध्यमिक काल (वि.सं. १९४१-१९७४) १८

२.४.१.३ नेपाली कविताको आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म) २०

२.५ निष्कर्ष २३

**अध्याय तीन : टीकाराम बाँस्तोलाको जीवनी र व्यक्तित्व २४-४०**

३.१ टीकाराम बाँस्तोलाको जीवनी २४

३.१.१ जन्म र जन्मस्थान २४

३.१.२ पुर्ख्यौली २४

३.१.३ बाल्यकाल २६

३.१.४ उपनयन संस्कार २६

३.१.५ भ्रमण २७

३.१.६ पद/सम्मान/विभूषण २७

३.१.७ शिक्षा दीक्षा २८
३.१.८ टीकाराम बाँस्तोलाको वैवाहिक र पारिवारिक जीवन २९
३.१.९ रुचि र स्वभाव ३०
३.१.१० टीकारामका साहित्यिक अवधारणा ३१
३.१.११ टीकारामको जीवन दर्शन ३२
३.१.१२ लेखनका लागि प्रेरणा र प्रभाव ३२
३.१.१३ लेखनको प्रभाव र प्रकाशनको थालनी ३३
३.१.१४ लेखन कार्य र प्रकाशित कृतिको विवरण ३४
३.२ टीकाराम बाँस्तोलाको व्यक्तित्व ३४
३.२.१ शारीरिक व्यक्तित्व ३४
३.२.१.१ शैक्षिक तथा प्रशासकीय व्यक्तित्व ३५
३.२.१.२ साहित्यकार व्यक्तित्व ३६
३.२.१.३ सामाजिक व्यक्तित्व ३६
३.२.१.४ राजनीतिक व्यक्तित्व ३७
३.२.१.५ समालोचक व्यक्तित्व ३८
३.२.२ जीवनी व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर सम्बन्ध ३९

**अध्याय चार : टीकाराम बाँस्तोलाका कविताहरूको अध्ययन र विश्लेषण ४१-९०**
४.१ टीकाराम बाँस्तोलाका कविताहरूको अध्ययन ४१
४.१.१ राम्रो बस्ती ४१
४.१.२ बसाह ४२
४.१.३ मृत्यु शय्यामा आमा ४३
४.१.४ विद्या महिमा ४५
४.१.५ मानव जीवन ४६
४.१.६ खोयो ४७
४.१.७ मातृवन्दना ४९
४.१.८ कवि र काव्य ५०

४.१.९  मानव	५१
४.१.१० दीप बालौँ	५२
४.१.११ म नेपाली	५३
४.१.१२ कीर्ति राख	५५
४.१.१३ कामधेनु पृथ्वी	५५
४.१.१४ आमा	५७
४.१.१५ नेपाल महिमा	५८
४.१.१६ जन्मभूमि	५९
४.१.१७ हिम-गिरि	६०
४.१.१८ धन	६१
४.१.१९ पसिना दिए	६२
४.१.२० बाघको सवाइ	६३
४.१.२१ तिमी	६३
४.१.२२ भूर्भवः स्वः	६४
४.१.२३ बुद्धिमान्	६५
४.१.२४ मोती सर्वत्र फल्छ	६६
४.१.२५ राष्ट्र नौलो बनाऔँ	६७
४.२.	कविताहरूको विश्लेषण	६८
४.२.१ विषयवस्तुगत प्रवृत्ति	६८
४.२.२ राष्ट्रियता र देशभक्ति	६८
४.२.३ प्रकृतिचित्रण	७०
४.२.४ स्वाभिमानी स्वर	७०
४.२.५ सामाजिक यथार्थ	७१
४.२.६  राजनीतिक सचेतना	७२
४.२.७ कवि र काव्यको प्रेम	७३
४.२.८  नारी शक्ति नै मातृशक्ति	७४
४.२.९ धार्मिक सङ्गति	७५
४.२.१० शान्तिको चाहना	७५

४.२.११ राष्ट्रिय विभूतिहरूप्रति सम्मान ७६
४.२.१२ आध्यात्मिक चेतना ७६
४.२.१३ क्रान्तिको उद्घोष ७७
४.२.१४ आर्थिक असमानताको चित्रण ७८
४.३ शैलीगत प्रवृत्ति ७८
४.३.१ सरलता एवम् सहजता ७८
४.३.२ अलङ्कारको प्रयोग ७९
४.३.३ बिम्ब प्रतीकको प्रयोग ८१
४.३.४ लयविधान ८३
४.३.५ सरल भाषाशैली ८९

**अध्याय पाँच : उपसंहार** **९१-९८**
५.१ सारांश ९१
५.२ समग्र मूल्याङ्कन/निष्कर्ष ९१
सन्दर्भग्रन्थसूची ९५

# अध्याय एक

# शोधपरिचय

## १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक "टीकाराम बाँस्तोलाको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन" रहेको छ ।

## १.२ शोधप्रस्तावको प्रयोजन

प्रस्तुत शोधप्रस्ताव त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङकायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५१०-१) को आवश्यकताको परिपूर्तिका लागि प्रयोग गरिएको छ ।

## १.३ शोध समस्या

प्रस्तुत शोधपत्रको शोध समस्या भन्नाले टीकाराम बाँस्तोलाको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययनसँग सम्बन्धित रहेको छ, त्यसैले यो शोधपत्रका समस्या यस प्रकार रहेका छन् :

क) टीकाराम बाँस्तोलाको जीवनी र व्यक्तित्व कस्तो छ ?

ख) बाँस्तोलाका के कस्ता साहित्यिक कृतिहरू प्रकाशित भएका छन् ?

ग. उनका कृतिमा पाइने मूलभूत विशेषताहरू के के हुन् ?

घ. नेपाली साहित्यमा बाँस्तोलाको साहित्यिक योगदान कस्तो छ ?

## १.४ शोधप्रस्तावको उद्देश्य

टीकाराम बाँस्तोलाको जीवनी व्यक्तित्व र कवित्वको अध्ययन गर्नु नै शोधको उद्देश्य रहको छ तसर्थ शोधको उद्देश्य निम्नानुसार राखिएका छन् :

क)	बाँस्तोलाको जीवनी र व्यक्तित्व बारे प्रकाश पार्नु ।

ख)	बाँस्तोलाका साहित्यिक कृतिहरूबारे जानकारी गराउनु ।

ग)	उनका रचनामा पाइने प्रमुख विशेषताको अवलोकन गराउनु ।

घ)	नेपाली साहित्यमा बाँस्तोलाको योगदानको मूल्याङ्कन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्य तथा अन्य विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व टीकाराम बाँस्तोला र उनका कृतिका बारेमा केही विद्वान्हरूले विभिन्न पत्रिकाहरूमा गरेको सामान्य चर्चा बाहेक अन्यत्र कतै उल्लेख भएको पाइँदैन । आजसम्मको खोजी अनुसार उनका बारेमा लेखिएका पत्रिकाका लेख, रचनामा केही स्रष्टाहरूले सामान्य चर्चा गरेको पाइन्छ । यहाँ तिनको विवरण प्रस्तुत गरिएको छ :

- भाषा, साहित्य र समालोचनाको क्षेत्रमा उनको महत्वपूर्ण योगदान रह्यो तसर्थ सबै व्यक्तित्व सिर्जना कार्यतर्फ लाग्नु पर्छ भन्ने उनको मान्यता थियो (उदासी, २०६९ : ५१-५६) ।
- भावमय रथमा सबैलाई राखी उच्च गगनमा सैयर गराई साहित्यको रसपान गराउनु भयो । साहित्यको बगानमा फुलेका सुगन्धित बासनालाई सुँघाउनुभयो । बुझाउनु भयो, उठाउनुभयो र जगाउनुभयो (रोशन, २०६९ :६२-६५) ।
- मैलेउहाँलाई सधैं राष्ट्रभक्त र देशप्रेमले ओतप्रोत भएको प्राज्ञिक व्यक्तिको रूपमा बुझेको छु (गुरुङ, २०६९ : १८७-१८८) ।
- आजको धौलागिरी अञ्चलका शिक्षा प्रेमीहरूकले एक असल प्रशासक राष्ट्रवादी चिन्तक र साहसिलो व्यक्तित्वको रूपमा उहाँलाई चिन्दछन् उहाँको सत्यकर्मको फलले आजको वाग्लुङ र समस्त धौलागिरी अञ्चल हो (तरुण, २०६९) ।
- उहाँले शैक्षिक संस्थाको निर्माणमा सक्रिय सहभागिता, मन, वचन र कर्मले जनाउनु भएको थियो (जोन, २०६९ : १५-१८) ।
- पर्याप्त मात्रामा क्याम्पसको शैक्षिक प्रशासनिक क्षेत्रको सुधार र व्यवस्थित राख्न उहाँ प्रयन्तशील रहनुभयो (छोटा, २०६९ : ४३-४५) ।

- अधिकारका निम्ति लडेर पनि सुविधा प्रयोग गर्ने उहाँको एउटा बलियो अडान स्मृति क्षणको रूपमा रहेको छ (खनाल, २०६९ : २७-३०) ।
- उहाँले समाजलाई साक्षर बनाउनुका लागि जीवनको अधिकांश समय व्यतित गर्नुभयो (बराल, २०६९ : ४६-४८) ।
- आफ्नो बचन र कार्यशैलीले गर्दा हामी उहाँसँग नम्रतापूर्वक झुक्दा सहकार्य गर्दा आनन्दित हुन्थ्यौँ (बराल, २०६९ : ५७-५९) ।
- हरेक बुद्धिमान मानिसको समय काव्य शास्त्रको अध्ययन गरेर बित्छ भने मूर्खहरूको समय निदाएर, दुर्व्यसनमा लागेर जीवनमा गनेरै नसकिने ढाँटेर वित्दछ भनेझैँ बाँस्तोलाको जीवन पठनपाठन र समाजका हित र चिन्तनमा नै बित्यो ( पौडेल, २०६९ : ११६-११७) ।
- उहाँको मुख्य उद्देश्य भन्नु नै शिक्षारूपी आँखाबाट देशलाई कर्मठ, इमान्दारी, स्वावलम्बी, परिश्रमी, नैतिकवान्, नागरिक नयार पार्नु मूल उद्देश्य रहेको थियो (पौड्याल, २०६९ : २१४-२१६) ।
- नेपाली साहित्यको उन्नति र विकासमा सह-प्राध्यापक टीकाराम बाँस्तोलाको महत्वपूर्ण योगदान रहेको छ (के.सी., २०६६ : ५६) । को शोधपत्रमा उल्लेख भएको छ ।
- नेपाली साहित्यको विकासमा पृथ्वी वाङ्मयको अध्ययन शीर्षकको शोधपत्रमा बाँस्तोलाको खण्डकाव्य समीक्षाका बारेमा शोधकर्ता (बराल, २०६८ : ३७-५३) ले उल्लेख गरेका छन् ।

  यी सबै टिप्पणीहरूले टीकाराम बाँस्तोलाका अध्ययनका बारेमा सामान्य जानकारी गराए पनि उहाँका समग्र कवितात्मक कवित्व र व्यक्तित्वको बारेमा जानकारी गराउने उद्देश्यल यो शोधपत्र तयार गर्न लागिएको हो ।

## १.६ शोधको औचित्य र महत्त्व

नेपाली साहित्यको कविता तथा समालोचना विधामा कलम चलाउने एक प्रतिभावान व्यक्ति हुन् टीकाराम बाँस्तोला । यस शोधमा बाँस्तोलाको जीवनी, व्यक्तित्व र

कवितात्मकको कृतित्व अध्ययन गरी तथ्य र तर्कसम्मत परीक्षण गरी निष्कर्ष निकाल्ने काम हुनु सार्थक काम ठहरीन्छ त्यसैले यो शोधपत्रको औचित्य र महत्त्व रहेको छ ।

## १.७ शोधपत्रको क्षेत्र र सीमा

यस शोधपत्रमा टीकाराम बाँस्तोलाको जीवनी, व्यक्तित्व र कवितात्मक कृतित्वको अध्ययन गर्ने यस शोधपत्रको सीमा रहेको छ । हिमशिखर, सिर्जना तथा अन्य पत्रपत्रिकामा छिरिएर रहेका कविताहरूको अध्ययन र विश्लेषण गर्ने प्रयास नै यस शोधपत्रको सीमा हो ।

## १.८ सामग्री सङ्कलन र शोध विधि

यस शोधपत्रको लेखन प्रक्रियाका लागि सामग्री सङ्कलनमा उहाँका पारिवारिक व्यक्तित्वसँग लिखित एवं मौखिक अन्तर्वार्ताका साथै पुस्तकालयीय विधि अपनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

शोधपत्रलाई निम्नि लिखित पाँच अध्यायहरूमा विभाजन गरिएको छ, पाँच अध्यायलाई आवश्यकताअनुसार विभिन्न उपशीर्षकमा समेत विभाजन गरी अध्ययन गरिनेछ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : कविताको सैद्धान्तिक परिचय र नेपाली कविताको विकासपरम्परा

अध्याय तीन : टीकाराम बाँस्तोलाको जीवनी र व्यक्तित्व

अध्याय चार : टीकाराम बाँस्तोलाको कविताहरूको अध्ययन र काव्यप्रवृत्तिको विश्लेषण

अध्याय पाँच : उपसंहार

सन्दर्भ सूची

# अध्याय दुईं

# कविताको सैद्धान्तिक परिचय र नेपाली कविताको विकासपरम्परा

## २.१ कविताको परिचय तथा सैद्धान्तिक स्वरूप

कविता साहित्यको सबैभन्दाम पुरानो विधा हो । यसको भाषा साहित्यमा महत्वपूर्ण भूमिका रहेको पाइन्छ । यस बारेमा पूर्व र पाश्चात्य साहित्यमा व्यापक अध्ययन भएको पाइन्छ । अन्य विधाको तुलनामा कवितालाई विकसित विधाको रूपमा लिन सकिन्छ । यस विधालाई काव्यको रूपमा चिनिन्छ । पूर्वीय साहित्य शास्त्रमा साहित्यको पर्यायका रूपमा काव्यशब्दको प्रयोग भएको पाइन्छ । पूर्वीय आचार्यले काव्य शव्दको परिभाषा गर्दा कवि शब्दलाई पनि एकै ठाउँमा राखी यी दुईमा भएको आन्तरिक सम्बन्धलाई प्रस्तुत गरेका छन् । वेदमा काव्यलाई देववाणी र व्रह्मालाई प्रथम कवि मानिएको छ । संस्कृत भाषाको अमरकोशमा शुक्राचार्यलाई काव्य गुरु र मार्गवलाई कविको उपाधिले विभूषित गरिएको छ । काव्य शब्दले कविले रचना गरेको अथवा सिर्जना गरेको भन्ने अर्थलाई बुझ्काउँछ । काव्य रचना गर्ने स्रष्टालाई कवि भनिन्छ । संस्कृतिको कव् (कव) धातुमा 'इ+ता' प्रत्यय लागेर बनेको कविता शब्द र सोही धातुमा य प्रत्यय लागेर बनेको काव्य शब्द अङ्ग्रेजीको पोएट्री वा पोयम (poem) शब्दको नेपाली रुपान्तरण हो ।

पाश्चात्य साहित्यमा प्रचलित pome शब्द फ्रेन्चमा pie'me ल्याटिनमा Poeta ग्रिकमा Poetes हुँदै अङ्ग्रेजीमा आइपुग्दा poem भएको हो । Poem को समानार्थी नेपाली शब्द कविता हो र यसको अर्थ कवि द्वारा सिर्जित पद्यात्मक रचना वा कवि कर्म भन्ने हुन्छ (लुइटेल, २०६० : २) ।

संस्कृत साहित्यको प्रथम ग्रन्थ ऋग्वेदमा काव्य गुण प्रशस्त भएको र वैद्धिक साहित्यमा बासदीप सुक्त र उष सुक्त चाँहि काव्यात्मक उत्कृष्टताका दृष्टिले निकै स्तरीय काव्य हुन् (डा. खनाल, २०६१ : ७) ।

वैदिक साहित्यबाट लौकिक पौराणिक हुँदै विकसित काव्य परम्पराले कविताको ऐतिहासिक र समृद्ध पद्यको प्रमाणिकतालाई स्वतः पुष्टि गर्दछ ।

काव्य वा कविताका सम्बन्धमा पूर्वीय एवं पाश्चात्य विभिन्न विद्वानहरूले समय समयमा आ-आफ्ना दृष्टिकोणलाई प्रस्तुत गर्दै कविता काव्यलाई विभिन्न कोणबाट अर्थ्याएको पाइन्छ । कविताका सम्बन्धमा नै आचार्यहरूको परिभाषामा मतैकय नभएपछि कविले रचिएको कृति वा कविकर्म भन्ने कुरा पूर्व र पश्चिमका पहिले देखि अहिलेसम्मका आचार्यहरूमा सहमति रहेको पाइन्छ ।

साहित्यको ललितकला अन्तर्गत पर्ने काव्यको लामो परम्परा छ । पूर्वमा अग्नि पुराण र पश्चिममा एरिस्टोटलको काव्य शास्त्रबाट काव्यसम्बन्धी सैद्धान्तिक परम्पराको जग बसाल्दै काव्यलाई परिभाषित गर्ने र त्यसको लक्षण निर्धारण गर्ने काम हुँदै आएको छ ।

## २.२ कविताको परिभाषा

कविताको परिभाषा गर्ने क्रममा पूर्व र पश्चिमका विद्वानहरूले फरक फरक दृष्टिकोणबाट कविताको परिभाषा गरेकाले कविताको कुनै एक परिभाषा छैन । उनीहरूले आ-आफ्नै तरिकाले कविताको परिभाषा गरेका छन् । यस शोधपत्रमा केही परिभाषालाई यस प्रकार देखाइएको छ ।

### २.२.१ संस्कृत साहित्यमा कविताको परिभाषा

विश्वको प्राचीन भाषा मानिएको संस्कृत साहित्यमा पूर्वीय आचार्यहरूले प्राचीन कालदेखि काव्य सम्बन्धी विभिन्न धारणाहरू अगाडि सारेका छन् । त्यस मध्ये केही परिभाषाहरू यस प्रकार रहेका छन् :

१) अग्नि पुराण - पुराणहरूमा कान्छो मानिने अग्नि पुराणमा व्यासले सूत्रात्मक भावाभिव्यका गरिने अलङ्कार सहितको वाक्यलाई कविता पहिलो पटक परिभाषा गरेको पाइन्छ । “सङ्क्षेपमा अभिव्यक्त गरिने अलङ्कार र गुणले युक्त एवं दोषमुक्त पदावली नै काव्य हो” (लुइटेल, २०५७ : ३) ।

२)	भरतमुनि - संस्कृत साहित्यका प्रथम आचार्य भरतले आफ्नो नाट्य शास्त्रमा कविताको परिभाषा यस प्रकार छ - "गूढ शब्दार्थहीन कोमल र ललित पद विन्यास युक्त सुबोध सङ्गीतात्मक र रसात्मक रचना नै काव्य हो ।" लुइँटेल, २०५७ :

३)	भामह : संस्कृत साहित्यका विद्वान आचार्यले कविताको परिभाषा गर्दा शब्द र अर्थलाई उत्तिकै महत्व दिइएको पाइन्छ । "शब्दार्थौ सहितौ काव्यम्" शब्द र अर्थले युक्त पदावली काव्य हो (पुर्नउपयोग) (रिसाल, २०४५ : ५) ।

४)	विश्वनाथले : आचार्य विश्वनाथले रसलाई जोडदिँदै काव्यको परिभाषाा गरोको पाइन्छ । "रसात्मक वाक्य नै काव्य हो ।" (लुँइटेल, २०६० : ६) ।

५)	जगन्नाथ : आचार्य जगन्नाथले प्रसिद्ध ग्रन्थ रस गङ्गाघरमा कविको परिभाषा गर्दै रमणीय अर्थलाई जोड दिएका छन् । रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो ।" (लुँइटेल, २०६० : ६) ।

यसरी पूर्वमा आचार्यहरूले कविताको परिभाषा गर्ने क्रममा कसैले शब्दलाई र कसैले अर्थलाई जोड दिएपनि आचार्य जगन्नाथको रमणीय अर्थले युक्तकाव्य नै उत्कृष्ट हो भन्ने वाक्यलाई सान्दर्भिक मान्न सकिन्छ ।

### २.२.३ पश्चिममा कविताको परिभाषा

पूर्वमा जस्तै पश्चिमाहरूले पनि विभिन्न समयमा कविताको परिभाषा गर्दा फरक फरक ढङ्ग र दृष्टिकोणबाट कवितालाई अर्थ्याएको पाइन्छ । तिनीहरूले पहिले देखि नै समग्र साहित्यका सन्दर्भबाट नभई कवितामै केन्द्रित भएर कवितालाई परिभाषा गरी विभिन्न ढङ्गले अर्थ्याउने प्रयास गरेका छन् । ती मध्ये केही परिभाषालाई मात्र यस शोध ग्रन्थमा समेटिएको छ । जुन यस प्रकार छन् -

फिलिप सिट्नी (१५५४-१५८६) ले कवितालाई यसरी अर्थ्याएका छन् -

अनुकरणको कला नै कविता हो (लुइटेल, २०६० : ९) ।

विलियम वर्डस्वर्थ (१७७०-१८५०) ले कवितालाई यसरी परिभाषा गरेका छन् -

"शान्त क्षणमा सञ्चित अनुभाबाट उत्पन्न प्रवल मनोभावको स्वतः स्फूर्त प्रवाह कविता हो ।"

विलियम हेनरी हड्सन (१८४१-१९२२) को कविता सम्बन्धी परिभाषा यस प्रकाराा छ -

कविता जीवनको आलोचना जस्तो हो (लुइटेल, २०६० : ११)

यसरी पश्चिमेली साहित्य जगतका विभिन्न कवि समालोचक एवं साहित्य स्रष्टाहरूको विचार र दृष्टिकोणहरूको अध्ययन विश्लेषण गर्दा अधिकांश विद्वानका दृष्टिकोणहरूलाई कविताका सामान्य परिभाषााका रूपमा नभएर विशिष्ट परिभाषाको रूपमा लिन सकिन्छ । तापनि ती प्रत्येक परिभाषा स्वयममा पूर्ण छैनन् । यसर्थ आजका पोएट्री वा पोइमले बुझाउन विशिष्ट अर्थतात्विक सन्दर्भको एकान्वित अभिव्यक्तिको प्रारम्भ, विस्तार र विकास परिश्चमी मुलुकबाटै भएको स्पष्ट हुन्छ ।

## २.४ नेपाली साहित्यमा कविताको परिभाषा

नेपाली साहित्यमा स्थापित साहित्यकारहरूले पनि कविताको परिभाषाा आ-आफ्नै तरिकाबाट गरेका छन् । ती मध्ये केहीले गरेका परिभाषालाई मात्र यस शोधमा समावेश गरिएको छ । जुन यस प्रकार रहेका छन् -

क) लक्ष्मीप्रसाद देवकोटा

"भावनाको हार्दिकता, कोमलता नै कविता हो" (जोशी, २०४७ : २५) ।

ख) बालकृष्ण सम

कविता "भावनाको बौद्धिक कोमलता कविता हो ।" (लुइँटेल, २०६० : १५) ।

घ) नेपाली बृहत् शब्दकोश

"मानव हृदयमा प्रेरणात्मक झन्झनाहट पैदा गर्ने सङ्गीतीसक्त हृदयद्रावक, सरस भावात्मक वा रागात्मक शब्दमय अभिव्यक्ति कविता हो" (पराजुली, २०५८ : ११) ।

ङ) केदारमान व्यथित

तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठीकसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो । (लुइटेल, २०६० : १६) ।

यसरी निष्कर्षमा भन्नुपर्दा कविका जीवनजगत्का भोगाइ र अनुभूतिलाई भाषाका माध्यमबाट आकर्षक ढङ्गले प्रस्तुत गरिने कलात्मक, लयात्मक वा साङ्गीतिक चेत प्रवाहित भएको साहित्यिक भेद नै कविता हो भनेर पूर्वीय, पाश्चात्य र नेपाली कविहरूको परिभाषाले सङ्केत गरेको छ ।

## २.२ कविताका तत्त्वहरू

कविता निर्माण गर्ने विभिन्न अवयवहरूलाई नै कविताका तत्त्व मानिन्छ । पूर्वीय साहित्यशास्त्रको इतिहासमा साहित्यिक तत्त्वलाई प्रमुख ठानेर अन्य तत्त्वलाई त्यसैको सहकारी तुल्याई साहित्यिक निरूपण गरिएको पाइन्छ (त्रिपाठी, २०५४ : १६) । कविता तत्त्व आन्तरिक र बाह्य गरी संयोजन गरिएको निर्मित तत्त्व हो । आन्तरिक तत्त्व भन्नाले विषयवस्तु, भाव, रस हुन् भने भाषाशैली, लय, बिम्ब प्रतीक बाह्य तत्त्व हुन् । समग्रमा यी तत्त्वहरूलाई यस प्रकारले व्यक्त गर्न सकिन्छ : शीर्षक, संरचना, विषयवस्तु, लयविधान, केन्द्रीय भाव, भाषाशैली, कथनपद्धति, विम्बविधान वा सौन्दर्य प्रविधि, व्यञ्जना इत्यादि ।

### २.२.१ शीर्षक

शीर्षक साहित्यिक विधाको आङ्गिक तत्त्व हो । सम्पूर्ण विधाका कृतिको नामाकरण अनिवार्य हुन्छ । शीर्षक विशेषीकृत भएमा यसले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ (त्रिपाठी, २०५४ : १७) । शीर्षकभित्र समग्र विषयवस्तु अटाएको हुन्छ । शीर्षक नै कविताको केन्द्रीय सारभूत वस्तु हो । शीर्षक चयन कसैले सिङ्गो कविता सारबाट लिन्छन् भने कसैले शीर्षक परिकल्पना गरी विस्तारमा कविता सिर्जना हुन पुग्दछ ।

### २.२.२ संरचना

कविताको संरचना भनेको बनोट हो। यो आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ। कविताको आन्तरिक संरचना मुख्यतः केन्द्रीय कथ्य भाव विचारको उठान, विकास वा अन्तिम रागात्मक परिणितिसँग सम्बन्धित हुन्छ। कविताको बाह्य संरचना त्यसका लयात्मक खण्ड, गण र विश्राम भई पाउ वा अन्तिम रागात्मक परिणितिसँग सम्बन्धित हुन्छ। चरण वा पङ्क्ति विधान तथा पङ्क्तिपुञ्जसँगै थालिन्छ (त्रिपाठी, २०५४ : १८)। संरचना कविताको कूल योग हो। कविता कृतिको आन्तरिक संरचनाचाहिँ त्यस कृतिमा अँगालिएको कथन पद्धतिका माध्यमबाट चालिन्छ।

### २.२.३ विषयवस्तु

कविता सिर्जनाका लागि विषयवस्तु अनिवार्य तत्त्व हो। कविले छनोट गरेको वस्तु नै विषयवस्तु हो भने विषयवस्तु छनोट गर्नुको कुनै सीमा हुन सक्दैन। विषयवस्तु छनोट गर्दा लौकिक तथा पारलौकिक दुवै हुनसक्दछ। कविलाई विषयवस्तु छनोट गर्ने स्वतन्त्रता हुन्छ। विश्व ब्रह्माण्डमा रहेका यावत् कुराहरू विषयवस्तु बन्न सक्दछ।

### २.२.४ लयविधान

कवितालाई अन्य विधाबाट फरक छुट्याउने मुख्य तत्त्वलाई लय मानिन्छ। कविता विधालाई चिनाउने प्रमुख तत्त्व लयले विधागत परिचायक स्वरूप प्रदान गर्दछ (त्रिपाठी, २०५४ : १८)। यसले मनोरञ्जन प्रदान गरी लययुक्त भावको सिर्जना गर्दछ। विशिष्ट लय वा भाव नै कविताको मुख्य तत्त्व हो। लय विधानले कुनै पनि स्वर व्यञ्जन वर्णको उच्चारण गर्दा आरोह अवरोहगत लययुक्त ध्वनि वा स्वरलाई सङ्गीतमय बनाउनुका साथसाथै आनन्द प्रदान गर्दछ। नेपाली कवितामा प्रयुक्त लयलाई वद्ध र मुक्त गरी दुई भागमा विभाजित गरेको पाइन्छ। बद्धलय निश्चित वर्णमात्रा, मात्रा वा वर्णको नियमित वितरणमा आधारित हुन्छ। वर्णमात्रिक मात्रिक, वार्णिक लोकलय गरी तीन भागमा बाँडिएको छ। मुक्त लय अनुच्छेदका प्रत्येक वाक्य वा पङ्क्तिमा वर्णमात्रा, मात्रा वा वर्णका उन्मुक्त वितरणमा आधारित हुन्छ। यसलाई गद्य कवितात्मक लय पनि भनिन्छ।

उच्चार्य र श्राव्य अक्षर सङ्ख्याका दृष्टिले गद्य कविताका विभिन्न पंक्तिहरूलाई निकै छोटा, छोटा र लामा गरी तीन भागमा वर्गीकरण गरेको पाइन्छ ।

## २.२.५ भाषाशैली

विचार विनिमयको सशक्त माध्यम भाषा नै हो । भाषालाई भाषिक कलाअनुसार सबैभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधानसमेत सिर्जित हुने कुरा हो (शर्मा, २०६० : २०) । कविताको भाषाले मानव व्याकरणका नियमलाई पालना गरेर पद, पदवर्ग, वाक्यगत अनेक व्यक्तिक्रम र अतिक्रमण गरेर शैलीगत लयात्मकता प्राप्त कवितामा प्रयोग गरिने सङ्कथनगत पद्धतिलाई शैली भनिन्छ । भाषा र शैली कविताका निकट र अनिवार्य अङ्गका रुपमा स्वीकार्न सकिन्छ ।

## २.२.६ केन्द्रीय कथ्य वा भाव

कविले आफ्नो जीवनभोगाइका क्रममा उत्प्रेरित गर्ने विषयमा उसले कविता सिर्जना गर्दछ । जीवनजगत्को समग्र विषयवस्तु र मानवचेतनाको यावत् अनुभवपुञ्ज कवितामा नअटाउने चाहिँ होइन र पूरै प्रकृति (जीवन र जगत्), मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञान आदिका साथै मानवमनको समस्त अनुभव व्यापार (अनुभूतिपुञ्ज वा भावराशि) को कथन कवितामा हुन सक्दछ (त्रिपाठी र अन्य, २०६० : २०) ।

## २.२.७ कथनपद्धति

कविले आफ्नो जीवनमा भोगेका, देखेका र सुनेका कुराहरूलाई आत्मालापी भावानाले (एकान्तमा गुनगुनाउँदै) तयार पारेको भाषिक लयात्मक कथन कला हो । त्यस मनोलाप वा गुनगुनको अभिव्यक्ति गर्ने, कलाकौशलको रूपमा उच्चार्यगेय (श्रव्य) रहने परिप्रेक्ष्यमा कथनपद्धति कविताको प्रमुख तत्त्व हो (त्रिपाठी र अन्य, २०५४ : १९) । कवि आफै सीधैँ कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति हो ।

### २.२.८ बिम्बविधान

विम्बको शाब्दिक अर्थ प्रतिमा छाया, प्रतिबिम्ब, प्रतिकृति प्रतिरूप प्रतिच्छवि प्रतिच्छाया आदि हुन्छ । यसले कवितालाई रसिलो बनाउने काम गर्दछ । सामान्यतया बिम्बले कुनै चिजको भौतिक प्रतिनिधित्व गर्ने दृष्छि गोचार वा कुनै दृश्यवस्तुको मानसिक चित्रलाई जनाउँछ । बिम्ब जब मूर्तरूपमा प्रकटीकरण हुन्छ तव प्रतीकले जन्म लिन्छ । विम्व आद्यविजभूमि हो भने प्रतीक बाहिरी आवरण हो । बिम्ब र अलङ्कार चयन गर्दा जति सहजता र हार्दिकता बढ्यो त्यतिनै कविता महत्वपूर्ण हुन्छ । यसै कारण कविताका लागि सामान्य प्रयोगका शब्द त्यति उपयोगी हुदैनन् र कविले कल्पना वा भावनाद्वारा विम्वको निर्माण गर्नु वा शब्दलाई विम्व गर्भित तुल्याउनु पर्दछ । कवितामा बिम्बको निर्माण सिर्जनात्मक कल्पनाबाट गरिन्छ र त्यसमा भावको प्रेरणा अनिवार्य रहन्छ ।

### २.२.९ व्यञ्जना

शब्दले प्रकट गर्ने शक्ति मध्ये तेस्रो शब्दाशक्ति व्यञ्जना हो । शब्द र अर्थ दुवैका कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथितभन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब स्पष्टसँग झल्कन्छ त्यो स्थिति व्यञ्जना हो (त्रिपाठी र अन्य, २०५४ : २१) । शब्दका तीन शक्तिमध्ये यो अन्तिम शब्दशक्ति हो । कविताभित्र बुझाउने अर्थ हुने भएकाले पाठकले धेरै अर्थ धेरै तरिकाबाट अनुभव गर्न सक्छ । भावकले घुमाउरो र लाक्षणिक भावमा बढी आनन्दको अनुभूति गर्न पाउँछ ।

यसरी निष्कर्षमा भन्नुपर्दा कविताका तत्त्वहरू कति महत्त्वपूर्णका छन् भन्ने कुरा कविता साहित्यकै सर्वाधिक महत्त्वपूर्ण विधा भएकाले र लामो समयदेखि यसको विकास तथा परिमार्जन हुँदै आएको कुराले व्यक्त गर्न सकिन्छ । कवितालाई सबल, समृद्ध र आकर्षक विधाका लागि माथिका तत्त्वहरू महत्त्वपूर्ण देखिन्छ । भाषाका माध्यमबाट हुने अभिव्यक्ति प्रणाली नै कविता हो । भाषाका रूपहरूले युक्त एउटा सिङ्गो वा पूर्ण रूपाकृति नै कविता हो । कवितालाई साकार, मूर्त, प्रभावकारी र जीवन्त बनाउन यी माथिका उपकरणहरू सर्वाधिक महत्त्वपूर्ण ठानिन्छ ।

## २.३ कविताको विधागत रूप वा आयाम

लामो इतिहास बोकेको नेपाली कविता विधाका आफ्नै खालका रूप र आयाम छन् । जसरी कुनै वस्तुको आयतन पत्ता लगाउन त्यस वस्तुको लम्बाइ, चौडाइ र उचाइ पत्ता लगाउनुपर्छ, त्यसै गरी कविताको आयाम पत्ता लगाउन पनि कविताका तत्त्वहरूको सहयोग लिनुपर्दछ । कविताको पङ्क्ति, अनुच्छेद, सर्ग वा अध्यायमा संरचित छ, आख्यानात्मकता आदि कविताका लम्बाइ हो भने प्रतिपादित वर्ण, पङ्क्ति आदि श्रवणकथनकालको अवधि पनि कवितामा वर्णन गरिएको जीवन जगत्को सेरोफेरो यसको चौडाइ हो । यसै गरेर कवितामा प्रयुक्त भाव, बिम्बविधान, कलात्मक र स्रष्टाको प्रभावको समष्टि कविताको गहिराइ वा उचाइ हो । समग्रमा भन्नुपर्दा कुनै कविता कृतिको आयाम भन्नु नै कथन श्रवण स्तरमा त्यस कृतिको कथन श्रवणकालको लम्बाइ नै हो र त्यो मुख्य गरेर कालगत मापनमा गरिन्छ । आयामबाट नै कवितामा अन्तर्निहित गेयगत चरण पङ्क्तिको संरचनाबाट लम्बाइ, कथ्य एवम् भाव विम्बको स्वरूप प्रभाव चौडाइ, लम्बाइसहित सघनतामा कविताको आयाम निर्माण हुन्छ (त्रिपाठी र अन्य, २०५४ : २२) । यही लम्बाइ र चौडाइका आधारमा कविताको विधागत रूपमा वर्गीकरण निम्नानुसार गरिएको छ :

### २.३.१ कविताको लघुतम रूप

कविताको सबैभन्दा सानो एकाइ लघुतम रूपलाई मानिन्छ । यसको आयाम २, ३ वा ४, ५ पङ्क्ति, पाउ वा चरणसम्ममा फैलिएको हुन्छ । अत्यन्तै छोटो समयमा पाठकको हृदयलाई पगाल्नसक्नु यसको मुख्य विशेषता हो । यो चमत्कारयुक्त हुन्छ । नेपाली साहित्यमा गजल, मुक्तक र संस्कृत साहित्यमा सूक्ति, त्रिपदी र चतुष्पदी रचनाहरू यसका उदाहरणहरू हुन् ।

### २.३.२ कविताको लघु रूप

कविताको मझौला रूपभन्दा सानो लघुतम रूपभन्दा ठूलो कविताको रूप नै लघुरूप हो । पद्यमा दुई पद्य र गद्यात्मक रूपमा तीन अनुच्छेदभन्दा बढीको फुटकर

रचनालाई यसमा समेटिएको हुन्छ । कतै झीनो आख्यान रहन्छ भने कतै आख्यान रहँदैन, नेपाली भाषाका फुटकर कविता, अङ्ग्रेजी भाषाका 'सनेट' र ओड यसै रूपका उदाहरण हुन् । यसमा जीवनजगत्का विशिष्ट घटनाहरूलाई सीमित संरचनाभित्र जीवनका अनुभूतिहरूलाई मिठासपूर्ण, संवेदनशील र लयात्मकताका साथ प्रस्तुत गर्नु यसको विशिष्ट, पहिचान हो । बालकृष्ण समको 'इच्छा', लक्ष्मीप्रसादको 'गरीब' पद्यात्मक कविताका उदाहरण हुन् भने देवकोटाको 'पागल' भूपि शेरचनको 'मैनबत्तीको शिखा' जस्ता रचनाहरू लघुरूपका उदाहरणहरू हुन् ।

## २.३.३ मध्यम रूप वा खण्डकाव्य

कविताको लघुरूप भन्दा विस्तृत र बृहत् रूप महाकाव्यभन्दा सानो रूप नै मध्यम रूप हो । जीवनजगत्को चार पुरुषार्थवर्ग र जीवन समग्रता वा अनेक रसका सट्टा कुनै एक पुरुषार्थ वर्ग र जीवन जगत्को असमग्रता अथवा 'खण्ड' या 'एकदेश' र रसविशेषलाई मात्र अँगालेर सशक्त अभिव्यक्ति दिने माध्यम नै कविताको मध्यम रूप हो । यो त कुनै क्षण वा अवस्थाको अनुभूतिको प्रवाहमा प्रवाहित भएर त्यही खण्डविशेषको मात्र पूर्णतातर्फ लाग्ने पृथक अस्तित्व बोक्ने रचना हो । देवकोटाको 'मुनामदन' सिद्धिचरणको 'उर्वशी' आदि यसका उदाहरण हुन् ।

## २.३.४ बृहत् रूप

कविताको मध्यम रूपभन्दा विस्तृत र बृहत्तम रूपभन्दा सानो रचनालाई बृहत् रूप भनिन्छ । यस कविताले सिङ्गो जीवनलाई वा युगलाई समाजमा बोकेर हिँड्छ तब अनुभूतिको प्रकृतीकरणमा कवित्वको महाकाव्य बहन थाल्छ र कविताको बृहत् रूप महाकाव्य प्रकट हुन्छ । पूर्वमा सामान्य महाकाव्य र पश्चिममा ललित महाकाव्यअन्तर्गत पर्दछन् । संस्कृत साहित्यमा कालिदासको 'रघुवंश' कमारसम्भव श्रीहर्षको 'नैषधचरित' अनि पाश्चात्य साहित्यमा भर्जिलको 'इनिड' अनि नेपाली साहित्यको 'सुलोचना' 'आदर्शराघव' जस्ता कृतिहरू यस रूपका दृष्टान्त हुन् (त्रिपाठी र अन्य, २०५४ : ६४) ।

### २.३.५ बृहत्तम रूप

सिङ्गो युगको सभ्यता र संस्कृतिको अनि पुस्तौँपुस्ता जीवनको समग्र पक्षलाई समेटिएको सबैभन्दा ठूलो रूप कविताको बृहत्तम रूप हो । असाधारण ज्ञान, सामार्थ्य, गम्भीरतम, जीवनको व्याख्या नै यस काव्यका विशेषताहरू हुन् । यसलाई विश्व संस्कृतिको धरोहरका रूपमा चिन्ने गरिन्छ । संस्कृत वाङ्मयमा वैदिक युगको अन्त्य गर्दै लौकिक युगको आमन्त्रण गर्ने वाल्मीकिको 'रामायण' अनि व्यासको महाभारत पश्चिमी साहित्यका होमरका 'इलियड' र औडिसी' विकासशील महाकाव्य (एपिक अफ ग्रोथ) यस रूपका उदाहरणहरू हुन् ।

## २.४ नेपाली कविताको विकासक्रम

### २.४.१ नेपाली कविताको पृष्ठभूमि

नेपाली कविता लेखनको सुरुआत पृथ्वीनारायण शाहको नेपाल एकीकरण सँगसँगै भएको पाए तापनि पूर्वको नेपाली लोक परम्परामा पनि नेपाली कविताको प्रारूप खोज्न सकिन्छ । नेपाली कविताले लेख्यरूप प्राप्त गर्नुभन्दा अघिपनि लोकगीत, लोकगाथा आदि गाउने विशिष्ट परम्परा विद्यमान थियो । नेपाली भाषाले लेख्यरूप प्राप्त गरेपछि कविताले पनि लेख्य रूप प्राप्त गर्न थाल्यो । लोक जीवनमा प्रचलित लोकगीत, लोकगाथा गाउने र मनोरञ्जन गर्ने प्रचलनले नेपाली कविता विकासमा ठूलो सहयोग पुऱ्याएको छ । पृथ्वीनारायण शाहको दिग्विजयपछि नयाँ नेपालको निर्माणसँगै सुवास नन्द दास उदयनन्द अर्याल आदिबाट नेपाली कविताको लेख्यरुपको प्रारम्भ भएको हो । देशको विकास र परिवर्तन सँगसँगै वीरधारा, भक्तिधारा र माध्यमिक काललाई पार गरी नेपाली कविताले आधुनिकताको श्रेणीमा आउन सफल भएको पाइन्छ । नेपाली साहित्यमा कविताले लगभग साढेदुई शताब्दी अघिदेखि बामे सार्दै आएको देखिन्छ भने यसको विकास प्रक्रियामा साहित्यकारहरू फरक फरक समयलाई आधार मानेर काल विभाजन गरे पनि यसलाई मुख्य रूपमा प्राथमिक, माध्यमिक र आधुनिक काल मान्नेमा सहमत भएका छन् । त्यही समायोजन विन्दुलाई आधारमानी कवितालाई निम्नानुसार तीन चरणमा राखेर अध्ययन गर्न उपयुक्त मानिन्छ ।

१.	प्राथमिक काल (वि.सं. १८२६-१९४०)

२.	माध्यमिक काल (वि.सं. १९४१-१९७४)

३.	आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)

### २.४.१.१ प्राथमिक काल (वि.सं. १८२५-१९४०)

वि.सं. १८२५-१९४० सम्मको समयावधिलाई नेपाली कविताको प्राथमिक कालको रूपमा मानिँदै आएको पाइन्छ। पृथ्वीनारायण शाहले विशाल नेपालको एकीकरण गर्ने अभियान चालिरहेको बेलामा कवि सुवानन्द दासको 'पृथ्वीनारायण शाह' कविता वीरवन्दनाबाट सुरुवात भएको हो (त्रिपाठी र अन्य, २०५४ : १९)। यस प्राथमिक कालका कविताहरूलाई दुई धारमा विभाजन गर्न सकिन्छ।

#### क)	वीर धारा काल (१८२६-१९७२)

वि.सं. १८२६ देखि १८७२ मा सुगौली सन्धि हुनुपूर्वका कविताहरू वीर धारामा लेखिएका हुन्थे। यस धाराका प्रवर्तक सुवानन्ददासको 'पृथ्वीनारायण शाह' शीर्षकबाट थालनी भएको हो। विशाल नेपालको निर्माणमा जुटेका वीर योद्धाहरूको भावनालाई समेटेर उनीहरूको मनोबल वृद्धि गराउन यस कालका कविताहरू महत्त्वपूर्ण मानिन्छन्। राष्ट्रप्रतिको अटल आस्था राजभक्तिको भावना जगाउँदै विषयवस्तुको वर्णनका साथ साथै आध्यात्मिक नैतिक तथा सामाजिक चेतना यस धारामा पाइन्छन्।

वीरकालका चर्चित कविहरूमा सुवानन्ददास यदुनाथ पोखरेल, सुन्दरानन्द बाँडा, शक्तिवल्लभ अर्ज्याल, उदयान्द अर्ज्याल आदि हुन्। चर्चित कृतिहरूमा सुवानन्ददासको 'पृथ्वीनारायण शाह', शक्तिवल्लभको 'तनहूँ भकुण्डो' जस्ता कविताले वीर भावना व्यक्त गरेका थिए भने उदयनन्द अर्ज्याल 'कुलवर्णन', कविता 'सोमेश्वर वर्णन' र सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्यगाथा', 'अध्यात्म रामायण' कविताहरू नैतिक तथा सामाजिक विषय समेटिएका कविता हुन्।

निष्कर्षमा भन्नुपर्दा वीरभावनाले कविता लेखिनु, खण्डकाव्य स्तरहुँदै, महाकाव्यस्तरमा कविता लेखिनु, हृदयपक्षलाई भन्दा बुद्धिपक्षलाई महत्त्व दिनु यस धाराको उपलब्धि मान्न सकिन्छ।

## ख) भक्तिकाल (१८७२-१९४१)

नेपाल-अङ्ग्रेजको युद्धपश्चात् वि.सं. १८७२ सालको सुगौली सन्धि भए पछि नेपालको राज्य विस्तारका अभियान एक किसिमले टुङ्गियो । यस सुगौली सन्धिले मनमा चोट पुगेका कविहरूले ईश्वरीय भावनालाई समेटेर धार्मिक आस्था, नीति चेतना, साँस्कृतिक भावनालाई समेट्दै भगवान् राम र कृष्णलाई भक्तिधाराका कवितामा विषयवस्तु बनाएको पाइन्छ । रामभक्ति धारा र कृष्ण भक्तिधारा सगुण धारामा पर्दछन् भने निर्गुण धारामा जोसमनी परम्पराका रचनालाई लिइन्छ ।

### अ) सगुण भक्तिधारा

यस धाराका कविहरूले ईश्वरीय भावनाको कविताहरू लेखेको पाइन्छ । यस धाराका पनि उपधाराहरूको अध्ययन निम्न प्रकारले गरिन्छ ।

### कृष्ण भक्तिधारा

यस धारामा भगवान् श्रीकृष्णलाई केन्द्र बनाएर भक्ति भावना भएका कविताको रचना गर्ने गरेको पाइन्छ । यस धाराका केन्द्रीय कवि वसन्त शर्मा लुइटेल हुन् भने पहिला कवि इन्दिरस हुन् । पहिलो खण्डकाव्यकार वसन्त शर्माले नेपाली लोक लयमा रचिएका 'श्रीकृष्ण चरित्र' र समुद्रलहरी जस्ता कृत्रिमा झर्रोपनको प्रयोग भेटिन्छ । वसन्त शर्मा, पतञ्जली गजुऱ्याल यस धाराका प्रमुख कविहरू हुन् । वार्णिक तथा वर्णमात्रिक छन्दको प्रयोग, मौखिक र अनुवादात्मक लेखनको अभ्यास कालका रूपमा यस धारालाई लिन सकिन्छ ।

### राम भक्तिधारा

यस धाराका कविहरूले भगवान् श्रीरामलाई आस्थाका केन्द्र बनाएर कविताको रचना गरेको पाइन्छ । यसका पहिला कवि रघुनाथ भट्ट हुन् भने केन्द्रीय प्रतिभा भानुभक्त आचार्य हुन् । संस्कृत रामायणलाई आधार मानेर रामायणको रचना गरेका थिए । भाषिक सरलता, शुद्धता, शैलीगत परिष्कारजस्ता गुणहरू नै यस धाराका विशेषताहरू हुन् ।

भानुभक्तको रामायणभन्दा पहिला रघुनाथ पोखरेलले रामायण, अयोध्याकाण्ड, बालकाण्ड र सुन्दरकाण्डको अनुवाद गरेको उल्लेख भए तापनि हाल सुन्दरकाण्डमात्र उपलब्ध छ ।

सरल सहज शैलमिा काव्यको रचना गर्नु, वेदान्त दर्शनको प्रयोग, वर्णमात्रिक एवम् नेपाली वार्णिक छन्दको प्रयोग गर्नु यस धाराको प्रमुख पहिचान हो भने नेपाली भाषामा पहिलो महाकाव्यको रचना हुनुलाई यस धाराको महान उपलब्धि मानिन्छ ।

### (आ) निर्गुण भक्तिधारा

ईश्वरको निर्गुण स्वरुपको बखान गरी लेखिएका कविताहरू निर्गुण भक्ति धाराका कविताहरू हुन् । जोसमनी सन्तहरूका कविताले नै निगुर्ण भक्तिधाराको निर्वाह गरेको छ । प्राथमिककालीन अन्तिम यस धाराका कविहरूले निराकार ब्रह्मको उपासनापरक कविताहरूको रचना गरेको पाइन्छ । धर्म र पूजा (कर्मकाण्ड) का नाममा भित्रिएका जातिपाति छुवाछुत जस्ता सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै गुरुमहिमा, ज्ञानमहिमा भक्तिमहिमा, योग समाधिजस्ता महत्त्वलाई बढाउने प्रयास यस धाराका कविहरूले गरेको पाइन्छ । यस धाराका केन्द्रीय प्रतिभा ज्ञानदिलदासले सरल, स्वच्छ र परिमार्जित भाषाको प्रयोग गर्दै उदयलहरी, झ्याउरे भजन र ढुङ्गना भजनजस्ता कृतिहरूको रचना गरेका छन् र अन्य धाराका अन्य कविहरूमा शशिधर, अगम दिलदास र अखण्ड दिलदास आदि रहेको पाइन्छ ।

अतः यस समयमा प्राथमिककालीन कविताले विविध प्रवृत्ति र धाराहरूमा बलियो आधार स्तम्भ तयार गरेको छ । यस धारामा फुटकर कवितादेखि महाकाव्यस्तरका रचनाहरू पाइन्छन् । यस कालका कविताहरूले नेपाली वीर-वीराङ्गनाहरूको वर्णन गर्दै वार्णिक वर्णमात्रिक जस्ता छन्दको प्रयोग गरेको पाइन्छ ।

## २.४.१.२ माध्यमिक काल (वि.सं. १९४१-१९७४)

नेपाली साहित्यको कविता विधाले लगभग साढे तीन दशक लामो कालखण्ड पार गरेको पाइन्छ । यस धाराका प्रारम्भकर्ताका रूपमा मोतीराम भट्ट (१९२३-१९५३) हुन् । यस समयदेखि नेपाली साहित्यले लेखोट युगबाट छापाखानको युगमाा विकसित भएको

मानिन्छ। वि.सं. १९४८ मा रामायणको सम्पूर्ण भाग प्रकाशित भएपछि पुस्तक प्रकाशनको थालनी भएको हो। यस अवधिका रचनाहरूलाई थप उर्जा दिन वि.सं. १९५८ को 'गोरखापत्र', वि.सं. १९६३ को 'सुन्दरी' पत्रिका, वि.सं. १९६५ को 'माधवी' पत्रिकाको ठूलो योगदान रहेको पाइन्छ। यस धाराका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन्।

यो विभिन्न धारालाई आत्मसात् गरेको यस माध्यमिक काललाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ।

### क) पूर्वार्द्ध (१९४१-१९६१)

मोतीराम भट्टले मोतीमण्डलीको तयार गरी नेपाल र वनारस दुवै ठाउँमा काव्य-लेखनको वातावरण तयार गरी कविता लेखनको निर्देशन गर्नुका साथै गजल लेखनको परम्परालाई भित्र्याएको पाइन्छ। मोतिराम भट्ट शृङ्गारिक धाराका जन्मदाता हुन्। शृङ्गारिक धारालाई अगाडि बढाउन 'पिकदूत' (वि.सं. १९४५), 'उषाचरित्' (वि.सं. १९५५), 'मनोदवेगप्रवाह' (वि.सं. १९५७), जस्ता कृति लेखेर महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए। यस चरणका अन्य कविहरूमा राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, शिखरनाथ सुवेदीमध्ये गोपीनाथ लोहनी, पहलमान सिंह स्वाँर आदि रहेका पाइन्छ।

### ख) उत्तरार्द्ध (१९६२-१९७४)

नेपाली कविता विधाका उत्तरार्द्ध तिरका केन्द्रीय प्रतिभाशाली र ओजस्वी कविका रूपमा शम्भुप्रसाद ढुङ्गेललाई लिइन्छ। आशुकवि ढुङ्गेलका प्रमुख कृतिहरू पञ्चक-प्रपञ्च, १९६१ चन्द्रप्रताप-वर्णन', १९७० 'चन्द्रवदनी' शब्द सुधानिधि १९७६ कृष्ण चरित्र १९७८ आदि सिर्जना गरिएको सामूहिक कविता सङ्ग्रह भेटिन्छन्। यस कालमा युवा स्रष्टाहरूका रचनाहरूको सँगालो 'कविता कल्पद्रुम' (वि.सं. १९६३) कविता सङ्ग्रह कृतिहरू रचना गरेको पाइन्छ। यस पछि सुक्ति सिन्धु १९७४ कविता सङ्ग्रह प्रकासित भएका पाइन्छन्। 'सुन्दरी' पत्रिकाले फुटकर शृङ्गारिक कविताहरू प्रकाशित गरी शृङ्गारिक धारालाई लगातार रूपमा अगाडि बढाएको पाइन्छ।

यसरी निष्कर्षमा भन्नुपर्दा कविताको माध्यमिक कालको पूर्वार्द्धका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् भने उत्तरार्द्धका केन्द्रीय प्रतिभा शम्भुप्रसाद ढुङ्गेल हुन् । मूलतः शृङ्गारिकता र ईश्वर भक्ति, नीतिशिक्षा, औपदेशिकता, समाजसुधार, शासक स्तुति, शोक गौण देश भक्ति आदि यस धाराका मुख्य प्रवृत्ति हुन् । यस अवधिमा वार्णिक र मात्रिक छन्दमा प्रयोग गर्दै उर्दू, अरबी, फारसी नेवारी, अंग्रेजी आदिका आगन्तुक शब्द मिश्रित नेपाली भाषामा भित्रिनु यसका महान् उपलब्धि र प्राप्तिहरू हुन् । १९७४ सालमा प्रकाशित शुक्ति सिन्धु माध्यमिक कालको अन्तिम र उल्लेख्य कृति हो ।

### २.४.१.३ नेपाली कविताको आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)

नेपाली कविताका क्षेत्रमा आधुनिकताको प्रवेश वि.स. १९७५ मा प्रकाशित ऋतुविचारबाट भएको हो (त्रिपाठी र अन्य, २०५४ : २६) । माध्यमिक कालको शृङ्गारिक धारालाई तोड्दै लेखनाथ पौड्यालले परिष्कारवादी धारामा कविता सिर्जना गर्न थालेपछि आधुनिक कालले प्रवेश पाएको हो । यस कालमा प्रकाशित कविताहरूको अध्ययन गर्दा कविताको भाषाशैली र शिल्प एवं संरचनाका कसरहरू हटाई परिष्कृत तथा परिमार्जित गर्नु, कविताका भावविधानमा सयम र परिपाकका साथै परिष्कार र परिमार्जन गर्नु, नैतिक एवं सामाजिक सुधार ल्याउनु मानवीय चरित्रको विकास गर्नुका साथै आध्यात्मिक चेतनामा अभिवृद्धि गराउनु, हलन्त बहिष्कार गर्नु, व्याकरणगत अनुशासन कायम गराउनु यसका उपलब्धि हुन् ।

यसरी नेपाली कविताको आधुनिक काललाई धारागत आधारमा निम्नानुसार अध्ययन गर्न सकिन्छ । नेपाली कविताका यस चरणमा विभिन्न धारा तथा मोडहरूमा विभाजन गरेर अध्ययन गर्न सक्निछ :

#### क) परिष्कारवादी धारा वा नेपाली आधुनिक कविताको पहिलो मोड (वि.सं. १९७५ देखि १९९० सम्म)

परिष्कारवादी धाराका प्रवर्तक (वि.सं. १९७५-१९९०) कवि शिरोमणि लेखनाथ पौड्याल (१९४१-२०२२) हुन् । हलन्त बहिष्कारको जोड वि.सं. १९६५ मा प्रकाशित 'माधवी' पत्रिकाले दिएपछि यस धाराको सुरुवात भएको हो । लेखनाथका 'ऋतु विचार' (१९७३), 'बुद्धि विनोद' (१९७३), 'सत्यकलि संवाद' (१९७६) जस्ता कृतिहरूले कवितामा नयाँ शिल्प शैली, छन्द तथा भावविधान परिष्कारका साथ कवितामा स्तरीयता लयाउने

काम गरेको पाइन्छ । यस अवधिका कवितामा हिन्दु दर्शन, सामाजिक जागरण, पूर्वीय साहित्यको प्रभाव सौन्दर्य पक्षको खोजी उनका मूलभूत विशेषता हुन् ।

यस धाराका अर्को प्रतिभा बालकृष्ण सम (१९५९-२०३८) ले विज्ञान र अध्यात्मको समन्वयमा जोड दिँदै गद्य कविता लेखनमा जोड दिएका थिए । उनको 'आगो र पानी' खण्डकाव्य लगायत फुटकर कविताहरूले यस धाराको विकास गरेको पाइन्छ । यसै गरी जातीय जागरण अनि समाज सुधारको चेतना फैलाउने यसै धाराका चर्चित कवि धरणीधर कोइराला (१९४३-२०३६) पनि हुन् ।

## ख) स्वच्छन्दतावादी धारा वा नेपाली कविताको दोस्रो मोड (वि.सं. १९९१ देखि २०१६ सम्म)

औद्योगिक पराकाष्ठा र सामन्ती प्रवृत्तिको विरोध गर्दै मौलिक नेपाली सभ्यतामा रमाउनु स्वच्छन्दतावादको पहिचान हो । इ. १९ औं शताब्दीमा पाश्चात्य साहित्यमा देखा परेका अङ्ग्रेजी कविताको रोमान्टिक धारा रवीन्द्रनाथ ठाकुरको बङ्गला स्वच्छन्दतावाद संस्कृत र हिन्दी साहित्यका छायावाद र स्वच्छन्दतावादी चेतनाबाट प्रभावित भएका नेपाली कविहरूबाट स्वच्छन्दतावादी धाराको सुरुवात भएको हो । प्रकृतिप्रेम, मानवतावाद, आध्यात्मिक चेतना स्वप्निल कल्पना, वर्तमानप्रति असन्तुष्टि, अतीतप्रतिको मोह, क्रान्तिचेत, विकृत र विसङ्गतिप्रति व्यङ्ग्यविरोध यस धाराका प्रमुख विशेषताहरू हुन् ।

भारतीय स्वतन्त्रता सङ्ग्राम, वि.सं. १९९७ को शहीदकाण्ड, शासकीय नेपाली जनतामाथिको थिचोमिचोबाट उन्मुक्तिको चाहना, प्रजातन्त्रप्राप्तिका लागि युवावर्गको क्रान्तिचेतले यस धाराको सुरुवात गरेको हो । वि.सं. २००७ सालको प्रजातन्त्रपछि पनि धेरै कुराहरूमा सुधार नदेखेपछि लक्ष्मीप्रसाद देवकोटाले नै यस धाराको प्रयोग नेपाली कवितामा गरेको पाइन्छ । उनको 'साँढे', 'हुरीको गति', 'झञ्झावर्णन', 'पागल' जस्ता क्रान्तिधर्मी कविताहरू र 'मायाविनी सर्सी' जस्तो खण्डकाव्य अनि 'प्रमिथस' जस्तो महाकाव्य यसै धारामा रचना गरेको पाइन्छ । यस धारालाई साथ दिने सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, युद्धप्रसाद मिश्र, हृदयचन्द्रसिहं प्रधान, देवीप्रसाद किसान आदि हुन् । प्रवासमा रहेर यस धारालाई अगाडि बढाउने प्रतिभाहरू अमरसिंह गिरी वीरेन्द्र सुब्बा, हरिभक्त कटुवाल, कृष्णप्रसाद ज्ञवाली आदि हुन् ।

यसरी निष्कर्षमा भन्नुपर्दा बेलायती स्वच्छन्दतावादी धारा बंगाली साहित्य हुँदै वि.सं. १९९१ मा नेपाली साहित्यमा भित्रिएको यो धारा नेपाली काव्यको सर्वाधिक चर्चित धाराको रूपमा लिन सकिन्छ ।

## घ) प्रयोगवादी धारा नेपाली कविताको तेस्रो मोड (वि.सं. २०१७ देखि २०२९)

वि.सं. २०१७ मा मोहन कोइरालाको 'घाइते युग' कविताबाट प्रारम्भ भएको हो । आधुनिक नेपाली कविताको परम्परामा उत्तरार्द्ध चरणतिरको पहिलो धाराको रूपमा यस धारालाई चिनिन्छ । वि.सं. २०१७ देखि वि.सं. २०२९ सम्म यसको समयावधि रह्यो । परम्पराभन्दा भिन्न रूपमा नयाँ प्रयोग र चिन्तनका साथ सुरुवात भएकाले यसलाई प्रयोगवाद भन्ने गरिएको पाइन्छ । ईश्वरवल्लभ, वैरागी काइला, इन्द्र बहादुर राइ जस्ता त्रिमूर्तिहरूको संयुक्त प्रयासमा थालिएको आयामेली आन्दोलनको (२०२०) समष्टि प्रभावमा यस धाराको विकास भएको थियो । प्रयोगवादी धाराको चरमोत्कर्षको अवधिमा कैयौ स्रष्टाहरूले यस वादमा देखिएका जटिलता दुर्बोध्यता र असम्प्रेषणीताप्रति सामर्थ्य जनाउँदै समसामयिक युगबोधको उच्चतम मार्गसहित विभिन्न किसिमका साहित्यिक अभियान चलाएर यस धाराको शुभारम्भ गरेका हुन् । वि.सं. २०२६ 'योङ राइटर्स फ्रन्ट' अर्थात् 'बुट पालिस' (२०३१), 'तरलतावाद' (२०४०) एवम् 'जनआन्दोलन' (२०४६) जस्ता प्रयोगधर्मी आन्दोलनका माध्यमले नयाँ शैली संरचना आगालेको पाइन्छ ।

सङ्क्षिप्त रूपमा भन्नुपर्दा उक्त दशकभन्दा बढी समय प्राप्त गरेको यस धारामा बीसौं शताब्दीको युगजीवनको, जटिल परिस्थितिको अभिव्यक्ति अवचेतन लेखनको प्रवाहमार्फत् विभिन्न किसिमका विम्ब प्रतीकहरूको प्रयोगको चर्चा छ । अतियथार्थवाद, विसङ्गतिवाद र अस्तित्ववाद अनि यौनमनोविज्ञान, दार्शनिक तथा वैज्ञानिक चिन्तनको प्रभाव चित्रात्मक रूपमा आएर दुर्बोध्य विचलनयुक्त भएको छ ।  भाषाशैलीको प्रस्तुतिले हेर्दा जीवनलाई समग्रताबाट हेर्ने, नवीन चिन्तनहरू पाइन्छन् ।

## ङ) समसामयिक धारा नेपाली कविताको चौथो मोड (वि.सं. २०३० देखि हालसम्म)

वि.सं. २०३० देखि हालसम्मको सबैभन्दा लामो, उत्तरोत्तर पढ्दै गरेको, उत्तरार्द्धतिरको समयसीमा नै नभएको नयाँ धाराको रूपमा समसामयिक धारालाई लिइन्छ । तापनि २०३६ सालदेखि यताको युगलाई समसामयिक धारा मानिन्छ ।

सङ्क्षेपमा भन्नुपर्दा वि.सं. २०३६ को दशकदेखि आजसम्मको अस्तित्वमा रहेको यो धारा नेपाली कविताकै सर्वाधिक चर्चामा रहेको धारा हो । प्रयोगवादी धाराको मुक्तिचेतना समसामयिक धाराको प्रवर्तन पक्ष हो । तसर्थ अन्य कविहरूका लघुतर रूपदेखि बृहत्तम रूपसम्मका कविताहरूले नयाँ विचार, प्रवृत्ति र चिन्तनलाई आत्मसात् गरेर समसामयिक युगजीवनको चित्र कोर्दै नयाँ धाराको पूर्व तयारी गरिरहेको अनुभव हुन्छ किनभने

राजनीतिक सन्त्रास गिर्दै गइरहेको मानवत्व भौतिक जगतमा देखिएको तीव्रतर उन्नति जस्ता परिवेशहरूले गर्दा कविताका क्षेत्रमा अर्को नवीन धाराको उदय हुने सम्भावना देखिन्छ ।

## २.५ निष्कर्ष

कविता, कला र विचारको तालमेल भएको गेयातामक रचना हो। पूर्व र पश्चिममा कविताका बारेमा आ-आफ्नै परिभाषा प्रस्तुत गरिएका छन्। समग्रमा भन्दा भाव विचार र घटनाको लयात्मक भाषिक अभिव्यक्ति कविता हो। कवितालाई विभिन्न मान्यता र दृष्टिकोणका आधारमा वर्गीकरण गर्न सकिन्छ। लघुत्तम, लघु, मध्यम, वृहत, वृहत्तममा विभाजन गर्न सकिन्छ। कविताका आवश्यक सामग्रीलाई कविताको संरचक घटक भनिन्छ। कविताका लागि चाहिने आवश्यक तत्वमा शीर्षक, संरचना, विषयवस्तु, लय, शैली, कथन पद्धति, विम्ब-प्रतिक, अलङ्कार, भाव विधा र व्याञ्जना आदिलाई लिन सकिन्छ। यसै गरी नेपाली कविताको विकासक्रमलाई हेर्दा मुख्यतः प्राथमिककाल, माध्यमिक काल र आधुनिक काल गरी वर्गीकरण गर्न सकिन्छ। प्राथमिक कालभित्र पनि वीर धारा र भक्ति धारामा वर्गीकरण गर्न सकिन्छ। भक्तिधारा अन्तर्गत पनि कृष्ण भक्तिधारा निर्गुण भक्तिधारामा वर्गीकरण गरिएको छ। यसै गरी माध्यमिक काललाई पन पूवार्द्ध र उत्तरार्द्ध गरी विभाजन गर्न सकिन्छ भने आधुनिककाल भित्रपनि चार धाराहरू प्रमुख रहेका छन्। टीकाराम बाँस्तोलालाई समसामयिक धाराहरूका राष्ट्रवादी व्यक्तित्वको रूपमा मान्न सकिन्छ।

## अध्याय तीन
# टीकाराम बाँस्तोलाको जीवनी र व्यक्तित्व


## ३.१ टीकाराम बाँस्तोलाको जीवनी

### ३.१.१ जन्म र जन्मस्थान

टीकाराम बाँस्तोलाको जन्म चिनाअनुसार वि.सं. १९९७ मार्ग ०८ र नागरिकताअनुसार वि.सं. २००३ श्रावण २१ गते गण्डकी अञ्चलको कास्की जिल्ला स्थित पो.ले.म.न.पा. वडा नं २५, हेमजा, बाँस्तोलाथर निवासी पिता विश्वनाथ बाँस्तोला र माता भागिरिथी बाँस्तोलाको गर्भबाट एक मात्र सुपुत्रका रूप्मा उनको जन्म भएको थियो ।

### ३.१.२ पुर्ख्यौली

टीकाराम बाँस्तोलाका पूर्वजहरू को हुन् ? कहाँबाट आएका हुन् ? भन्ने पुर्खाहरूको खोजी नीति वंशावलीमा पनि खुल्दैन । टीकाराम गर्ग गोत्रीय हुन् । उनकै सक्रियतामा लेखिएको बाँस्तोला वंशावलीमा उनका १२ पुस्ताको विवरण उल्लेख गरिएको छ । हाल पोखराको हमेजामा स्थायी बसोबास भए पनि उनकी धर्मपत्नी र छोराहरूले पोखराको बगरमा बसोबास गरेका छन् । वंशावली लेखनका संयोजक मेघनाथ बाँस्तोलाले टीकाराम बाँस्तोला व्यक्ति र व्यक्तित्व पुस्तकमा दिइएको वंशावली आरेख निम्नानुसार छ :


लालु पाध्या
सदास्वर
कुश्माखर
हरिशरण
शिवप्रसाद
प्रद्युम्न
रामप्रसाद
श्यामप्रसाद
मुक्तिराम
जोखुप्रसाद
केवल
भाष्कर
धर्मदत्त
केशव
छविलाल
नारायण
अग्नीधर
पं. विश्वनाथ + भैलक्ष्मी
टीकाराम + मनरुपा
दिनेश+दिपेश्वरा
रमेश+सुनिता
१. आशिष
२. अस्मिता
१. अभिनव
२. दीप्ती

### ३.१.३ बाल्यकाल

हेम्जा गा.वि.स. वडा नं. ८, बाँस्तोलाथरमा जन्मिनुभएका बाँस्तोलाको बाल्यकाल आफ्नै गाउँ तथा मामाघर ढिकुरपोखरी गा.वि.स. वडा नं. ७ पाउँदुरमा बितेको पाइन्छ । उनका मातापिता मध्यम वर्गीय परिवारका व्यक्ति थिए । वि.सं. २००५ साल आफू सात वर्षको हुँदा बाबुको माया ममताबाट सदाका लागि टाढिनु परेको थियो । यसरी ग्रामीण परिवशेमा आमाको माया ममताबाट हाँसी खेली रमाउँदैमा बाल्यकाल बितेको देखिन्छ ।

टीकाराम बाँस्तोलाकी जेठी आमा तिरकी दिदी गंगा बाँस्तोला, माधव शरण बाँस्तोला, लक्ष्मीशरण उपाध्याय र अन्य गाउँघरकै साथीभाइहरूको साथ गाइ, भैँसी वा बाख्रा चराउन र मौसम अनुसारका वनका फलफूल खानका लागि हेमजा नजिकैको जङ्गलमा पुग्थे । उनले मन पराउने फलफूलमा काफल, ऐसेलु र तिँजु नै थियो । वनपाखाको खोंचबाट निस्केको चिसो पानी पिएर रुखको शीतल छायाँमा बस्नु घाम ताप्नु उनको दिनचर्या नै थियो ।

उनी सानैदेखि चञ्चल, जिज्ञासु र हसिलो प्रकृतिका थिए । त्यसैले परिवार छरछिमेकमा समेत सबैका लागि प्यारा थिए । उनले डण्डीबियो, कपर्दी, बाघचाल र पौडली खेल्न औधी मन पराउँथे ।

उनलाई गाउँबेसी, उकाली ओराली गर्न पाउँदा खुसी लाग्थ्यो । जाडोको समयमा गोलो घरमा आगो तापी बूढापाकाले भनेको गाउँखाने कथा, उखान, टुक्काहरू खुब रस मानी मानी सुन्ने गर्थे । टीकाराम बाँस्तोलाको बाल्यकाल सुख र दुःख दुवैको संयोजमा बितेको पाइन्छ ।

### ३.१.४ उपनयन संस्कार

टीकाराम बाँस्तोलाको उपनयन संस्कार वैदिक विधि र परम्पराअनुसार वि.सं. २००९ मा १३ वर्षको उमेरमा भएको थियो । उनलाई गुरु ओमनाथ अधिकारीले दीक्षामन्त्र प्रदान गरेका थिए । उनको विवाह उपनयन संस्कार भएको सातौं दिनमा भएको थियो ।

### ३.१.५ भ्रमण

भ्रमण जीवनको महत्त्वपूर्ण पाटो भए पनि टीकाराम बाँस्तोलाले औपचारिक भ्रमणलाई त्यति महत्त्व दिएनन्। अध्ययन अध्यापन तथा कामको शिलशिलामा बाहेक औपचारिक रूपमा भ्रमण नगरी मानव सेवा र सहयोगलाई सर्वोपरी ठानी शिक्षा तथा समाज सेवामा निरन्तर लागि परे । उनले शिक्षा आर्जनको क्रममा भारतको वाराणसी र वृन्दावन भ्रमण गरेका थिए । नेपालका प्रमुख शहर बाहेक अन्यत्र उनीको भ्रमणमा रुची नभएको उनको धर्मपत्नी मनरूपा बाँस्तोला बताउँछिन् ।

### ३.१.६ पद/सम्मान/विभूषण

टीकाराम बाँस्तोला एक असल तेजस्वी, अनुभवी, दक्ष र अनुशासित गुरु हुन् । उनले मिति २०२६ देखि वि.सं. २०६६ सम्म अनवरत रूपमा अअध्यापन गरेबापत उनले विभिन्न पदक, पुरसकार, सम्मान पत्र प्राप्त गरेका छन् जुन यस प्रकार रहेका छन् :

| क्र.सं. | पदक | प्राप्त साल | प्रदान गर्ने संस्था |
|---|---|---|---|
| १. | सेवा पदक | २०३५ | प्रमुख सचिवालय, राजदरबार |
| २. | राष्ट्रिय शिक्षा पुरस्कार | २०३५ | राष्ट्रिय शिक्षा समिति नेपाल सरकार |
| ३. | महेन्द्ररत्न भूषण | २०४१ | प्रमुख सचिवालय |
| ४. | दीर्घ सेवा पदक | २०५३ | त्रिभुवन विश्वविद्यालय |

त्यस्तै गरी वि.सं. २०५२ मा पृथ्वीनारायण क्याम्पसको विकास र विस्तारमा गरेको योगदान स्वरूप सम्मान पत्र प्राप्त गरेका थिए । वि.सं. २०५३ मा नेपाल प्राध्यापक सङ्घ, पृथ्वीनारायण निरन्तर र अध्ययन कार्यमा रही विशिष्ट योगदान वि.सं. २०५९ मा गौरी शंकर बहुमुखी आर्थिक सहयोग गरेबापत, वि.सं. २०६६ मा पृथ्वीनारायण क्याम्पस, नेपाली विभागबाट पश्चिमाञ्चल क्षेत्रको शैक्षिक जागरणमा रहेको कदर स्वरूप वि.सं. २०६६ मा पृथ्वीनारायण क्याम्पस पोखराबाट शैक्षिक र प्रशासनिक क्षेत्रमा गरेको सेवाको उच्च मूल्याङ्कन फलस्वरूप, वि.सं. २०६६ मा त्रि.वि. प्राध्यापक सङ्घ, पृथ्वीनारायण क्याम्पस,

एकाइ समितिबाट गहनतम जिम्मेवारी लिई समुचित तथा उदाहरणीय रूपमा कार्यभार निर्वाह गरे बापत वि.सं. २०६७ मा बाँस्तोला कुल सेवा समिति, वि.सं. २०६८ मा हेमजा साहित्य प्रतिष्ठानबाट नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेखनीय काम गरेबापत २०६८ मा गौरीशंकर बहुमुखी क्याम्पस हेमजाबाट शैक्षिक, भौतिक तथा आर्थिक प्रगतिमा उल्लेखनीय योगदान दिइएका भनी लेखिएका सम्मान पत्रहरूबाट सम्मानित भएका थिए । यीबाहेक विभिन्न सरकारी, गैरसरकारी सङ्घ संस्था तथा सामाजिक क्षेत्रमा अग्रसर भए बापत अभिनन्दन पत्र, प्रशंसापत्र, धन्यवाद पत्र बाट पनि सम्मानित हुन पुगेका छन् ।

## ३.१.७ शिक्षा दीक्षा

आफ्नै आमाको माया ममता पाएर बाँस्तोलाको बाल्यजीवन बिस्तारै हुर्कदै गएको थियो । उनको शिक्षा दीक्षाका निम्ति वैदिक विधिमुताविक ७ वर्षको उमेर हुँदा वसन्त पञ्चमीको शुभ साइत जुराएर सोही दिन आफ्नै घरमा रहेको गृह पाठशालामा हेमजा निवासी बदुलाल बाँस्तोलाले अङ्क र अक्षर चिनाएको पाइन्छ ।

घरमा बाबु नभएको कारण छोराले पढाइ छाडी कुलत तिर लागेको आशंकाबाट जोगाउन आमा भागीरथीले आफ्नो माइतीघर ढिकुरपोखरी गा.वि.स. ७ पाउँदुरको भाषा पाठशालामा लगि पढ्ने व्यवस्था मिलाएकी थिइन् । पं. करुणानिधिको सामिप्य वेद र कर्मकाण्ड समेत अध्ययन गर्ने मौका बाँस्तोला प्राप्त गरेका थिए। उनकी आमाले छोरालाई अझै राम्रो शिक्षा दिन बाटुलेचौर निवासी टीकारामका सानोबाबु पं. ओमनाथका घरमा पठाइन् । त्यहीबाट स्कुले शिक्षाको प्रारम्भ गरेका थिए । तीन, चार कक्षाको अध्ययन विन्ध्यवासिनी आधार स्कुलमा भएको थियो। टीकारामले २०१४ सालमा बाटुलेचौरमा अध्ययन गर्नुभएको थियो ।

कर्मशील हातहरूलाई खुम्च्याएर राख्नु हुँदैन भनी सासू र बुहारीको सल्लाहमा वि.सं. २०१५ मा हेमजा निवासी ईश्वरशरण त्रिपाठीको साथमा वृन्दावन धाम पठाएइको थियो तर उनी वृन्दावनधाम नबसी गोपालकृष्ण संस्कृत महाविद्यालय, सिद्धापुर महेषाणा विन्दुसरोवर रोड उत्तर गुजरात पुगी त्यहीबाट प्रथमा परीक्षा पास गरे । २०१७ सालमा निम्वार्क संस्कृत महाविद्यालय वृन्दावन मथुरामा अध्ययन पछि प्रवेशिका परीक्षा (पूर्व मध्यमा) र उत्तरमध्यमा र शास्त्री उपाधि हासिल गरेका थिए । अध्ययनकै क्रममा वि.सं.

२०२४-२०२५ सालसम्म त्रिभुवन विश्वविद्यलाय केन्द्रीय क्याम्पस कीर्तिपुरमा नेपाली विषयमा स्नातकोत्तर अध्ययन गरी वि.सं. २०२६ मा स्नातकोत्तर उपाधि ग्रहण गरेका थिए । अध्ययनको क्रममा उनले सधैँ मध्यम स्तरको श्रेणी ग्रहण गरेका थिए । अध्ययनको क्रममा उनीले सधैँ मध्यम स्तरको श्रेणी ग्रहण गरे तापनि असफलता र उत्कृष्टताको पदवी कहिल्यै ग्रहण गरेका थिएनन् (रमेश बाँस्तोलाबाट प्राप्त जानकारी) ।

## ३.१.८ टीकाराम बाँस्तोलाको वैवाहिक र पारिवारिक जीवन

बाल्यअवस्थामा नै पिताको निधनजन्य पीडाबाट प्रताडित हुनपुगेका टीकाराम बाँस्तोलाको लालनपालन आफ्नो आमाको अनन्य माया-ममता पाएर भएको हो । उनी आमाकै काखबाट हुर्किए बढे र विवाहयोग्य पनि भए । उनको विवाह वि.सं. २००९ मा गते पोखरा मासबार निवासी भानुभक्त बराल र गोमा बरालकी जेष्ठ सुपुत्री मनरूपा बरालसँग धार्मिक परम्परा अनुसार मागी विवाह भएको थियो । १२।१३ वर्षको कलिलो उमेरमा वैवाहिक सूत्रमा बाँधिनु भएका टीकाराम बाँस्तोला र मनरूपा बाँस्तोला श्रीमान् श्रीमती बचिको सम्बन्ध थाहा नभएर होला दुवै जना ढुङ्गाका गोटा, लुकीडुम खेल्ने गरेको उनकी धर्मपत्नी मनरूपा बाँस्तोलाले बताएकी छन् ।

कलिलो उमेरमा ३ सन्तानको बाबु बन्न पुगेका बाँस्तोलाका दुई छोरा र एक छोरी रहेका छन् । जेठा छोरा डा. दिनेश (वैकुण्ठ) बाँस्तोला हुन् । कान्छा छोरा इ. रमेश बास्तोला हुन् । छोरी कमला बाँस्तोला (खनाल) हुन् । जेठा छोरा डा. दिनेश बाँस्तोला काठमाडौँ महाराजगन्ज चिकित्सा क्याम्पसमा सहप्राध्यापक पदमा कार्यरत छन् भने कान्छो छोरा इ. रमेश बास्तोला पोखराको लामाचौर स्थित इन्जिनियरिङ क्याम्पसमा सहप्राध्यापक पदमा कार्यरत रहेका छन् । छोरी कमला बाँस्तोला (खनाल) पृथ्वीनारायण क्याम्पस पोखराको पुस्तकालयमा अधिकृत तहमा कार्यरत रहेकी छन् । आफ्ना सन्तानलाई राष्ट्रको अब्बल तह शिक्षा, स्वास्थ्य तथा इन्जिनियर बनाउन सफल भएका छन् ।

बाँस्तोलाको घर छोराछोरी, बुहारी, नाति, नातिनीहरूले चञ्चलाश्री बनेको छ । जसको विवरण यस प्रकार छ :

श्रीमती : मनरूपा बाँस्तोला

| | | |
|---|---|---|
| जेठा छोरा | कान्छा छोरा | छोरी/ज्वाइ |
| दिनेश बाँस्तोला | रमेश बाँस्तोला | कमला बाँस्तोला |
| बुहारी दीपेश्वरी नेपाल | सुनिता ढुङ्गाना | मधुसुदन खनाल |
| नाति आशिष | अभिनव बाँस्तोला | कृष्ण खनाल |
| नातिनी अस्मिता | दिप्ती बाँस्तोला | दिपा खनाल |

यसरी उनका छ जना नाति नातिनीहरू रहेका छन् । उनीहरू पोखराको बगर स्थित घरमा संयुक्त परिवारमा बस्दै आएका थिए । छोरा, बुहारी, नाति, नातिनीले भरिभराउ भएको एउटा सुन्दर फूलबारी जस्तै बाँस्तोलाको परिवार रहरलाग्दो देखिन्छ ।

## ३.१.९ रुचि र स्वभाव

यस जगत्मा हरेक मानिसका आ-आफ्नै प्रकारका रुचि, स्वभाव र चाहना हुन्छन् । इच्छा र प्रवृत्तिहरू भिन्न भिन्न पाइन्छन् । त्यसै गरी टीकाराम बाँस्तोलाको पनि सानै उमेरदेखि मिलनशार, अनुशासित, मृदुभाषी र भलाद्मी प्रवृत्तिहरू प्रशस्त पाइन्थे । उनको घर नजिकै बस्ने हेमजा ८ का राजेन्द्रप्रसाद बाँस्तोलाका अनुसार टीकाराम बाँस्तोला सानैदेखि हकी, निडर, स्वावलम्बी, आफ्नो कुरालाई तर्क पुष्टि गर्ने, चतुर स्वभावका र सबै पढ्न प्रेरणा दिने गर्दथे । यिनले आफ्ना बाबु, आमा, मान्यजन, छिमेकी, सबैलाई आदरभाव दर्शाउँथे भने आफूभन्दा सानालाई माया, प्रेरणा र हौसला दिने गर्दथे । मृदुभाषी र परिश्रमी जस्ता गुणले युक्त भएका बाँस्तोलाले सबै क्षेत्रमा सफलता हासिल गरेका थिए । खानपिनमा पनि मिठो मसिनो खाने धूम्रपान र मद्यपानलाई वर्जित गरेका थिए । माछा मासु कम खाने, हरियो तरकारी, दूध, दही र महीको अत्यन्त पारखी थिए । यिनी सादा जीवन र उच्च विचार राख्ने विचारशील व्यक्ति थिए । यिनी प्रायः जसो राष्ट्रिय पोशाक दौरा, सुरुवाल, कोट, ढाका टोपी छालाका जुत्तँमा सजिएर हिँड्ने यिनको बानी थियो । समूहमा बसेर समाज, राष्ट्र र राजनीतिका बारमो छलफल गर्न मन पराउँथे । साहित्य र समाज सेवामा उनको झुकाव थियो । यिनी कर्ममा भन्दा परिश्रममा विश्वास

राख्थे। समाजमा सबैलाई सहयोग गर्न पाउँदा आफूलाई गौरवशाली ठान्थे। यिनी आफू कम बोल्ने र अरूका कुराहरू बढी सुन्ने गर्दथे।

समाज सेवामा सदा समर्पित रहने स्वभाव भएका नेपाली साहित्यका सबै विधामा रुचि राख्ने। साहित्यको श्रीबृद्धिमा कविता, गीत, काव्य रचना गरेका छन्। शैक्षिक संस्थाको विकास र विस्तारमा उमेर र अवस्थाले निवृत्त भए पनि विचार र कार्यले जबसम्म उनका इन्द्रियहरू सक्रिय हुन्छन् तबसम्म यस कार्यमा उनी सक्रिय रहे। सामाजिक कार्यमा आफ्ना नातिका उमेरदेखि बाबुका उमेरसम्मकालाई सम्मान गरी सबैलाई सौहार्दपूर्ण व्यवहार गर्दथे। फुर्सदको समय चेस, बाघचाल र तास खेल्न तथा धार्मिक पुस्तक महाभारत तथा रामायणहरूको अध्ययन गर्दथे। राजनीति साहित्य र दर्शनका पुस्तकहरू पढ्ने पत्रपत्रिका हेर्ने उनको बानी भइसकेको थियो। जसले गर्दा नेतृत्वदायी, स्वावलम्बी जस्ता मानवीय गुण यिनमा विकास भएको पाइन्छ। यसरी समग्रमा हेर्दा साहित्य, राजनीति, दर्शन र समाज उनको बढी रुचि रहेको पाइन्छ। विभिन्न साहित्यकारका लेख रचना तथा नयाँ नयाँ कृतिको अध्ययन गर्ने, पत्रपत्रिका पढ्ने र राजनीतिक समीक्षा गर्ने उनको अभिरुची रहेको पाइन्छ।

## ३.१.१० टीकारामका साहित्यिक अवधारणा

आफ्नो राष्ट्रको प्रगति र उन्नति चाहने जुनसुकै व्यक्तिले पनि आफ्नो जीवन जगत, समाज, परिवेश आदिलाई आधार एवम् मान्यता बनाएर व्यक्तित्व विकास गरेका हुन्छन्। सामान्य व्यक्तिभन्दा साहित्यिक, कलाकार महान् व्यक्तिहरूलाई भिन्न ढङ्गले प्रस्तुत गरेको हुन्छ। उसको चिन्तन, मनन र अनुभूति प्रत्यक्ष एवम् परोक्ष रूपमा प्रभाव पार्ने तत्त्व उसले भोगेको आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक वातावरणले प्रभाव पारेको हुन्छ। व्यक्तिको जीवन दृष्टिको कारक ठहरिन्छ त्यसैले जीवन दर्शन बुझ्न उसले अर्काका निमित्त गर्ने व्यवहार भनाइ वा  गराइले कति सन्निकटता ल्याउँछ भनेर विश्लेषण गर्नु महत्त्वपूर्ण कुरा हुन आउँछ।

टीकाराम बाँस्तोला लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, युद्धप्रसाद मिश्रका साहित्यिक कृतिहरूको अध्यनबाट प्रभावित भएको पाइन्छ। मानवतावादी दृष्टिकोण श्रम र

सीपको सम्मान गर्ने, राष्ट्रप्रेमी, जातिप्रेमी सांस्कृतिक भावनाले मात्र राष्ट्रको क्रान्तिकारी परिर्वतन हुन सक्छ । देशको प्राकृतिक वैभव, राष्ट्रको अखण्डता, विभिन्न जातजाति धर्म सम्प्रदायको सौहार्दपूर्ण सम्बन्ध, राष्ट्रप्रतिको माया र परिश्रमी स्वभाव हुनाले जीवन सुखमय हुँदै जान्छ भने साहित्यमा अन्याय, अत्याचार, शोषण उत्पीडनका काँडाघारी पन्छाउदै अघि बढ्ने जनताका चाहना र भावनाको यथार्थ प्रतिबिम्ब भएको हुनुपर्छ । छिमेकी मुलुकहरूको विस्तारवादी नीति, जातिप्रेम, देशप्रेम, संस्कृतिप्रतिको मोह, प्रगतिवादी धारणा भएका साहित्यिक कृतिरूपी परिवर्तनका नयाँ किरणहरू गाउँबस्तीमा पुऱ्याउनु साहित्यको मूल ध्येय हुनुपर्छ । बाँस्तोला निडर, निर्भिक, स्वाभिमानी, सफा सुन्दर प्रकृतिप्रेमी, राष्ट्रप्रेमी भावना भएका देखिन्छन् । उनले नेपाली समाजले भोगेका विदेशी दमन, अन्याय अत्याचार, संस्कृतिप्रतिको मोहजस्ता कुराहरूलाई आफ्नो कृतिहरूमा समावेश गरको पाइन्छ ।

## ३.१.११ टीकारामको जीवन दर्शन

टीकाराम बाँस्तोलाको जीवन दर्शन अन्य व्यक्तिहरूको भन्दा फरक रहेको छ । नेपालीहरू विदेश जानु हुदैन आफ्नो देशका प्राकृतिक स्रोत साधन र अगाध जल सम्पदाको सदुपयोग गरी श्रम र सिपले राष्ट्र निर्माण गर्नु पर्छ । कर्ममा विश्वास राख्ने स्वाभीमानी कर्तव्य प्रायण हुनुपर्छ । देशको भलो हुने काम गर्नु पर्छ । आफ्नै देशमा उद्योग धन्दाहरू खोल्नुपर्छ । आफूसँग भएको तन मन र धन जे छ त्यो आफ्नै मातृभूमिका खर्च गर्नुपर्दछ भन्ने राष्ट्रप्रतिको सकारात्मक सोच भएका व्यक्तित्वका रूपमा उनलाई चिन्न सकिन्छ ।

## ३.१.१२ लेखनका लागि प्रेरणा र प्रभाव

शिक्षा सिकाइबाट प्राप्त हुन्छ भन्ने मान्यता सर्वमान्य रहेको अवस्थामा सिकाइबाट साहित्य पनि सिर्जना हुँदो रहेछ भन्ने प्रमाण यस दुनियाँका सबै स्रष्टाहरूले प्रमाणित गरेका छन् । हुन त शिक्षा हासिल गरेकै शिक्षाले साहित्य सिर्जनामा सहयोग गर्दछ । शिक्षाका साथमा साहित्य हुँदा प्राप्त भएको ज्ञान बढी ओजपूर्ण हुने सूचना, समाचार,

कविता, काव्य, गीत, गजल, कथा उपन्यास आलेख खबरमा रस थपिएर स्रोतालाई सुनिराख्न मन लाग्ने पाठकवृन्दलाई पढिराख्न मन लाग्ने बन्दोरहेछ साहित्य यसै साहित्यको अध्ययन र अध्यापन बाँस्तोलाको साहित्य सिर्जनाको प्रेरणा बनेको पाइन्छ ।

आफ्नी आमाको उत्प्रेरणा, श्रीमतीको सहयोग, देशको भौगोलिक परिवेश तथा राजनीतिक परिवर्तन आदि पनि साहित्य लेखनका कारक बनेको पाइन्छ । कवि शिरोमणि लेखनाथ पौड्यालको ऋतु विचार, लक्ष्मीप्रसाद देवकोटाको मुना मदन र सिर्जमाता, सिद्धिचरण श्रेष्ठको उर्वशी, माधवप्रसाद घिमिरेको राजेश्वरी खण्डकाव्य आदि लेखक र लेखकीय कृतिले प्रभाव पारी आफू लेखन तर्फ अगाडि बढेको बाँस्तोलाद्वारा प्रकाशित कृतिहरूको भूमिकामा बताएका छन् । यति मात्र नभएर राष्ट्रिय परिवेश, प्राकृतिक सम्पदा हाल देशमा बढ्दै गएको वैदेशकि रोजगारीको आकर्षण, सहकर्मी र कार्यथलो आदि बाट प्रभावित भएर साहित्य लेखन तर्फ अगाडि बढेको पाइन्छ ।

## ३.१.१३ लेखनको प्रभाव र प्रकाशनको थालनी

वि.सं. २०३७ मा प्रज्ञा प्रतिष्ठानमा हुने कविता महोत्सवमा टीकाराम बाँस्तोलाद्वारा प्रेषित गरिएको "राष्ट्र नौलो बनाऔँ" वि.सं. २०३७ सालको कविता नै उनको पहिलो कविता हो । उनले कविता समालोचनात्मक लेख, अनुसन्धानात्मक लेख, केही साधारण लेखमा कलम चलाएका छन् । वि.सं. २०५६ सालमा पुस्तकको रूपमा खण्डकाव्य समीक्षण (समालोचनात्मक) कृति पाठक समक्ष प्रस्तुत गरेका छन् । वृन्दावनमा अध्ययन रहँदा नेपाल छात्र सङ्घबाट प्रकाशन हुने छात्र जीवन र हिमज्योति पत्रिकाको प्रकाशनमा उनको देन रहेको समकक्षी हेमजा निवासी लक्ष्मीशरण पौडेलले बताउनुभएको छ । त्यसै गरी बुद्धिमान कविता हिमशिखर (२०५५), मृत्यु शै यामा आमा हिमशिखर (२०५८), 'बसाह' हिमशिखर (२०५९), 'खोयो' हिमशिखर (२०६०), 'मोती सर्वत्र फल्छ' हिमशिखर ( २०६१), 'बाघको सवाइ' सिर्जना पत्रिका (२०६१), 'हिमगिरि' सिर्जना (२०६२), 'मानव' हिमशिखर (२०६२), 'धन' हेमजाका कविता (२०६२), 'मानव जीवन' माछापुच्छ्रे (२०६२), 'कवि र काव्य' हिमशिखर (२०६७), विद्या महिमा सिर्जना (२०६९) र भूर्भुवः स्व हिमशिखर (२०६९) आदि जस्ता कविताहरू प्रकाशित भएका छन् ।

### ३.१.१४ लेखन कार्य र प्रकाशित कृतिको विवरण

वि.सं. २०३७ सालदेखि साहित्यसाधनामा लागेका टीकाराम बाँस्तोलाका कविता, समालोचना लेख, अनुसन्धानात्मक लेख लेखेका छन् । यहाँ उनका कविताको मात्र अध्ययन गर्न खोजिएको छ ।

## ३.२ टीकाराम बाँस्तोलाको व्यक्तित्व

### ३.२.१ शारीरिक व्यक्तित्व

राष्ट्रिय चिन्तन भएका सचेत नागरिकहरू नै राष्ट्रका ढुकढुकी हुन् । सचेत नागरिकहरूले आफ्नो समाज र देशका लागि कुनै न कुनै माध्यमबाट विशेष योगदान दिइरहेका हुन्छन् । कुनै पनि व्यक्तिका सहज एवम् स्वाभाविक गुणले उसको वैयक्तिक व्यक्तित्व निर्माण गर्दछ भने सिर्जनशीलता तथा सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्वको निर्माण गरिरहेको हुन्छ । यी दुवै व्यक्तित्वका धनी टीकाराम बाँस्तोला बिशेष साहित्यिक र सामाजिक व्यक्तित्व हुन् । कुनै पनि व्यक्तिले आफ्नो व्यक्तित्वको निर्माणमा उसको स्थानीय वातावरण,  परम्परा र वंशले पनि प्रभाव परेको हुन्छ । त्यसैले टीकाराम बाँस्तोलाको व्यक्तित्वको निर्माणमा समाजको वातावरण र आफ्नो जीवनले भोगेका पीडा, व्यथा र पारिवारिक पृष्ठभूमिले प्रभाव पारेको पाइन्छ ।

यिनको शारीरिक आकृति आकर्षक र सुन्दर थियो । उचाइ करिव ५ फिट ६ इन्च, गहुँगोरो वर्ण, दुबै आँखा काला, हँसिलो मुख मुद्रा, कालो कपाल, केही ठूला आँखा, फुर्तिलो हिंडाइ, गम्भीर भाव, नेपाली राष्ट्रिय पोशाक दौरा, सुरुवाल, कोट र ढाका टोपीमा सजिएर हिँड्ने स्वस्थ्य, तन्दुरुस्त थिए । काम गरेर नथाक्ने अथकित योद्धा जस्तै देखिन्थे । कसैको प्रलोभन र धम्कीबाट कहिल्यै प्रभावित नहुने बाँस्तोलाका बाहिरी विशेषता हुन् । सबैसँग मिलनसार व्यवहार गर्ने बाँस्तोला बोल्दा अड्कलेर बोलीवचनका मृदुभाषी थियो । हेर्दा बाक्लो मोटोघाटो देखिए पनि जाँगरका साथ काम गर्ने एक कर्मयोगी व्यक्तित्व मानिन्छन् । अध्ययन र सामाजिक कार्य गर्न पाउँदा आफूलाई गौरव ठान्नु उनको बिशेषता हो । उनी एक प्रगतिवादी कवि हुन् । राष्ट्रिय चिन्तन भएका आफ्नो परम्परा र संस्कृतिलाई नयाँ ढङ्गका साथ अपनाउनु पर्छ भन्ने महान् व्यक्तित्व हुन् । आदर्शमा भन्दा

यथार्थमा जोड दिने व्यक्तित्व हुन् । आवश्यक पर्दा आफ्नो हठ नछाड्ने व्यक्तित्व हुन् । उनलाई घर परिवार, छरछिमेक, इष्टमित्र र साथीभाइसँग अत्यन्तै मिलनसार व्यवहार गर्ने सबैलाई पढ्न पर्छ भनेर प्रेरणा दिने उनको वास्तविक पहिचान हो भन्ने कुरा उनका साथी विष्णुप्रसाद शर्मा बताउँछन् ।

### ३.२.१.१ शैक्षिक तथा प्रशासकीय व्यक्तित्व

टीकाराम बाँस्तोला हेम्जा गाउँमा नै पहिलो स्नातकोत्तर तहको उपाधि प्राप्त गर्ने पहिलो व्यक्ति थिए । उनले सर्वप्रथम २०२६ मा राष्ट्रिय बहुउद्देश्यीयमा आंशिक शिक्षक भई आफ्नो पेशागत जीवन प्रारम्भ गरेका थिए । वि.सं. २०२६ सालमा नै उनले स्नातकोत्तर उपाधि हासिल गरेर पृथ्वीनारायण क्याम्पसमा प्राध्यपन शुरु गरेका थिए । उनको पारिवारिक स्रोतका अनुसार वि.सं. २०३३ सालदेखि वि.सं. २०४३ सालसम्म महेन्द्र बहुमुखी क्याम्पस (हाल धौलागिरि क्याम्पस) बागलुङमा क्याम्पस प्रमुख जस्तो गरिमामय पदा रही सेवा गरेका थिए । शिक्षाको उज्यालो घामबाट कोही पनि वञ्चित हुनु हुँदैन भन्ने राजा वीरेन्द्रको सोच र योजनामा होस्टेमा हैसे गर्ने टीकाराम बाँस्तोला पनि एक प्रमुख व्यक्ति थिए । उनी बाग्लुङमा रहँदा वि.सं. २०३३ सालदेखि १० वर्ष धवलागिरि अञ्चल जिल्ला शिक्षा समितिको सचिव भई काम गरेका थिए । पोखराको पृथ्वीनारायण क्याम्पसमा वि.सं. २०४३ देखि २०६६ सम्म प्राध्यापन पेशामा मात्र संलग्न भई काम गरेका थिए । २०४८ सालमा पृथ्वीनारायण क्याम्पस पोखरामा नेपाली विभागको विभागीय प्रमुख भएपछि उक्त क्याम्पसमा नेपाली विषयको एम.ए. तहको कक्षा सञ्चालन गर्न सफल भएका थिए । पृथ्वीनारायण क्याम्पसमा नै कार्यरत रहँदा त्रि.वि.को नेपाली विषय समितिको सदस्य भएका थिए । वि.सं. २०५८ सालमा पश्चिमाञ्चल वाङ्मय परिषद्को संस्थापक अध्यक्ष पनि भएका थिए । वि.सं. २०४८ सालमा गौरीशंकर क्याम्पस हेमजाको संस्थापक क्याम्पस प्रमुख र २०५७-२०६७ सालसम्म गौरीशंकर कै क्याम्पसमा सह-प्राध्यापक पदमा कार्यरत भई काम गरेका थिए । कहिले महेन्द्र क्याम्पस, कहिले पृथ्वीनारायण क्याम्पस त कहिले गौरीशंकर क्याम्पस जहाँ-जहाँ रहँदा पनि आफ्नो वर्गतले भ्याएसम्म कार्यालयमा पूर्ण रूपमा खटिएर काम गर्ने भएकाले उनी एक कुशल प्रशासकीय

व्यक्तित्वको रूपमा रहेको पृथ्वीनारायण क्याम्पसका गुरुहरूबाट यो कुराको जानकारी पाइएको छ ।

### ३.२.१.२ साहित्यकार व्यक्तित्व

टीकाराम बाँस्तोला एक साहित्यिक व्यक्तित्व हुन् । कास्की जिल्लामा जन्मिएका बाँस्तोला साहित्यकारका रूपमा पनि देखा परेका छन् । साहित्यका अन्य विधामा कलम चलाए पनि वास्तवमा समालोचक र काव्यकारिता मौलाएको देखिन्छ । प्रकाशित कविता कृतिहरू नभेटिए पनि विद्यार्थी कालदेखि नै कविता गीतहरू रचना गरेको भेटिन्छ । वि.सं. २०३७ सालमा प्रज्ञा प्रतिष्ठान हुने कविता, महोत्सवमा प्रेषित 'राष्ट्र नौलो बनाऔं' उनको उत्कृष्ट कविताबाट क्रमशः कवित्व शक्तिलाई तिखार्दै अगाडि बढाएको पाइन्छ ।

उनले कविता, समालोचनात्मक लेख, अनुसन्धनात्मक लेख र केही साधारण लेखमा कलम चलाएका छन् । वि.सं. २०५६ सालमा पुस्तकका रूपमा खण्डकाव्य समीक्षण कृति प्रकाशित गरेका छन् । विभिन्न पत्रपत्रिकामा छरिएर रहेका फुटकर कविता मृत्यु शैय्यामा आमा, मोती सर्वत्र फल्छ, राम्रो बस्ती, बसाह, बुद्धिमान मुख्य रहेका छन् । आफ्ना नाति नातिनालाई खुसी पार्न, बाल कविता लेखेको पाइन्छ । ती मध्ये बालबालिका शीर्षकको कविता भेटिएको छ ।

उनका अधिकांश कविताहरू पद्य शैलीमा लेखिएका छन् । केही कविताहरू लोकलय छन्दमा समेत लेखिएका छन् । उनका अधिकांश कविताहरूले राष्ट्रप्रेम, विद्याको महिमा गान, मातृप्रेम, सामाजिक विकृति, प्राकृतिक स्रोतको महत्त्व यथार्थताको चित्रण गरेका छन् । उनका कवितामा बौद्धिकता र हार्दिकताले भरिएका छन् । उनका कवितामा बिम्ब र प्रतीकहरूको प्रयोग गरिएका हुँदा निम्न वर्गीय बुझ्न गाह्रो तर साहित्यिक पाठकहरूलाई मन प्रमोदित पार्न सफल भएको देखिन्छ। उनका कवितामा विभिन्न अलङ्कारको प्रयोग भएको पाइन्छ ।

### ३.२.१.३ सामाजिक व्यक्तित्व

टीकाराम बाँस्तोला साहित्य शिक्षण क्षेत्रका साथै विशेषतः प्राध्यापनको क्षेत्रमा समेत उल्लेख्य काम गरेका व्यक्ति हुन् । यी व्यक्तित्वका साथसाथै उनी सामाजिक

कार्यकर्ता र विकास प्रेमी  व्यक्ति पनि हुन् । उनी समाजमा परिवर्तन चाहने एक अग्रगामी व्यक्तित्व पनि हुन् ।

समाजमा केही गर्दछु भन्ने व्यक्तिले समाजको समस्याबाट भाग्नु हुँदैन । समाजको हितको काम अमृत सम्झेर पिउन सक्नुपर्छ भन्ने उनको भनाइ रहेको पाइन्छ । उनले धर्म कमाउन काशी जानु पर्दैन भनि कहिल्यै चारधामको सपना पनि देखेनन् । मानव सेवा नै ईश्वरको सेवा हो भन्ने उनको विचार थियो । बाग्लुङ महेन्द्र क्याम्पस निर्माण गर्दा काठखोलाबाट ढुङगा र काठ आफैले बोक्न समेत पछि परेनन् । क्याम्पसको स्तरोन्नति र विकास गरेबापत वि.सं. २०३५ प्रमुख सचिवालय राजदरबार सेवापदक र राष्ट्रिय शिक्षा समिति, नेपाल सरकारबाट सम्मानित भएका थिए । यसबाट उनको सामाजिक योगदानको मूल्याङ्कन गर्न सकिन्छ । वि.सं. २०५८ सालमा पश्चिमाञ्चल वाङ्मय संस्थापक अध्यक्ष भई प्रज्ञा पराग पत्रिकाको प्रकाशन गरेका थिए । वि.सं. २०४८ सालमा गौरीशंकर मा.वि. हेमजाका व्यवस्थपन समितिको अध्यक्ष भई क्याम्पस स्थापना गर्न उनकै नेतृत्वमा काठमाडौँमा डेलिगेसन गई क्याम्पस स्वीकृत भएको थियो । यति मात्र नभई गौरीशंकर क्याम्पसलाई मेलबोटको जग्गा उपलब्ध गराउन समेत सफल भएका थिए । हेमजा साहित्य प्रतिष्ठानका आजीवन सदस्य तथा सल्लाहकार, द रेयुकाइ नेपाल संस्थाको कानुनी सल्लाहकार समेत भइ काम गरेका थिए । यसै गरी विद्यालय, स्वस्थ्य चौकी, बाटो घाटो, पुलपुलेसा, विद्युत मोटरबाटो आदि निर्माण तथा विभिन्न सङ्घ संस्थामा आबद्ध भई कार्य गरेका थिए । त्यसैले उनलाई सामाजिक सेवामा अहोरात्र लाग्ने एक समाजसेवी व्यक्तित्वका रूपमा उनलाई चिन्न सकिन्छ ।

### ३.२.१.४ राजनीतिक व्यक्तित्व

तत्कालीन समयमा खुलेर राजनीति गर्न पाइँदैनथ्यो । उनलाई राजनीति गर्ने वातावरण पनि घरबाट मिल्न सकेको थिएन भने सामाजिक सेवा र शिक्षण पेशामा आबद्ध हुनु परेकाले र शिक्षण पेशामा रहँदा कुनै न कुनै उत्तरदायी पदमा रहेर काम गर्नु परेकाले राजनीतिकमा त्यति धेरै समय दिन सकेका थिएनन् । तथापि पनि विद्यार्थी काल देखिनै राजनीतितर्फ मोडिएको पनि देखिन्छ । मुथरामा अध्ययनरत रहँदा नेपाली छात्र सङ्घ

मथुराको अध्यक्ष, त्रि.वि. सेवामा रहँदा नेपाली काँग्रेस कास्की जिल्लाको सल्लाहकार, नेपाली काँग्रेसको सक्रिय सदस्य, नेपाली काँग्रेस क्षेत्र नं. ३ को क्षेत्रीय सदस्य भई नेपाली राजनीतिको अनुभव सम्हालेका थिए । टीकाराम बाँस्तोलाको जीवनको उत्तरार्द्धमा मुलुकमा देखिएको अस्थिरता संविधान सभाबाट संविधान नबनेकोमा साह्रै चिन्तित देखिन्थे । राजनीतिक दल प्रति जनतामा देखिएको अविश्वास र वितृष्णाप्रति गम्भीर भएर जो कोहीसँग भेट भए पनि जनता, मुलुक र राष्ट्रप्रति गुनासो राख्न कहिल्यै पछि नपर्ने नेपाली काङ्ग्रेसको विचार धारा बोक्ने व्यक्तित्वका रूपमा उनलाई चिन्न सकिन्छ ।

### ३.२.१.५ समालोचक व्यक्तित्व

कवि टीकाराम शर्मा बाँस्तोला मूलतः कवि भए पनि पठनपाठनको क्रममा विभिन्न क्याम्पसहरूमा अध्यापन गराउँदा पाठ्यपुस्तकको अभाव खड्एिको र विद्यार्थीहरूलाई सामग्री सङ्कलन गर्न पनि समस्या भएको थियो । सो अवस्थालाई महसुस गरी आफूले समालोचना पढाउँदा विभिन्न समयमा खोज अनुसन्धान र विश्लेषण गरी फुटकर लेखहरू प्रकाशित गरेका र तिनै लेखहरूलाई सङ्कलन गरी एकीकृत रूपमा 'कण्डकाव्य समीक्षा' नामक कृति प्रकाशित भएको पाइन्छ । यस कृतिमा विशेषगरी खण्डकाव्यको समीक्षा गरेको पाइन्छ । कविता, गीत, गजल, मुक्तक आदिको समीक्षात्मक टिप्पणीबाट सुरु भएको यस कृतिमा पूर्वीय र पाश्चात्य दृष्टिकोणमा काव्यलाई हेरिने भिन्नता र दृष्टिकोणलाई सङ्क्षिप्त रूपमा चर्चा गर्दै कव्यकाव्यतिर केन्द्रित भएको पाइन्छ । खण्डकाव्यको परिभाषा र औचित्यमा केन्द्रित गरी त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर नेपाली विषयको सातौं पत्रको पाठक्रमसँग मेल खाने किसिमको कृति तयार पार्न केन्द्रित भएको देखिन्छ । यसमा लेखनाथ पौड्यालको ऋतुविचार खण्डकाव्यको सिंहावलोकन र कविको सङ्क्षिप्त परिचयलाई पनि समेटिएको छ। त्यसका साथै समालोचनात्मक समीक्षा मिठो ढङ्गबाट प्रस्तुत गरिएको छ। अर्का खण्डकाव्यकार महाकवि लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य 'सृजनमाता' को पनि परिचय सहितको समीक्षात्मक टिप्पणी समावेश गरिएको छ। युगकवि सिद्धिचरण श्रेष्ठको खण्डकाव्य 'उर्वशी' को पनि सरल र सहज तरिकाबाट विद्यार्थीले बुझ्ने गरी समीक्षात्मक टिप्पणी गरिएको छ। राष्ट्रकवि माधवप्रसाद घिमिरेको

'राजेश्वरी' खण्डकाव्यको पनि काव्य सिद्धान्तका आधारमा परिचय सहितको टिप्पणी समावेश गरिएको छ । खण्डकाव्यमा फरक धाराबाट उदाएका कवि मोहन कोइरालाको खण्डकाव्य 'गङ्गाप्रवास' को पनि समीक्षात्मक लेख समावेश गरिएको छ त्यसलाई खण्डकाव्य मानेर समावेश गरे पनि त्यो समीक्षामा खण्डकाव्य नभनी लामो कविता भनेर विश्लेषण गरेका छन् यो उनको चातुर्य हो जस्तो लाग्दछ । त्यसैलाई अन्त्यमा समावेश गरिएको 'नेपाली खण्डकाव्य र लामो कवितातर्फ एकदृष्टि' लेखले पुष्टि गर्दछ । आफ्नो निजी दृष्टिकोण सहितको समीक्षात्मक लेख समावेश गरी यस कृतिको समापन गरिएको छ ।

टीकाराम बाँस्तोलाको यस कृतिले विद्यार्थीहरू र प्राध्यापकलाई सहज मात्र तुल्याएको छैन । यसले समालोचनाको जगलाई पनि कसिलो र दरिलो पारेको छ । नव पाठकहरूलाई नेपाली साहित्यको क्षितिज पहिल्याउन पनि यसले सघाउने खालको छ भने अनुसन्धाताहरूलाई पनि नव गन्तव्यमा डोऱ्याउने खालको समालोचनात्मक कृतिको रूपमा यस पुस्तकलाई लिन सकिन्छ ।

अरू सबै फुटकर रूपमा प्रकाशित भए पनि यो उनको पूर्ण पुस्तककार कृति हो । त्यसैले उनलाई यस कृतिले एक नेपाली समालोचकका रूपमा चिनाएको छ ।

### ३.२.२ जीवनी व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर सम्बन्ध

टीकाराम बाँस्तोलाले अहिलेसम्म साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानलाई दृष्टिगत गर्दा उनका जीवनका विभिन्न साहित्यिक लेख रचनाहरूको प्रकाशन, अध्ययन कार्य र सामाजिक सेवाको सेरोफेरोमा व्यतीत भएको पाइन्छ । सानै उमेरमा पिताको माया र ममताबाट विमुख हुनु परे तापनि आमाको यथेष्ट माया पाएर जीवनलाई अगाडि बढाएका थिए । जब-जब उनी आमाको माया ममताबाट हुँर्कदै गएका थिए तब तब उनका  बाबा भइदिएको भए कस्तो हुन्थ्यो होला भन्ने विचार एवम् सोंचमा पर्न गएको पाइन्छ ।

आाफ्नो जीवनमा देखेका भोगेका कटु यथार्थ अनुभव, आकाङ्क्षा निराशा कुण्ठाले उनी भित्र नराम्ररी प्रभाव पाऱ्यो । त्यसैको प्रभावको परिणाम स्वरूप साहित्यिक यात्राको

प्रारम्भ हुन थाल्यो। उनका रचनाहरूमा वर्तमान परिवेशमा घटेका घटना उनका जीवनका घुम्ती मोडबाट व्यक्तित्व निर्माण भएको पाइन्छ। हाम्रो देशमा युवाहरू विदेसिँदै गरेको दिनचर्याको यथार्थता मातृभूमि, मातृत्वको माया, कृषि प्रधान देश भइकन देशले सिर्जने समस्या, विना काममा समय खेर फाल्ने बसाह प्रवृत्तिका मानिसको प्रवृत्ति तथा समसामयिक समाजको यथार्थतालाई टिपेर साहित्य भित्र त्यो कुरा देखाएका छन्। आफूले देखेको भोगेको कुरालाई आफ्नो लेखनी मार्फत उतारेको पाइन्छ। जस्तो सुकै कठिन परिस्थिति आइ परे तापनि आफ्नो लक्ष्यमा पुग्नु पर्छ भन्ने कुराबाट उनी सदा सर्वदा प्रेरित भएको पाइन्छ। आफ्नो अध्ययन र अध्यापनलाई उत्तिकै महत्त्व दिएका बाँस्तोला कहिले शिक्षक, कहिले विद्यार्थी, कहिले साहित्य सर्जक तथा समाज सेवी भएर आफ्नो पेसामा सफल भएको पाइन्छ। गाउँमा विद्यालय खोल्न आएका विघ्नबाधा देशमा सिर्जना भएको वर्तमान परिवेशको अध्ययन तथा अभ्यासबाट भएको अनुभूत महत्त्वपूर्ण मानिन्छ त्यति मात्र नभई स्वतः स्फूर्त चेतनाको बाहुकबाट पनि प्रभावित भएको पाइन्छ।

टीकाराम बाँस्तोलाको व्यक्तित्वका विभिन्न भङ्गलाहरूमध्ये शैक्षिक, सामाजिक एवम् कवि व्यक्तित्व नै हो। उनी एक प्रगतिशिल कवि हुन्। सामाजिक सेवामा लाग्नु र विभिन्न संघ संस्थाहरूमा रहेर निस्वार्थ भावनाले सेवा गर्नु उनको उद्देश्य रहेको पाइन्छ। जोस जाँगर लिई अध्ययन अध्यापन, साहित्य सिर्जना र समाज सेवामा अहोरात्र खटिरहन्छन्। यसरी टीकाराम बाँस्तोलाको जीवनी व्यक्तित्व र साहित्यको एक अर्कामा गहिरो अन्तर सम्बन्ध रहेको कुरा यस अध्ययनबाट प्राप्त गर्न सकिन्छ।

# अध्याय चार

# टीकाराम बाँस्तोलाका कविताको अध्ययन र विश्लेषण

## ४.१ टीकाराम बाँस्तोलाका कविताहरूको अध्ययन

भाषा साहित्य र समालोचनाका क्षेत्रमा कलम चलाउन सफल व्यक्तित्व हुन् टीकाराम बाँस्तोला। उनका विभिन्न कविता तथा समालोचना कृतिहरू प्रकाशित भइसकेका छन्। उनका कविताको मात्र यस अध्यायमा अध्ययन तथा विश्लेषण गरिन्छ।

### ४.१.१ राम्रो बस्ती

कविले राम्रो बस्ती कुनै पनि व्यक्तिले धनी गरिबको महसुस नगर्ने, परोपकारी, धनीले गरिब व्यक्तिप्रति शोषण नभएको वृक्ष जस्तै अरूलाई पाल्न सक्ने रोग, शोक र भोकले मुक्त भएको बस्ती राम्रो बस्ती हो। यस्तो बस्ती मङ्गल ग्रहमा बसाउनुपर्छ। धर्ती र मङ्गलका मान्छे आतेजाते गर्न सक्ने बस्तीलाई राम्रो बस्ती मानेका छन्। त्यसैले यो शीर्षक औचित्यपूर्ण देखिन्छ।

'राम्रो बस्ती' आजको युग विज्ञान र प्रविधिको युग हो। यो युगमा मान्छेले नयाँ-नयाँ कामहरू गर्नुपर्छ। अब हामीले ढिला नगरीकन श्रमजीवी बन्दै मिहिनेत गरेर मङ्गल ग्रहमा बस्ती बसाल्नुपर्छ। अन्न उत्पादन गर्नुपर्छ। त्यहाँ गएर नेपालीहरू रमाउनुपर्छ। नेपालीहरू गरिबी मक्त हुनुपर्छ। खेतीपाती, अन्नको भण्डार बनाउनु पर्छ। लतावृक्षले सजाएर राम्रो बस्ती बनाउनु पर्छ। गरीबको बस्ती बनाउनु पर्छ। त्यहाँ नभएका कुराहरू पृथ्वीबाट ओसारेर त्यहाँ पुऱ्याउनु पर्छ यसका लागि हामीले दिल फुकाएर काम गर्नुपर्छ हामी गर्न सक्ने कुरामा खुम्चिएर बसेका छौँ। यसरी परिश्रमी हातहरू खुम्च्याउनु हुँदैन। उदार दिलले मान्छे सभ्य बन्दछ। मान्छे भएर अरूको उद्धार गर्नुपर्छ। दिल फुकाएर यहाँका मानिसले परोपकारका निम्ति वृक्ष जस्तै फुल्नुपर्छ। त्यो बस्तीमा धनाढ्यले दानी

नगरेको धर्ती र मङ्गलका मान्छे आउन र जान मिल्ने गरी बस्ती बनाउनुपर्छ। मङ्गल ग्रहमा पानी छ भन्ने कुरा अनुसन्धानद्वारा पत्ता लाइसक्यो। अब पञ्चतत्त्वले सजाएर राम्रो बस्ती राम्रो वस्तु बसाल्ने काममा हामी लाग्नुपर्छ भन्ने भाव वा विचारहरू व्यक्त भएको छ।

छन्दमा रचना गरिएको छ। यस कवितालाई सुललित पदावलीहरूले लयात्मकता थपिदिएको छ। ८ श्लोकमा यो कविता संरचित छ। यस कवितामा अन्त्यानुप्रासको प्रयोग भएको छ। कवितामा तृतीय पुरुष दृष्टि बिन्दुको प्रयोग भएको छ। प्राकृतिक र मानवीय बिम्ब र प्रतीकको प्रयोग भएको छ।

### ४.१.२ बसाह

बसाह भनेको साँढे, भगवान शिवको बाहन, काम नगरी खाने प्रवृत्तिको, मत्त भएको पशुलाई बुझ्न सकिन्छ। अरूले काम गर्छ ऊ आफू केही नगरीकन खान्छ। जो कसैको निर्देशनलाई पालना गर्दैन, त्यो नै बसाह हो। जसले हलो तान्ने र जुवामा नारिएको हुँदैन भन्ने भाव व्यक्त गरेको हुनाले 'बसाह' शीर्षक सार्थक छ।

बसाह बसि रहन्छ त्यसलाई अब बस्न दिनु हुँदैन। बसि-बसि खाँदा र डुल्दा हराभरा बालीनाली बिगार्दछ त्यसलाई बालीनाली बिगार्न दिनुहुँदैन। छाडा भई हिँड्न दिनु हुँदैन छाडा भए भने कृषकले लगाएका बाली खसाप पार्दछ, बलियो दाम्लो बनाएर मान्छेले वशमा राख्नु पर्छ। धर्म गर्ने धर्म नगर्ने कसै गरी एक हुन्न। धनी र दरिद्र पनि कोही स्वतः हुँदैन जसको बसाह प्रवृत्ति छ त्यो दरिद्र बन्न पुग्छ। विष्टा र पायस पनि एकै कहिल्यै हुन सक्दैन यस धर्तीमा बसेका सबै प्राणी तथा जीवहरूले आफ्नो आश्रयस्थल पृथ्वीलाई बनाएका छन् पृथ्वी सबैको भए पछि पृथ्वीमा उत्पादन भएको चिज खाएर बाँच्ने सबैलाई बसी बसी खाने कसैलाई अधिकार छैन खाने जतिले केही न केही कर्म गर्नुपर्छ। किसानले धर्तीलाई सिँगार्दछ किसानले सिँगारेको बाली बसाहले ढाली ढाली खान्छ मडारेर कुल्चेर बिगार्दछ त्यसलाई अब जुवामा नार्नु पर्छ। मैले अब त्यस्ता बसाहलाई ननारी छोड्दिन विधानले सबैलाई एक पर्दछु। बसी बसी खान्छु भन्ने अज्ञानता जो जसमा छ त्यसलाई अब हटाउनु पर्छ। सबैलाई समान बनाउन बसाह प्रवृत्तिको अन्त्य गर्नुपर्छ। तब

मात्र सबै समान हुन्छन् । सबै मानिस समान बन्न बसाह प्रवृत्तिको अन्त्य हुनु पर्छ त्यसपछि समानताका जनदीप बल्छ । समानताको दीप बाली भूमिलाई उर्वर बनाउँछु । बसाह प्रवृत्तिको अन्त्य गरी सबै जना सँगै बस्न सक्छौँ ।

यस कवितामा बसाह साँढे र प्रतिकात्मक रूपमा काम नगरीकन खाने मानिसलाई पनि व्यङ्ग्य गरेको छ । बसेर खान कसैलाई दिनु हुँदैन सबैले काम गरेर खानु पर्छ । बसेर खाने अधर्मी हो । सबै श्रमजीवी भएर ज्यूनु पर्छ काम गरेर खानुपर्छ भन्ने यो कविताको मुख्य आशय हो ।

यस कवितामा नेपाली लोक छन्दको प्रयोग भएको छ । सरल सहज भाषाशैली तथा केही प्रतीकात्मक शब्दको पनि प्रयोग भएको छ। प्रगतिवादी भाव धारा र स्वच्छन्दतावादी भावधारामा कविताको रचना भएको छ । प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । रौद्र र वीर रसको प्रयोग भएको छ ।

### ४.१.३ मृत्यु शय्यामा आमा

आमा शब्दलाई माता, मुमा, जननी आदि शब्दले पुकारिन्छ। आमाको अन्तिम अवस्था, जीवन अन्त्य हुन लाग्दाको घडी, पल वा समय मृत्युको मुखमा आमा पुग्दाको अवस्थालाई यो कविताको शीर्षकले बताएको छ। त्यसैले 'मृत्यु शैय्यामा आमा' शीर्षक सार्थक छ ।

आमा मृत्यु वरण गरेर छट्पटाई रहेको अवस्थामा जेठा नाति घरै थिएन । कान्छो नातिका कुरा आमाले गरिनन् । छोरो भने म एउटा मात्र थिएँ तर घरमा थिइन । अन्तिम पलमा घर पुगेँ । आमा म आएँ भनेर आमालाई नजिकै गएर बोलाएँ । आफ्नो मन समालेर आमालाई बोलाएँ । आमाले मलाई किन आजसम्म नआएको भनिन् बाबु पहिला तिमीले खाना खाऊ अनि मात्र काम गर अब मलाई बाचौँला जस्तौ लाग्या छैन अब म तिमीलाई छोडेर जाँदै छु । अब मलाई तिमीसँग बस्ने समय छैन । खाना खाएर मेरो नजिकै बस भनी आमाले आज्ञा दिनुभयो । त्यो आज्ञा अनुसार खाएर नजिकै गएर आमा मैले के गरौँ भनी बिन्ती गर्दा आमाले प्रतिउत्तरमा मलाई सम्झाउँदै भन्नुभयो । नआत्तिनु आपत् विपत् पर्दा भनी मलाई सम्झाउनु भयो । बाँच्ने मलाई अब आशा छैन । तिमीले अब धेरै दुःख

नगरे भनेर मलाई सम्झाउनु भएको थियो। आमाका अमृत स्वरूपको वाणी सुन्दा मेरो कण्ठ अवरुद्ध भयो गला सुक्यो। यस्तै गरी आमा र अन्तिम पलको एक घण्टा बित्यो। त्यसपछि आमालाई विभिन्न तीर्थस्थल/नदीको पानी दियौँ। त्यो पानी पिउँदा पिउँदै एकै क्षणमा आमा स्वर्गबास हुनु भयो। जसरी रवि अस्ताउँछ त्यसरी नै अस्त हुनु भयो।

अन्तिम पलमा सेती नदीमा दाहसंस्कार गर्न लगियो। चिता बनाई आमालाई राखियो रोई-कराई दागबत्ती दिन विवश भएँ। देह जल्यो शरीर खरानी भयो। सोची समाली आफ्नो मनलाई थाम्न थाल्छु अरू रुनेहरूलाई देखी अझै रुन मन लाग्छ। दैवले आज मलाई ठग्यो टुहुरो बनाएर छोड्यो नानाथरीका तर्कहरू मनमा गर्दछु। आमा स्वर्ग बास हुँदाको बखतमा बत्ती बलेको मलिन देखियो। बिजुली अँध्यारो भो ! सूर्यको किरण पनि अँध्यारो भयो जुन जुन वस्तु हेर्छु त्यो सबै कान्तिहीन, चमकविहीन थियो। आमा विनाको जगत सबै अन्धकार औँशीको रात समान बनेको थियो। खेतबारी घर नदीको पानी सबै अँध्यारो बनेको थियो। शोकाकुल मन बनेकोले जगत सबै अन्धकार थियो किन भने त्यहाँ मेरी आमा थिइनन्। त्यसैले यो धर्ती सबै अँध्यारो बनेको थियो। विद्यासमानको धन केही हुँदैन जति दिए पनि सिद्धिदैन। त्यसरी नै आमाको मातृत्व पाएर पनि कहिल्यै अघाइदैन आमासरी अरू कुनै तुलना गर्ने सदस्य हुँदैन। आमाको माया र ममता सम्झेर कहिल्यै सकिन्न, आमाको माया बिर्सन कदापि बिर्सिदैन। रोएर पनि बिर्सिदैन आमाको मातृत्वबाट कहिल्यै पनि अघाइँदैन। मातृत्व सदैव अजर-अमर भएर हाम्रो मनमस्तिष्कमा रहन्छ।

आमाले अन्तिम अवस्थामा आफू रहँदा पनि सन्तानकै चिन्तन मनन गरेकी हुन्छिन्। अर्ती, बुद्धि र उपदेशहरू दिइरहेकी हुन्छिन्। आमाको माया र ममताबाट वञ्चित हुँदा हरेक सन्तानलाई मनमा आघात पर्दछ, आँखाबाट आँसु बलिन्द्र झर्छन्। जे हेरेपनि धर्तीका सबै चिजहरू कान्तिविहीन बन्दछन्। सूर्य चन्द्रको किरण बिजुली बत्ती सबैको रश्मी अँध्यारो लाग्छ। आमाले छाडेर जाँदा धर्ती कान्तिविहिन बनेको अनुभूति सन्तानहरूमा हुन्छ। मातृत्व पाएर कोही कहिल्यै अघाउँदैन हरेक सन्तान मातृत्वको भोको भइरहेको हुन्छ। मातृत्वको भाव अनन्तसम्म रहिरहेको हुन्छ यो कोही कसैले बिर्सिएर बिर्सनी कुरा होइन यो अनन्तसम्म रहिरहन्छ। मातृत्व एउटा अमूल्य चीज हो। जसको

माया र ममता अरू कोही र कसैसँग तुलना गरेर हेर्न मिल्दैन । आमा आफू मृत्युको मुखमा छट्पटिँदा पनि आफ्नो बारेमा पिर नमानी सन्तानप्रति नै समर्पित भएकी हुन्छिन् भनी आमाको अन्तिम पल, मृत्युको मुखमा पुग्दाको अवस्थाको वर्णन यस कवितामा गरिएको छ ।

### ४.१.४ विद्या महिमा

विद्या शब्दले सद्ज्ञान, बुद्धि, विवेकशील क्षमतालाई बुझाउँछ भने महिमाको अर्थ महत्त्व हो । विद्याको महत्त्वलाई नै विद्या महिमा भन्ने बुझिन्छ । यस कविताका हरेक पङ्क्तिहरूले विद्याको महिमा बताएको हुनाले यो शीर्षक सार्थक देखिन्छ ।

जसरी सूर्य उदाउँदा हिमाल सुशोभित हुन्छ राम्रो, चम्किलो देखिन्छ त्यसरी नै विद्या आर्जन गरेको विनयशील मान्छे यस धर्तीमा विभूषित सम्मानित हुन्छ । यो संसारमा विद्या जस्तो ठूलो धन अरू कुनै छैन । विद्या एउटा अमूल्य चीज हो त्यसकारण यहाँको मानिस सबैले विद्या आर्जन गर्नुपर्छ । यो जस्तो अमूल्य चीज अर्को कुनै छैन । यस्तो अनमोल चीज आर्जन गर्न हामी पछि हट्नु हुँदैन जुन व्यक्तिले ज्ञान आर्जन गरेको छ त्यो व्यक्ति कहिँ र कतै गए पनि कसैको टाढा रहनु पर्दैन । कमलेको फूल झैँ भएर फक्रिएर सुशोभित भएर रहन पुग्छ । जसरी सूर्यको कान्ति पाएर कमल फूल फुल्छ । त्यसरी नै विद्या मानव जीवन फक्रिने एउटा मुख्य औषधी हो । विद्याले मानिसलाई सबैको पूज्य व्यक्ति बनाउँदछ । जग्गा, रत्न आदि जस्तो यो पैतृक धन होइन यो स्वयं व्यक्तिले आर्जन गरेको कमाउने आर्जित धन नै विद्यारूपी धन हो । विद्यालाई चोरले चोर्न सक्दैन, शत्रुले हर्न सक्तैन, भाइ-भाइमा अंशबण्डा नलाग्ने महान चीज नै विद्या हो । अमोध अस्त्र हो जसबाट हाम्रो जीवन खेर नजाने अकाट्य अस्त्र हो । यसले गरिबीलाई हटाएर सर्वत्र पूज्य व्यक्ति बन्नेछु । विद्या प्रदान गर्ने अन्धकार हटाउने, जीवनलाई रवि झैँ चम्किलो बनाउने विद्यादातृलाई बारम्बार प्रणाम, ढोग छ । अन्धकार, अज्ञानता हटाएर धर्तीमा उज्ज्वल छर्ने विद्या दिनेहरूलाई बारम्बार प्रणाम छ । विद्या एउटा आभूषण हो जसरी गहनाले सुसज्जित भएको व्यक्ति शोभायमान देखिन्छ त्यसरी नै विद्या प्राप्त गर्ने मान्छे सभामा सुशोभित भएर रहन सक्छ । विद्यावान मानिसको जिन्दगी सुन्दर बन्छ । विद्यार्थीहरूले बुझी राख

विद्या सबैको धन हो । यसलाई घन घोटी बन्चरो बनाएझैँ कडा मिहिनेतले मात्र आर्जन गर्न सकिन्छ । जसले आज पढ्दैनन् तिनीहरू भोलि धुरुधुरु रुन्छन् त्यसैले भोलिको भविष्य उज्जवल बनाउन धर्तीका नरनारीले निरन्तर पढ्नु पर्छ। पढेर देशका निमित्त पवित्र भावना वा विचार धारण गर्नुपर्छ जननी र जन्मभूमिको सेवा र भक्ति सदा-सदा गर नपढेर जीवन खेर नफाल पढेर पनि जन्मभूमि प्रति समर्पित होऊ भनी विद्याको आर्जन गर्ने र आर्जित ज्ञानलाई आफ्नै भूमिमा सदुपयोग गर्न सबैलाई कविता मार्फत् अनुरोध गरिएको छ ।

विद्यावान् मान्छे सर्वत्र पूज्य हुन्छ। विद्याले मान्छे फुलझैँ फक्रिन सक्छ। विद्या एउटा आर्जित धुन हो। यसलाई चोरले चोर्न सक्दैन शत्रुले हर्न सक्दैन दाजुभाइमा भागबण्डा गर्न पर्दैन जति अरूलाई दियो त्यति नै बढ्दै जान्छ यसलाई बोक्न भारी पनि हुँदैन । यस्तो चीज विद्या हो यो विद्या आर्जन गरेर देशका निम्ति पवित्र भावना धारणा गर्नुपर्छ भनी विद्याको महिमाको बारेमा यो कवितामा वर्णन गरिएको छ। यो कविता सिर्जना साहित्य सदन कास्की अङ्क १०, २०६९ मा प्रकाशित भएको हो । यस कविताले लेखकको विद्याप्रतिको निष्ठालाई मुखरित गरेको छ ।

### ४.१.५ मानव जीवन

मानव भन्नाले मान्छे, नर, मनुष्य जीवन भन्नाले व्यति तगर्ने समय वा काल खण्डलाई जनाउँछ। मानिसले जीवन के कसरी बिताउन सकेमा मानव जीवन सार्थक हुन्छ। मानव जीवन कस्तो बनिदिए असल हुने थियो भनी विश्लेषण गरिएको हुनाले मावन जीवन शीर्षक सार्थक छ।

हाम्रो जीवन बिहानको सुगन्धित वायु सुरभीझैँ सुगन्धित बनोस्। अरूको उपकार वा भलाई गर्ने कल्याणकारी बनोस्। हामीले गरेको कामले अरूको उपकार होओस्। यहाँका दाजुभाइ मिलेर यो धर्तीका बासिन्दा मिलेर विश्वभर उद्योग धन्दा राम्ररी चलाऊन्। धर्तीका सबै पुत्रहरू हौँ सबै मिलेर आमालाई सिँगार्नु पर्छ। मान्छेका सुख र दुःखका समयमा साथ दिएर मानव जीवन बिताउन पर्छ सुख अनि दुःखका समयमा हाम्रो जीवन अरूका निम्ति अर्पण गरौँ। हाम्रो स्वच्छ हिमालले पनि हामीलाई दानी बन भनी

सिकाएको छ। यो धर्तीलाई सुन्दर बनाउन हामीले कलह, झगडा र वैमनस्यता त्याग्नु पर्छ। सर्वश्रेष्ठ प्राणी मानिस संसारकै रत्न हो। मैलो भावलाई फाल्दछ भने मानिसले नै देवता बन्न पुग्दछ। मानव आज शान्त आकाशमा उड्ने भइसके तथा धर्तीका फाँटहरूमा गुड्ने पनि भइसकेको छन्। अब हामीले एउटै लोक तयार पारेर वैषम्य मेटाउनु पर्दछ। त्यो ठाउँमा दुःखी र गरीबको घर बास बनाई हाँसो, खुशीले चम्काउने काम गर्नुछ। केही मानिसले भए पनि अब पृथ्वीलाई दुहे पनि पृथ्वी निखारिन्छन्। पृथ्वीले दिने कुरा खोजी गरेर उपयोग गर। वैज्ञानिकहरूले गरीबका आँसु पुछिद्यौ अर्को नयाँ बस्ती बसालेर त्यो बस्ती गरिबहरूको पेवा होस् गरिबहरूले मात्र उपयोग गर्न पाऊन्। धनी त्यो बस्तीबाट टाढै रहोस्। त्यहाँ बस्ने सबै जना आफ्नो पौरखमा रमेर स्वर्गीय आनन्द लिऊन्। भूलोकमा बस्नेहरू दुई भागका सहरमा आते जाते गरुन्। सबै मान्छे समता बढोस् दिनदिनै सबै आनन्दमा मग्न हुन्। यस्तो मानव जीवन बनोस्।

मानव जीवन प्राप्तको सुरभीझैं बनोस् विश्वभर उद्योग धन्दाहरू खुलुन्। सबै मानिस मिलिजुली मान्छेका सुख दुःखमा जीवन अर्पण गरुन्। वैषम्य हटोस्, दुःखीको मुहारमा मुस्कान छाओस्। गरिबका आँसु पुछिओस् धनी र गरिबको आभास कसैले गर्न नपरोओस् सबै मानिस समान हुन् अबको मानव जीवन समता भई सबै जना आनन्दमा मग्न होऊन् भनी समृद्ध मानव जीवनको चित्रण यो कवितामा गरिएको छ। यो कविता माछापुच्छ्रे पत्रिका स्वतन्त्र विद्यार्थी युनियन, पृथ्वीनारायण क्याम्पसको मुखपत्र २०६२ मा प्रकाशित कविता हो।

### ४.१.६ खोयो

आँप खाएर बाँकी रहेको भित्रको बियोलाई खोयो भनिन्छ। यो कविता आँपको बिऊ, बिरुवा, पथरो तथा रुखलाई आधार मानेर लेखिएको छ। आँपको बिरुवा वा वृक्षसँग मानिसले गर्ने कार्यकलापका बारेमा उल्लेख गरिएको छ। त्यसैले यो शीर्षक 'खोयो' सार्थक छ।

पाकेको आँप खाएर स्वाद वा रस पान गरेपछि खोयो लगेर बारीका छेउमा रोपेर मलजल गरेपछि अङ्कुरित भयो। गोडमेल गरेर बारेपछि बारीमा त्यो हुर्किँदै गयो।

गाईवस्तु जान नपाउँदा बिस्तारै हुर्किंदै गएर पथरो भयो। लहलाउँदो देख्दा आँप रोप्ने मान्छे आनन्दको बन्यो। शीतल हावा बहँदा सर्र-सर्र गरी आँपका रुखका पातहरू कराउँछन्। सूर्य चर्को घाम लागेमा बालक र वृद्ध सबैलाई आफ्नो छहारीमा बसाल्दछ। चराहरूको बथान आएर डालीमा बस्न थाल्छन्। भाले पोथी भएर डुँड बनाउँदछन्। यसरी आँपले गाँस दिने बास दिने दाताको रूपमा देखापर्छ भन्ने उद्देश्य लिएर आँपको वृक्ष बढ्दै गएको छ। कोइली तथा नाना थरीका चराचुरुङ्गीहरू आएर रुखका हाँगा-बिङ्गामा नाचीनाची रमाउँदछन्। कोइली रातको समयमा कुहू-कुहू गरी गीत गाउँदै पिरतीलाई डोऱ्याएको हुन्छ। पथरो लहराएको देख्दा मानिसहरू हामी पनि यस्तै बनौँ भन्ने आशय प्रकट गर्दछन् तर वृक्ष जस्तै बन्न सक्दैनौँ। आमाले झैँ लालन पालन गर्ने पृथ्वी पनि आमा नै हुन् किनकि हामी यस धर्तीमा उत्पादन भएका हरेक चीजबीज खाएर वा उपभोग गरेर मात्र हाम्रो दिनचर्या सम्भव भएको छ। पिता हाम्रा जगदीश्वर हुन्। ईश्वर समानका व्यक्ति, स्रष्टा-द्रष्टा तथा संरक्षण कर्ता हुन्। यिनैको भरमा पऱ्यो भने कहिल्यै डराउनु पर्दैन हाम्रो धर्ती र हाम्रा माता पितामा भर पऱ्यौँ भने हाम्रो जीवन सार्थक बन्दछ। डाली डालीमा फूलहरू मगमगाएर फूल्दछन् अनि हामीलाई फल र फूलहरू दिने दाताका रूपमा वृक्ष कहलाउँछन्। झपक्क फूलहरू फुल्दा मञ्जरीमय हाँगाहरू बन्दछन्। त्यही मौकामा मौरीहरू आएर मह सञ्चय गर्दछन्। कालान्तरमा गएर त्यही पथरामा फलहरू फल्न थाल्दछन्। त्यही फल खान मान्छे एकतृत भएर कल र झगडा गर्न थाल्दछन्। फल पाकेको देखेर मुखमा रस रसाउँदछ। कर्तव्य बिर्सेर धन धर्म गुमाउँदछन् त्यही तेरो मेरो गर्दछन्। कसैले डाली कसैले डोको भर्न थाल्दछ त्यही रुखको वरिपरि घुम्दै। बलियाले डाली र डोको भर्छन् निर्धाका हात भने खाली हुन पुग्छन्। निर्धाको निम्ति रुखमा फलेको चीज-बीज पनि आफ्ना हुन पाएँदैनन्। बलियाहरू पनि निर्धाको हात खाली हुँदा कोही बोल्दैनन् उनीहरू भित्रको आभाष बुझ्दैनन्। पृथ्वी सबैकी साझा हुन्। धर्तीमा भएका सबै मानव उनका सन्तान हुन्। त्यसैले तेरो मेरो व्यर्थ नलडौँ। झगडा नगरी पृथ्वीमा पाकेको फल मिलेर खाऔँ झगडा नगरौँ। मेलमा शान्ति समृद्धि र उन्नति हुन्छ। अशान्तिले कल र काल निम्त्याउँछ। त्यसैले मान्छे कर्मयोगी बनौँ पृथ्वीमा भएका हरेक चीज-बीज मिलेर उपयोग गरौँ।

यो कविता रुखका विभिन्न अवस्था रुखले दिने छहारी, सुगन्ध, फूल, फल र आनन्दानुभूतिको बारेमा वर्णन गरिएको छ। रुखसँग चराचुरुङ्गी मानिस तथा प्राणीहरूको सम्बन्ध रहेको छ। पृथ्वीमा यस्ता रसामृत फल्ने अनेकौँ वृक्षहरू छन्। तिनीहरूलाई सदुपयोग गरेर तेरो मेरो भनी कल झगडा नगरी आपसमा मिलेर प्रकृतिका हरेक चीजबीजलाई उपयोग गर्न सबै मानवलाई यो कविताले आह्वान गरेको छ। त्यसैले यो कविता कवितामा हुनुपर्ने सर्वसम्पन्न मान्न सकिन्छ।

### ४.१.७ मातृवन्दना

मातृ भनेको आमा, माता, मुमा वा जननीलाई बुझाउँछ। वन्दना भनेको प्रार्थना हो। यस कवितामा सन्तानले आमासँग गरेको पुकारका बारेमा उल्लेख गरिएको छ। त्यसैले यो शीर्षक 'मातृवन्दना' सार्थक छ।

आमाका चरणकमलमा पर्दै सन्तानले आमासँग आशीष माग्दै छ। आमा म काव्य लेख्न शुरुवात गर्दैछु हजुरले मलाई ज्ञानरूपी वरदान दिनुहोस्। म आमालाई सधैँभरि सम्झन्छु। आमाले मलाई हरेक पल-पलमा सन्देश दिनुहुन्थ्यो। आमाको वाणी मलाई अमृत सरी लाग्छ माताले मलाई जहिले पनि सत्कर्ममा लाग्नुपर्छ भनी प्रेरणा दिनुहुन्थ्यो, असल काम गरे आफू बाँचे र अरूलाई बचाए परोपकारमा लाग भनी सधैँभरि शुभकामना गरिरहनु हुन्थ्यो। धर्ती सबैको साझा हुनु पर्दछ। "मेरी आमा तिमीले विद्वान् विवेकी बन्, बन्नु भन्दथ्यौ।" असल कामले नै मानिस सुन्दर बन्न पुग्छ। त्यसैले छोरा तिमीले सत्कार्य गर कर्मशील बन भनी भनिरहनुहुन्थ्यो। यस्तो मेरो आमालाई गुराँसको फूल सरी आदर, मान सम्मान छ। तिमीले जगाएको ममताको र सद्भावको दियो सदा जलिरहने छ।

आमाको आस्था भएको घर स्वर्ग तुल्य छ। आमा भएको घर रमणीय छ। यदि घरमा आमा छैनन् भने त्यो घर शून्य हुन्छ। मेरी आमाको नाम भागीरथी थियो साँच्चै भागरथी नदी जस्तै मन थियो। आमा अहिले मलाई छाडेर गयौ यात्री भयौ पुनीत धामकी अहिले धर्ती छाडेर स्वर्गतिर यात्रा गर्ने भयौ। आमा फेरि फर्केर आऊ हाम्रो पुण्य भूमिमा अर्ती र उपदेश दिने काम आमाले फेरि गर आमा अब मलाई एक्लै नछोड यस पुण्य

भूमिमा फर्केर आऊ अर्ती र उपदेश देऊ भनी आमालाई स्वर्गबाट पुनः पृथ्वीमा आगमन गर्न अनुरोध गरिएको छ ।

यो कवितामा सन्तानले आमाका पाउँमा परि गरिएको बन्दना हो । आमाले दिन गरेका अर्ती र उपदेश, वचनको याद गर्दै आमालाई फेरि पृथ्वीमा आउन आग्रह गरेको छ । आमा भएको घर स्वर्गतुल्य हुन्छ । आमा नभएको घर शून्य हुन्छ । त्यसैले आमा फेरि एकपटक आऊ र अर्ती उपदेश दिने काम गर भनिएको छ । आमा सन्तानको सबै भन्दा ठूलो मार्गदर्शक हो । आमाले सधैं सन्तानलाई असल मार्ग देखाउँछन् भन्दै आमाको महिमालाई सम्झँदै आमालाई धर्तीमा पुनरागमन गर्न यो कविताले अनुरोध गरेको छ ।

### ४.१.८ कवि र काव्य

कवि कसरी बन्छ तथा काव्य भित्र के कस्ता तत्त्वहरू हुन्छन् कसरी कविताको रचना भएको राम्रो मानिन्छ । कवितामा के कस्ता गुण हुनु पर्दछ । पाठकले कवितामा के होस् भन्ने चाहन्छन् आदि प्रश्नको उत्तर यस कवितामा प्राप्त गर्न सकिन्छ । त्यसैले 'कवि र काव्य' शीर्षक उपयुक्त छ ।

रसानुकूल शब्दको प्रयोग कवितामा कविले गऱ्यो भने सुन्दर काव्य दिने दाता नै कवि बन्छ । जसले रसको उचित समायोजन गरेर कविता लेख्छ व्यक्ति नै कवि हो । कविले कविता लेख्दा संकल्प, प्रज्ञा र कल्पनाको उचित समायोजन हुनु पर्दछ । तीन नदीको सङ्गम त्रिवेणी सयर गरेझैँ आनन्दको अनुभूति गरेर कविता लेख्ने व्यक्ति नै कवि बन्दछ । कविता लेख्ने व्यक्ति सधैं साधनारत हुनुपर्दछ । कविद्वारा सिर्जित कुरानै काव्य हो । काव्य कवितको चोबाटो हो । कविताद्वारा कविले धर्म, अर्थ, कम र मोक्ष प्राप्त गर्न सक्छ भने काव्यले सभ्य मानिसको निर्माण गर्दछ । काव्यको गुणले युक्त कविता रच्ने कवि कहिल्यै गरिब बन्दैन सदा सर्वदा ऊ यशशाली इज्जतवान् तथा ख्याती प्राप्त गर्ने व्यक्ति बन्दछ । वास्तविक कविता लेख्ने व्यक्तिले सधैं धन, धर्म, निम्ति साँची धर्तीको व्यक्ति कहलाउँछ । कवि कवितामार्फत् भविष्यको असल मार्ग देखाउने द्रष्टा हुन् । कविले कविताद्वारा अन्धकार विनाश गरेर ज्ञानको ज्योति छर्छन् । कविको राज्यमा कहिल्यै कुशासन हुनुहुँदैन त्यहाँ सुशासनको वर्चस्व हुनुपर्दछ । काव्य श्रुति मधुर होस् जुन काव्य

पढ्दा, सुन्दा पाठकहरू रमाउँछन् सब पाठकको मनको मैलो काव्यले पखालिदियोस् अनि जीवन सार्थक बनोस् । काव्य यस्तो चीज हो जो सधैंभरि रहिरहन्छ । काव्य पढ्नेहरूको स्रष्टा र द्रष्टा दुवै बन्दछ । रस, छन्द, अलंकार काव्यका प्रमुख तत्त्व हुन् । यी तत्त्वहरू काव्यमा नृत्य गर्दछन् । रस, छन्द, अलंकार युक्त काव्य पाठकले पनि रसिक मानी मानी पढ्दछन्, त्यस्तो कविता लेख्ने व्यक्तिः कवि र यस्ता तत्त्वले युक्त काव्य-काव्य बन्न पुग्छ ।

यस कवितामा कविमा हुनुपर्ने गुण र कवितामा हुनुपर्ने तत्त्वका बारेमा वर्णन गरिएको छ । रसानुकूल शब्दको प्रयोग गर्ने, कविता पढ्दा पाठकलाई नदीमा सैर गरेझैं भाव हुने सभ्यताको निर्माण गर्ने, देशलाई सुशासनतर्फ डोऱ्याउने, स्रष्टा, द्रष्टा कवि हो भने कविता उचित छन्द, रस, अलङ्कार, श्रुतिमधुर चौबाटो रचना गर्ने, मनको मैलो पखाल्ने तत्त्वले युक्त कविता नै कविता हो । 'वाक्यम् रसात्मकम् काव्यम्' भन्ने आचार्य विश्वनाथको विचारलाई उनले शिरोधार्य गरेका छन् ।

### ४.१.९ मानव

मानव कसरी बन्न सकिन्छ ? मानव जीवन कसरी सार्थक बन्छ ? मानव बन्नका निमित्त के कस्ता कार्य गर्नुपर्छ ? जीवन कसरी सार्थक बनाउन सकिन्छ ? आदि मानवसँग आधारित भएर कविता संरचना गरिएको हुनाले मानव शीर्षक सार्थक छ ।

जन्मभूमिको अर्थ महिमा बुझ्दैनौ भने तिमी यो धर्तीका वस्तु उपभोग गर्ने मात्र बन्दछौ । भएको वस्तु आफूले प्रयोग गर्ने व्यक्ति बन्छौ त्यो जीवनको अर्थ छैन त्यो जीवन नालायक बन्दछ तर विद्वान् वा धनवान् भएर जनको सेवा गऱ्यौ भने त्यो जीवनको अर्थ हुन्छ तर विद्वान् तथा धनवान् भए पनि आफ्नो मुलुक भूलेर बाहिर बस्छ भने त्यो जिन्दगी व्यर्थ हुन्छ । बाँचेको सार तब हुन्छ जनको जब उसले आफ्नो सब धर्म थामेर आफ्नो जीवन व्यतीत गरेको हुन्छ । भौतिकवादलाई मनन गरेर निर्माण कार्यमा लाग्ने व्यक्ति मानव हो । जसले भौतिक गुण वा निर्माण तत्त्वलाई शाश्वत मान्दै जगतलाई परिवर्तनशील बन्यो भने हाम्रो भूमिमा केही हुन्छ । मान्छेले आध्यात्मिक र भौतिकवादको प्रयोग गर्न नसके मान्छे खाने पिउने भोग गर्ने व्यक्ति बन्दछ । त्यसैले मान्छेका दुईहात आध्यात्म वा भौतिक वादका रूपमा प्रयोग गर्नुपर्दछ । हे मानव हो, मान्छेका उपकारमा अघि सर्ने गर । अन्याय, अत्याचार, दुराचार छुटाउने गर । अन्याय, अत्याचार व्याप्त हुँदा

धर्ती उराठ देखिन पुगेको छ। श्रद्धा गर्ने व्यक्तिको खाँचो छ। पृथ्वी सबैकी एउटी मात्र आमा हुन् तेरो मेरो भाव नलिईकन सेवक बन्यौ भने जीवन सार्थक हुन्छ। आमाका दश धारा दूध नभूलौँ पहिला हामीले चुसेका थियौँ धर्तीमा जन्मँदा साथ च्याहाँ गरेर रोएका थियौँ यहीको श्वास लिएका थियौँ। त्यसैले मातृभूमि र मातृको हामी सेवक बनौँ। हाम्रो धर्ती अझै सुन्दर बन्छ हामी साधक बन्यौँ भने हाम्रो भूमिलाई सजाउनको निमित्त अर्काको भरमा परेर नबसौँ अस्तित्व मेटिन पुग्छ। त्यसैले हे मानव सच्चा कर्म गर उद्योग गर तिम्रो जीवन सार्थक हुन्छ होइन भने उपकार गर्दछौँ भने जञ्जालमा फस्छौँ आफ्नो जीवनमा केही गर्न सक्दैनौँ। त्यस्तो जीवन अर्थहीन हुन्छ। त्यसैले मानवले मानव बन्न आफूले आफूलाई मार्ग निर्देशन गर परोपकारी बन।

यसरी यो कवितामा मानव भएर मानव सेवा गर। अन्याय, अत्याचार र दुराचार हटाउने काम गर। कर्मशील हात बनाऊ, उद्योग धन्दा गर, आफ्नो मातृभूमिका रहेर यहाँ मलजल गर आफ्नो तन, मन र धन आफूसँग जे छ त्यो आफ्नो मातृभूमिमा खर्च गर। होइन भने मानव जीवन व्यर्थ बन्छ पशु जस्तै विवेकहीन बन्दछ त्यसैले मानव भएर मानव सेवातर्फ लाग्न यो कविताले सन्देश दिएको छ।

### ४.१.१० दीप बालौँ

दीप भनेको उज्यालो र ज्ञानको प्रतीक हो। सबै लिमेर धर्तीलाई सिँगार्न, नौलो किरण छर्ने विषयमतालाई हटाएर समता ल्याउने अन्धकारलाई हटाएर उज्यालो छर्ने, असफलता छाडेर सफलता प्राप्त गर्ने, राष्ट्रलाई नौलो बनाउनको निम्ति जाग्न यहाँका बासिन्दालाई कविता मार्फत कविले अनुरोध गरेका छन्। त्यसैले दीप बालौँ शीर्षक सार्थक छ।

धर्तीमा जन्मिएका मान्छेले राम्रो काम पनि गरे नराम्रो पनि गरे, के गरे के गरेनन् लेखा जेखा गरेर साध्य छैन। यै धर्तीमा रहेका जनले के सहयोग के सहेन हेर आज यो विषम परिस्थिति छाइरहेको छ। त्यसैले धर्ती साझा गरिकन बसौँ। सबै मिलिजुली बसौँ। एक अर्कालाई नडस्ने तरिका अवलम्बन गरेर बसौँ। सच्चा चोखो माया एक अर्कामा लिन र दिन सके हामील धर्तीका सपूत बन्दछौँ। हामी एक-आपसमा लड्यौँ भिड्यौँ भने हामी कपूत बन्दछौँ। हाम्रो धर्तीमा असल कुराहरू छन् यिनीहरूलाई चिनेर आफ्नै धर्तीको मगमग आउने बासनामा रमाऔँ। हाम्रै माटोमा श्रम, सीप र सृजनाले भरेर राष्ट्रलाई

सजाऔँ । नेपाल आमा धुरुधुरु रुँदै भन्दछिन् जागजाग अब यसरी बस्नु हुँदैन केही न केही गर्नुपर्छ । विदेशीका घरघर नडुल आफ्नै देशमा आफ्नो सीप पोख अर्को देशमा गएर श्रम सीप र पसिना पोख्दा हाम्रो देशको अधोगति हुन्छ । नेपाली जन अब यसो नगरी आफ्नो घरमा भएका साधन स्रोत लिएर आफ्नै देशमा केही न केही काम गर । यहाँका साधन-स्रोतलाई चिन बहुउपयोगी सामानहरू खेर गइरहेका छन् । यी सामग्रीलाई बढी भन्दा बढी उपयोग गर । देशलाई श्रम, सीप र सृजनाले भर कस्तुरी बनेर अन्त नहिँड । भोका, नाङ्ग्रा अब केही पनि हुनुहुँदैन शिक्षा-दिक्षा दिएर सबैलाई उन्नतिमा पुऱ्याउ शिक्षा विहीन अब कोही हुनु हुँदैन राष्ट्रलाई हर कार्यमा समुन्नत र उचो राख्नु पर्छ । सगरमाथा झैँ अग्लो फेवा जस्तै गाम्भीर्य बनाऔँ । यहाँ जनता हातमा हात मिलाएर काँधमा काँध जोडी पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका एकजुट भएर राष्ट्रलाई फलाऔँ, फुलाऔ सुनको थालमा भात मागेर नखाऔँ । श्रम, सीपले सिर्जना गरौँ आफ्नो देशलाई बाल्यकाल र वृद्धावस्थाको आश्रमस्थल बनाई ज्ञानरूपी सिर्जना दियो बालौँ । अहिले नगरे कहिले गर्ने, हामीले नगरे कसले गर्ने, भन्ने बारेमा मनन गरी हाम्रो देशमा श्रम र सीपमा ज्ञान र विवेकको आड लिई राष्ट्रलाई सजाउन सृजना रूपी दियो बालौँ । अब अँध्यारोले अत्यास पारिसक्यो यसबाट उम्कन आफैभित्रको इच्छा शक्तिको सलाईले सिर्जनाको दीप बालौँ ।

यसरी यो कवितामा नेपालीहरू एक आपसमा नलडौँ । हामी सबै मिलेर राष्ट्र हितमा लागौँ । श्रम, सिप र सृजनाले आफ्नै भूमिलाई सिँगारौँ । एक आपसमा हुने वैमनस्यता त्यागौँ । हाम्रै देशमा शिक्षा दीक्षा दिई लिऔ-दिऔँ, ज्ञान, बुद्धि, विवेकले काम गरौँ । देशमा नयाँ-नयाँ सिर्जनाहरू गरेर राष्ट्रलाई नवीन बनाउन कम्मर कसेर लागौँ भनी सम्पूर्ण नेपालीलाई राष्ट्रलाई समुन्नत बनाउने कार्य गरी देशको भविष्य उज्ज्वल बनाउनको लागि दियो बाल्न अनुरोध गरिएको छ ।

### ४.१.११ म नेपाली

'म नेपाली' नेपालमा बस्ने व्यक्ति हो । नेपाली कस्तो हुन्छ ? नेपाली स्वभाव बानी, व्यहोराको आचरणका बारेमा उल्लेख भएको छ । त्यसैले नेपाली शीर्षक औचित्यपूर्ण रहन गएको छ ।

म नेपाली हुँ मैले अनर्थमा स्तुति गान गर्दिनँ । आफ्नो कर्तव्य पथ छाडेर अर्काको आशा भरोसामा पर्दिनँ । आफ्नै धर्तीलाई सजाउँछु । यही माटोमा मलजल गर्छु ।  ज्ञान

आर्जन गरेर मैले मेरो देशलाई राम्रो बनाउँछु, संसारकै समुन्नत राष्ट्र बनाउँछु। हाम्रो देशमा हजारौँ नदीनालाहरू छन् हजारौँ हिमपर्वतहरू छन्। नदीनाला र हिमपर्वतको सदुपयोग गरेर राष्ट्रको उन्नति गर्न सकिन्छ। यिनैको सदुपयोग गर्दछु। आफ्नै नङ्ग्रा खियाएर गाँस बास जुटाउँछु। अर्काको भरमा पर्दिनँ यही देशको माटो मलिलो बनाउँछु यही माटोमा बिलाउँछु। सबैलाई शिक्षा दीक्षा दिएर राष्ट्र नौलो बनाउनतर्फ लाग्दछु। नेपाल मेरो देश हो, यही राष्ट्रिय गान गाउँछु, यही देशको महिमा गान गरिरहन्छु। त्यसैले म नेपाली हुँ। हाम्रो देशमा विभिन्न किसिमका सम्पदाहरू छन्। नदीनाला, हिमपर्वत, तालतलैया, झरना छन्। यिनीहरूको सदुपयोग गर्न चाहन्छु। यी वस्तुहरू राष्ट्रका गर्व हुन्। हाम्रो देशको राष्ट्रिय झण्डाको चन्द्र सूर्य अङ्कित छ। चन्द्रसूर्य भएर नेपाली उदाउनुपर्छ। अन्धकारलाई भगाउन लाग्ने म नेपाली हुँ। नेपालीहरू सुनौलो बिहानी ल्याउन लाग्नुपर्छ। विकृति र विसङ्गतिहरू फालेर राष्ट्रलाई सजाउनुपर्छ। हाम्रा पूर्खाहरू पहिलेदेखि कोही कसैसँग झुकेनन् शान्तिका अग्रदूत गौतम बुद्ध यही जन्मे यो एउटा पवित्रधाम नेपाल हो। हाम्रो देशमा हरेक देशका नागरिकहरू घुमघाम गर्न आउँछन्। यो मेरो देश पवित्र तीर्थस्थल हो यहाँ ज्ञानका दीपहरू बलेका छन्।

यो बुद्धको देश हो। पौरखीको देश हो। यहाँका व्यक्तिहरू पवित्र छन्। हाम्रो देशमा यता हेरेपनि उता हेरे पनि ज्ञानका कणहरू पाइन्छन्। भगवती देवी हाँसै जस्तै माछापुच्छ्रे हिमाल हाँसेको छ। त्यसैको काखमा रहेको पोखरा अझै रमणीय स्थान बनेको छ। यहाँ फेवातालमा ज्ञानामृत छचल्किएको छ। सेती गंगा सुसाएर हामीमा जागरण ल्याएकी छन्। हामी कर्म गर्नका निमित्त कहिल्यै थाक्नु हुँदैन। हाम्रो अस्त्र प्रजातन्त्र हो। यही अस्त्र लिएर अधर्मीसँग लड्नु पर्छ। कुशासन हटाएर सुशासन ल्याउनु पर्छ। त्यसैले नेपालीहरू प्रजातन्त्र जोगाउन प्रति लाग पूर्वमा लाली छाइसक्यो जाग अब राष्ट्रको लागि लाग्नुपर्छ।

यस कवितामा नेपालीका विशेषताहरूका बारेमा बताइएको छ। नेपाली कर्तव्य पथमा लाग्छन्, आफ्नै नङ्ग्रा खियाएर आफ्ना आवश्यकता पूरा गर्छन् आफ्नै राष्ट्रको राष्ट्रिय गान गाउँछन् राष्ट्रिय झण्डा बोक्छन् कहिल्यै कसैसँग झुक्दैनन् चुक्दैनन् यस्ता व्यक्ति नै नेपाली हुन्। शान्तिका अग्रदूत गौतम बुद्धको देश हो, सगरमाथाको देश हो।

यहाँ विभिन्न किसिमका नदीनाला, तालतलैया, हिमाल, झर्ना, बहुमूल्य जडीबुटी भएको देश नेपाल हो । यही देशमा जन्मिएको व्यक्ति म नेपाली हुँ भनेर कवितामार्फत यहाँका जनहरूलाई चिनाएका छन् । मिठो भाषाशैलीको प्रयोग र उपर्युक्त शीर्षक चयन भएको छ ।

### ४.१.१२ कीर्ति राख

यस कवितामा कविले आदेशात्मक शीर्षक राखेका छन् । यस धर्तीमा मानव भएर जन्मेपछि सत्कर्म गरी, देश भक्तिको भाव राखेर, कर्तव्यशाली बनेर देश उत्थानमा लागि आफू मरेर गएपनि पछिसम्म जीवित हुने काम गर भन्ने सन्देश बोकेको कविताको विषयवस्तु र शीर्षकका बीच सार्थकता रहेको छ ।

मानिस सानो छँदा जति शुद्ध विचार थियो, सत्कर्मको वाणी थियो । त्यसरी नै हामी ठूलो भएर पनि शुद्ध विचार लिएर समाजको उत्थानमा लागौँ, सानो छुसी कुरामा दिन रात शक्ति खर्च गरी धूर्त भएर नरमाउन आग्रह गरिएको छ । समानताका लागि दिनरात लाग् । तेरो र मेरो नभनी शिवभाव राखी काममा लाग् । आफ्नो पसिना पिएर कर्तव्यका साथ डटेर बाँच । बचाऔँ, शुभकर्म गरौँ । यो निमेशभरको जिन्दगीमा असल कर्म गरेर कीर्ति राख । घमण्डलाई पर सारेर कर्तव्यशाली बनेर सामन्तलाई तह लगाई एउटा मात्र भए पनि अविष्मरणीय काम गर । विचारले मानव उच्च हुन्छ । कुकर्म गरे त्यही जन तुच्छ बन्छ त्यसैले सत् विचार र सत्कर्मका साथ यस धर्तीलाई अब्बल बनाऊ भनी मानव सेवा हुने काम गरेर यश राख्न सबैलाई आग्रह गरेका छन् । 'मानव सेवा नै माधव सेवा हो' भन्ने भावनालाई शिरोधार्य गरेका छन् ।

शुद्ध विचार, सत्कर्म देशभक्ति, शिवभाव, घमण्ड त्यागी कर्तव्यशाली बनेर दिनरात समाजसेवा र राष्ट्रसेवामा लागेर कीर्ति राख्न यस धर्तीका सन्तानलाई कवितामार्फत सचेत तुल्याएका छन् ।

### ४.१.१३ कामधेनु पृथ्वी

आफूले परिश्रम गरेमा पृथ्वीमा हरेक कुराहरू पाइन्छन् । जसरी कामधेनु गाईलाई दुहेर दुध खान घाँस, पानी, कुँडो, पराल, गोबर सबै काम गरेर अमृत समानको दुध पान

गर्न पाइन्छ। त्यसरी नै पृथ्वी पनि कामधेनु गाई जस्तै हुन् मानवले परिश्रम गरेर पृथ्वीमा भएका रसामृत पान गर्नुपर्छ भन्ने प्रतीकात्मक शीर्षक 'कामधेनु पृथ्वी' रहेको छ। यस कविताले पृथ्वीको औचित्यलाई पुष्टि गर्न सफल भएकोले शीर्षक पूर्ण रूपमा सार्थक छ।

संसार परिवर्तनशील छ। सत्कर्म र कर्तव्यका भरमा परेर मानिस सधैँ अघि बढ्नुपर्छ। नामर्द भएर यहाँ बाँच्नु हुँदैन। सबै मान्छे मिलिजुली कामकाज गरी धर्ती सजाउनुपर्छ। कामधेनु पृथ्वी सबैकी असल चिताउने सुमाता हुन्। यी सबैको घरघरमा रहेकी छन्। कर्म गरेमा पृथ्वीले फल दिन्छिन्। मान्छेको आत्मा, अमर, सुन्दर, शान्त हुन्छ। आत्मा अजर-अमर छ तर देह चाहिँ नाशवान छ, क्षणिक छ। शरीर र आत्माको तादम्यता मिलायो भने सुख शान्ति मिल्छ। कर्तव्यशील भएर लाग्ने नरले सुविचार दिन्छ। कसको भाग्य कहाँ छ ? कति छ ? भनेर मान्छे आफैले बुझ्न नसक्दा मानव दुःखी बन्दछ। मानवको भाग्य चक्र समान घुम्छ। सुख, दुःख घुमिरहेको हुन्छ। कर्तव्यलाई बिर्सिएर सुतेर बसेका जनहरू सबैले काम नगरी भाग्य सप्रिदैन भन्ने कुरा बुझ ? मान्छेले परिश्रम गरेरै सफलताको शिखर चुम्न सक्छ। ऐसआराम गरेर घुम्न सक्छ। भूलोकमा मणी, रत्न जस्ता बहुमूल्य चीज छन्। ती चीज मावनका अधिकार र अधीनमा रहेका छन्। सुन, चाँदी, मणी, रत्न सबै मानिसले यही पृथ्वीमा पाउँछ। यी रत्नहरू मानिसले कर्म गरेरै प्राप्त गर्न सक्छ। ऐश्वर्य, धनधान्य अर्कालाई ठान्ने मानिस विचित्रका छन्। लोकको उपकार हुने काम गर भाग्य आफैँ सप्रिन्छ। दुःख त्याग गर्नेलाई पृथ्वीलाई भरिभराउ, हराभरा बनाउनै पर्छ। कामधेनु पृथ्वी दिनरात जागा बनेर सुख दिन खोजिरहेकी छन्।

यसरी यो कवितामा सत्कर्मले कर्तव्य पथमा हिडे, साहसी बने, मिलिजुली काम गरे, जड शरीरको भरमा नपरे, मस्त निदाएर नबसे मानिसलाई कामधेनु पृथ्वी केही कुरा दिने भनेरै भूलोकमा घुमेकी छन्। पृथ्वीमा मणी रत्नादि के-के बहुमूल्य चीज छन् ती सबै मानिसका अधीनमा छन्। मानिसले दुःख त्याग गर्ने केही न केही कर्म गर्नुपर्छ। कर्म गर्ने मानिसलाई पृथ्वीले ठग गर्दिनन्। कर्मबाट नै मानिसमा सुख, शान्ति तथा सम्वृद्धि बढ्छ। जो मानिसले कर्म गर्छ त्यो मानिसलाई सत्कर्म गरे पृथ्वीले श्रीवृद्धि गराउछिन्। इच्छित फल दिन्छिन् भनी पृथ्वीलाई कामधेनुका रूपमा यो कवितामा चिनाइएको छ। त्यसैले यो

कविताको शीर्षक र मुख्य भावसँग मेल खाएको छ। जसरी कामधेनु गाईले इच्छा अनुसारको फल दिन्छ त्यसरी पृथ्वीले पनि आफ्ना सन्तानलाई कर्म अनुसारको फल अवश्य दिन्छिन् भन्ने विश्वास राखी सबैलाई कर्मयोगी बनी कामधेनु पृथ्वीको सेवामा जुट्न आह्वान गरिएको छ।

### ४.१.१४ आमा

'आमा' शब्दले मुमा, माता वा जननीलाई बुझाउँछ भने अर्को अर्थमा धर्ती, धरणी, पृथ्वी वा जन्मभूमिलाई बुझाएको छ। आमा शब्दले जन्मभूमि र जन्मदिने आमालाई बुझाएको छ। यो शीर्षक 'आमा' कवितासँग मेल खाएको छ। त्यसैले कविताको मुख्य भावसँग शीर्षकको सान्निध्य रहेको छ।

आमा र आफू जन्मेको धर्ती स्वर्गभन्दा प्यारो हुन्छ। यी दुवैको सेवा गरेर पृथ्वीलाई सुरम्य बनाऊ। आमा र पृथ्वीलाई ढोग यी भन्दा उत्तम अरू कोही छैन। बालक भएर हुर्काउने बढ्ने ज्ञानार्जन गर्ने काममा आमाको देन रहेको छ। त्यसै आमाप्रति सन्तान सधैँ कृतज्ञ बन्नु पर्छ। आमा सन्तानलाई विद्या, विनय, आनन्द अनि ज्ञान विवेक दिन्छिन्। भोक, प्यास मेटाउने आमाप्रति सधैँ सन्तान आभारी हुनुपर्दछ। आमा ज्ञान, विज्ञान शिक्षा मानवता दिने एउटा कुशल पथ प्रदर्शक हुन्। प्राणी सबै हुर्कनु, बढ्नु, कर्तव्य पथमा लम्कनुमा आमाको देन छ। आमाको दश धारा दूधको भारा तिर्न तथा जन्मभूमिको ऋण तिर्न सक्ने व्यक्ति सपूत हुन्। जसले आमाको ऋण तिर्दैनन् भने ती व्यक्ति कुपूत हुन्। आमाको भावना, काख, मातृ वात्सल्य अमृत समान हुन्छ। को जन्म्यो ? को हुर्क्यो त्यसको अर्थ छैन तर आमा, जन्मभूमि तथा मानव सेवा गर्ने मान्छे अजर-अमर हुन्छ नत्र भने मरेतुल्य बन्दछ। त्यसैल जननी र जन्मभूमिको सेवामा समर्पण भई सयौँ वर्ष सम्म बाचौँ तब मात्र मानव जीवन सार्थक हुन्छ।

यसरी यो कविताको मुख्य भाव 'जननी जन्मभूमिश्चः स्वर्गादपि गरियसी' भन्ने रहेको छ। त्यसैले कर्तव्यनिष्ठ भएर आमा र मातृभूमि सेवामा लाग्न यहाँका बासिन्दालाई अनुरोध गरिएको छ। जननी र जन्मभूमि जीवनका अस्तित्व र परिचय दुवै हुन अस्तित्वविहीन र परिचय हराएको मान्छेले जीवनमा केही गर्न सक्दैन। अतः जन्म दिने

आमा र आश्रय दिने धर्तीलाई नबिर्स भन्ने आशय यस कवितामा समेटिएकोले यो पूर्ण सार्थक छ ।

### ४.१.१५ नेपाल महिमा

यो कवितामा नेपालको महत्त्वका बारेमा वर्णन गरिएको छ । यहाँ पाइने प्राकृतिक सौन्दर्यता हिमश्रृङ्खला, नदीनाला, हावापानी, वनजङ्गल आदिका महिमाका बारेमा उल्लेख गरिएको छ । त्यसैले कविताको शीर्षक उचित रहेको छ ।

विश्वका सबै देशहरू घुमेर हाम्रो देशको प्रवेशद्वारमा बसेर विचार गरी भन्ने हो भने नेपाल सुन्दरतामा विशाल नै मानिन्छ । नेपालमा सांस्कृति विविधता छ । नेपाली प्रकृतिमा पनि त्यस्तै विविधता छ । यहाँ तराईका सम्म फाँट, पहाडका शैलुङ, हिमालका हिमश्रृङ्खला, नदीनाला, वनजङ्गल आदि प्राकृतिक विविधताको धनी देश नेपाल हो । विश्वको सर्वोच्च शिखर सगरमाथा भएको देश कलामा सर्वोत्कृष्ट भएको देश नेपाल हो । ऋषि र महर्षिको तपोभूमि यो देशमा सबै जना आएर नयाँ विचार गर आऊ यहाँ नव निर्माण गर्ने अनेक प्रेरणा पाइन्छ । यहाँका जवानहरू जाग तराईको खेतीयोग्य जमिन सिँच अन्नको भण्डार भर । राम्रो हावापानी, कला र साहित्य विचित्र भएको देश नेपाल हो । यो जस्तो राष्ट्र अन्यत्र कतै पनि छैन । मेची, काली जस्ता नदीको पानी उपयोग गरेर धर्तीमा सिञ्चाई गर । बिजुली उत्पादन, फलफूल, अनाज उत्पादन गरी निर्यात बढाऊ यो कर्ममा लाग्यो भने भोको र नाङ्गो बन्नु पर्दैन । विदेशमा गई ढोके, नोकर हुनुहुदैन । अराष्ट्रवादी अब बन्न हुँदैन । नेपालमा परिश्रम गरे जे पनि यही पाइन्छ । विशाल देश नेपाल बनाउन यहाँका नेपालीहरू सबै मिलेर तेरो मेरो नभनी कर्मवीर बन्दै गयौं भने नेपाल अवश्य पनि विकसित राष्ट्र बन्ने छ ।

नेपाल प्राकृतिक रूपले धनी देश हो । यहाँ विश्वको अग्लो शिखर सगरमाथा, नदीनाला, तालतलैया रहेका छन् । यहाँको हावापानी समशीतोष्ण छ । कला र साहित्यमा पनि धनी छ । तराईमा अन्नको भण्डार त्यसैले नेपालको महिमा अरू देश भन्दा भिन्नछ । नेपालीहरू अब यहाँका साधन र स्रोतको उपयोग गरेर निर्यात बढाउन लाग । अर्काको देशमा गएर पसिना नपोख । जसरी कस्तुरी आफ्नो नाभीमा भएको भौंतारिएको हुन्छ

त्यसरी नै नेपालीहरू पनि हाम्रो राष्ट्रको स्रोत र साधनको महत्त्व नबुझेर अन्यत्र जान्छौँ । त्यसैले हाम्रो देशमा भएका वस्तुको महत्त्व बुझेर, साधन स्रोतको उपयोग गरेर विदेश नगई यहीका वस्तुको उपयोग गर्नुपर्छ । नेपाली धर्ती हरेक दृष्टिले भरिपूर्ण भएको कुरा उल्लेख गरेका छन् ।

यहाँ सबै छ नभएको केही छैन तर सोच र विचारको सङ्कीर्णताले खोक्रो तुल्याएको छ त्यसैले सम्भावनाको शिखरमा उत्रेर विकासको अमरत्व प्राप्त गर भन्ने सन्देश प्रवाहित भएको छ ।

### ४.१.१६ जन्मभूमि

जन्मभूमि शब्दले आफू जन्मेको ठाउँलाई चिनिन्छ । यो कवितामा कविले प्रथम पाइला टेकेको ठाउँमा बाल्यकालमा गरेका काम, आफू जन्मेको, हुर्केको, क, ख, ग सिकेको, आफ्नो माटोसँग मितेरी लगाई गरेका उकाली ओरालीको वर्णन गरिएको छ । त्यसैले शीर्षक सार्थक छ ।

मेरो जन्मभूमि मलाई सबैभन्दा प्यारो लाग्छ किनभने यो भूमिमा तातेताते गरेर हिँडेको, बुबुमाम खाएको, हा-हा चरी गरेको, साङ्केतिक भाषामा खेलेको, क, ख, ग, घ र ब, द्य, त्रृ, म्‍ पढेको, मेरो जन्मभूमि हो । जहाँबाट मैले हरेक किसिमका ज्ञान आर्जन गरेँ, हरेक कामको सुरुवात गरेको थिएँ । जल अन्न खाएको, घिर्सी-घिर्सी हिँडेको, कोर्कामा सुतेको बाल्यकाल सम्झँदा अहिले धेरै रहरहरू लाग्छन् । धर्ती एउटा बगैँचा हो जहाँ बालकहरू बगैँचाका फूलजस्तै फुल्छन् अनि परागहरू छर्छन् । बालकहरूले विद्या लिन कोसिस गर्नुपर्छ । विद्या नभएको मान्छे पशु हो । विद्या यस्तो चीज हो जुन चीज दिँदा पनि घट्दैन, ढाले पनि ढल्दैन । यो चीज आर्जन गर्न पछि पर्न हुँदैन । बालक जीवन एक अनौठो जीवन हो । छुनुमुनु गर्ने व्यक्ति पछि धर्ती पुत्र बन्नुपर्छ । जन्मभूमि सजौंला, देशभक्त बनौंला, धर्ती आमा भनौंला, महान् कार्य गरौंला भनी बाल्यकालमा बुनेको सपनाका बारेमा र गरेका कार्यहरूका बारेमा वर्णन गरिएको छ ।

यो कविता आफ्नो बाल्यकालको स्मरण गर्दै तथा आफ्ना नाति-नातिनाहरूलाई खुशी पार्नका लागि लेखेको कुरा उनका छोरा रमेश बाँस्तोलाले बताएका छन् । यो

कवितामा आफ्नो बाल्यकालमा मातृभूमिसँग रमेका क्रियाकलापका बारेमा वर्णन गरिएको छ। त्यसैले शीर्षक सार्थक छ।

### ४.१.१७ हिम-गिरि

हिम र गिरिको मेलबाट यो कतिवाको शीर्षक बनेको छ। यो कवितामा हाम्रो देशको उत्तरतिर रहेका हिमश्रृङ्खलाको बारेमा वर्णन गरिएको छ। त्यसैले हिमगिरि शीर्षक सार्थक छ।

यस कवितामा प्रकृति र मानव जगतको चित्रण गरिएको छ। हिमगिरि सधैंभरि खुशी भएर हाँस्छ। कमाएको कुरा सबै सिद्धाए पनि शान्त रहन्छ। मानवसँग मितेरीको भाव राखेर माया ममता दिइरहन्छ। सबेरै रविको किरण हिमगिरिमा पर्दा मुकुट लगाएको जस्तो देखिन्छ। जगतमा भएका सबै मानिस राजा जस्ता देखिन्छन्। जसरी रविको किरण पर्दा हिम-गिरि यस्तै गरी सबै मानवको कला सुखमय र चम्किलो बनोस्। हुरि, आँधी वर्षा जे-जे आएपनि हिमाल सधैं अडिग रहन्छ एकै क्षणमै हराएर जान्छ। न त हिमालले गल्ती गर्छ न त कोही डराउँछ। हिमगिरि सुशील नारीझैँ दृढ गाम्भीर्य भएर रहेको हुन्छ। हिमगिरि जस्तै हाम्रो प्रकृतिमा हरेक चीज सेतै रहन्छन् बुक्यानी रवि किरण, दुध जल, सबै सेतो रहेको छ। प्रकृति सबै स्वच्छ छ, त्यसरी नै नेपालीको दिल हरघडी सेतै रहन्छ। हाम्रो धर्ती सेतो सफा देखेर हिमाल पनि मुसुमुसु हाँसिरहन्छ। हाम्रो देशमा बाल्मीकि, जनक, सीता, भृकुटी, पृथ्वीनारायण अनि गौतम मुनि ज्ञान पाएको प्रकृति एउटा धुकुटी हो यो देखेर हिमगिरि हाँसिरहेको छ। आफू पनि सेतो, सुयरा, सेतै र हुन्छ, त्यस्तै गरी सिपी हिरा कमलफूल परेको पानीको कड सबै सेतो हुन्छ। गंगाको जल पनि सेतै हुन्छ यो देखेर हिमगिरि हाँसिरहेको छ।

यस कवितामा सेतो हिम-गिरि र प्रकृतिमा भएका वस्तुहरूको सेतोपना सँग तुलना गरिएको छ। सेतो सफा, तटस्थ, सुन्दर, कल्मश नभएको रङ हो। यहाँ नेपाली तथा नेपाली धर्तीका वस्तु पनि सेतै रहेका छन्। यहाँ हिमालको सेतोपन, प्राकृतिक वस्तुको सेतोपन तथा यहाँ मानिसको सेतोपनका बारेमा त्रिकोणात्मक सम्बन्ध देखाएको छ।

**४.१.१८ धन**

एक शब्दले बनेको यस कविताको शीर्षक 'धन' रहेको छ । धन शब्दले सम्पत्तिलाई जनाएको छ । पवित्र कार्य गरेर कमाएको धनले यश कमाउँछ भने कुकृत्य गरेर कमाएको धनले मानवलाई दानव समेत बनाउँछ भनी धनको सदुपयोग र दुरूपयोगका बारेमा बताइएको छ ।

धनका सागरमा परेपछि मान्छेले धर्मको नाश गर्दछ । अपमान गरेर मान्छेलाई तल खसाल्ने चीज नै धन हो । जुवा, रक्सी र रण्डीको महिमा पनि धनले गाउँदछ । मान्छेलाई कुकृत्य तर्फ लम्काउने चीज धन हो । कुकृत्य गरेर कमाएको धन व्यर्थको धन मानिन्छ यस्तो धनले मान्छेको मान, इज्जत र प्रष्ठिालाई नाश गर्दछ ।

पवित्र धनले मान्छेले यश र धर्म कमाउँछ । विद्यादान गरेर, अरूलाई सच्चा कर्ममा लगाएर, आफू पनि सत्कर्म गरेर कमाएको धनले आफूलाई पालन गर्दछ । साधन र साध्यको मेल गर्न मान्छेले जान्नु पर्छ । साधन र साध्यको मेल भएन भने अर्थको अनर्थ हुन्छ । अहिलेको युगमा धनको महिमा यत्र-तत्र छचल्किएको छ । यसको सदुपयोगले मात्र मान्छे सार्थक जीवन ज्यून सक्छ । धनले ज्ञान, विज्ञान, युक्त मान्छे बन्ने सुकार्य गरे मात्र मानव बन्न सक्छ ।

धन कर्म र कुकर्मको साझा चिज हो साधान हो । जसरी एउटा छुरीले सागसब्जी सुधारेमा त्यो साधन हुन्छ भने त्यही छुरी मान्छे माथि प्रहार गरेमा बन्धन बन्दछ । साधन र साध्यको मेल विपरीत भएमा जिन्दगी व्यर्थ बन्द छ । काँचो चिज पकाएकार अगिलने भोजन तयार पार्छ, त्यही अगिलने घरबास भस्म पारेर स्वाहा बनाउन पनि सक्छ धन पनि छुरी र आगो बराबरको चीज हो । यसको सही प्रयोग गरे मानव महामानव बन्दछ । मानव जीवनको अर्थ हुन्छ तर धनको उपयोग सही ठाउँमा भएन भने मान्छे गोरस बिग्रेजस्तै बन्दछ यो बनाउने माध्यम भनेको धने हो । यो कुरालाई मनन गरेर मान्छेले धन सबै थोक होइन मान्छे सबैथोक हो । जनशक्ति बढाउन कोसिस गरेपछि धनको शक्ति आफैँ बढ्छ भनी धन कमाउने मानिसले जनशक्ति बढाउनु पर्छ भनी धनको भन्दा मानव सेवाको महिमा बढी भएको बताएका छन् ।

अत्यन्त मार्मिक तथा रूपक तथा दृष्टान्त अलङ्कारको प्रयोग गरेर धनका राम्रा पक्ष र नराम्रा पक्षबारे केलाएका छन् औचित्यपूर्ण शब्दहरूको प्रयोग गरेर कवितालाई सार्थक तुल्याएका छन् । मानिसलाई कर्मवान बनेर धनवान बन्ने सल्लाह दिएका छन् ।

### ४.१.१९ पसिना दिए

यो कविताको शीर्षक दुई शब्दले बनेको छ 'पसिना दिए' । धर्तीलाई उर्वर बनाउन पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जनताहरू यहाँको जलस्रोत उपयोग गरेर धर्तीलाई सुन्दर बनाउन आह्वान गरिएको छ ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बस्ने सबै नेपालीहरूलाई देश निर्माणका निमत्ति जीवन अर्पण गर्न अनुरोध गरिएको छ । यहाँका गरा, मैदान र टाकुराले दुःख पाएका छन् । नदीनालाको पानीको उपयोग गरेर भूमिलाई उर्वर बनाउन लाग्न, कवितामार्फत सबै नेपालीलाई अनुरोध गरेका छन् । यहाँ धनाढ्यहरूले विदेशी बैंक बिर्सेर हाम्रो देशमा उद्योग धन्दा खोलेर राष्ट्रलाई सजाउन अनुरोध गरिएको छ । जननी जन्मभूमिको मुहार हसाउन सबै नेपालीहरू स्वाभिमानी, कर्मयोगी बनी बाचौँ भन्ने भावना जगाऔँ काम गरेर खानुपर्छ भन्ने भावना सबै नेपाली जनमा जागृत भएमा राष्ट्र बन्न बेर लाग्ने छैन । युवा वर्ग अन्यत्र नलागी यहाँका जलस्रोतको उपयोग गरी धर्ती सुन्दर बनाउन लागेमा नेपाली पछि पर्ने छैनौँ । जो मान्छे ज्यूदै पनि मरेतुल्य बन्छ त्यो मान्छे हो जो जन्मभूमि बिर्सेर अन्यत्र गई बस्ने गर्छ, त्यसैले आफ्नै देशमा परिश्रम गरे, यहीको भूमिमा पसिना बगाउने मान्छे अजम्मरी बन्दछ । आफ्नै देशको उन्नति गर्ने मान्छेको जीवन सार्थक हुन्छ भनी कविताका हरफहरूले बताएका छन् ।

हाम्रो देशका धनीमानीले विदेशका बैंकमा पैसा राखेकोमा खेद प्रकट गर्दै त्यो पैसाले राष्ट्रमा उद्योग धन्दा खोलेर हाम्रो देशमा मेहनत गरी यहाँका टाँरी, बारी र भिर पाखामा सीप रोपेर देशलाइर्ई हराभरा बनाई नेपाली मुहार हसाउन अनुरोध गरिएको छ । यो कविताको शीर्षक र मुख्य भावसँग मेल खाएकोले कविता कविताको गुणले युक्त छ । राष्ट्र समुन्नतिको आधार परिश्रम वा पसिना हो भन्ने ठम्याई कविको छ ।

### ४.१.२० बाघको सवाइ

यो कविताको शीर्षक प्रतिकात्मक रहेको छ । बाघको रूपमा यहाँ सिंहासनमा रहने वा सत्ताको प्रतिनिधित्व गर्ने देशको विशिष्ट तह तथा ओहोदामा रहनेहरूलाई जनाएको छ । कविले तिनै सत्तामा रहनेहरूलाई बाघको रूप र तिनीहरूलाई नै आधार मानेर लेखिएको गीत वा लोकलयलाई सवाइका रूपमा लिएका छन् । त्यसैले शीर्षक सार्थक रहेको छ ।

प्राचीनकालमा कथा भन्दा प्रयोग गरिने शब्द सुन-सुन भाइ हो म केही भन्छु पुत्ले, पाङ्रे, बाघको सवाइ कहन्छु भनी सुरुवात गरिएको छ । यहाँ बगैँचाको बिचमा रहने बाघले मान्छे खाने गरेको वर्णन गरिएको छ । त्यो बाघले सुनको बाला अथवा लोभ र लालच देखाएर मान्छे खाने गरेको कुरा उल्लेख भएको छ । विभिन्न तह र ओहोदामा रहेका मान्छेमा सुशासन हराएको छ कुशासनले सत्तामा राज गरेर बसेको छ । उनीहरूको शारीरिक चेहेरा हेर्दा आकर्षक छन् तर बानी व्यहोरा हेर्दा पशुजस्तै छन् । वन र घरको आफैँ राजा ठान्ने रहेछन् । जनतालाई रैती ठान्ने रैछ । अब यसलाई जनतालाई शोषण, दमन गर्न दिनु हुँदैन अरूलाई शोषण गर्ने दाह्रा, नङ्ग्रा निकालेर राख्नुपर्छ । बाघको छालालाई अब मृगले खाने खेल गर्न सत्तामा राज गरेकालाई अब झुक्याउन दिनु हुँदैन भन्ने आशय प्रकट भएको छ ।

बाघको सवाइ कविताले बाघको रूपले विभिन्न तह र ओहोदामा रहेका व्यक्तिलाई चिनाएको छ भने रैती भनेका सोझासाजा जनतालाई प्रतिनिधित्व गरेको छ । माथिल्लो तहमा भएकाले तल्लो तहमा रहेकालाई सुनको बाला जस्ता महत्त्वपूर्ण वस्तु देखाएर झुक्याएको कुरा उल्लेख भएको छ त्यही कुरालाई लोकलयमा प्रस्तुत कवितामार्फत उल्लेख गरेका छन् । हामीले निरङ्कुश राजतन्त्र र एकतन्त्रीय शासन पद्धतिलाई हराएर प्रजातान्त्रिक परिपाटीको स्थापना गर्न लाग्नुपर्ने भाव व्यक्त भएको छ ।

### ४.१.२१ तिमी

तिमी भनेर यो कवितामा साना-साना भाइबहिनीलाई सम्बोधन गरिएको छ । यो कवितामा आजका बालबालिका भोलिका कर्णधार हुन् । त्यसैले ज्ञान, विज्ञानका कुराहरू

पढेर भोलि गरिब जनका व्यथा फाल्न अनुरोध गरेका छन् त्यसैले कविताको शीर्षक तिमी सार्थक छ ।

बालबालिका आज फूलका कोपिला जस्तै हुन् यिनीहरू भविष्यमा फक्रिएर पराग दिएर सुमधुर बास्ना दिन सफल हुन्छन् । जसरी फूलले बगैँचा सुन्दर देखिन्छ त्यसरी नै विभिन्न सीप र काल सिकेका बालबालिकाले धर्तीलाई सुन्दर बनाउँछन् । आजका बालक भोलिका देश निर्माणका कर्णधार हुन् । भाइबहिनीले कथा, कविता, इतिहास पढेर वा ज्ञान आर्जन गरी देशमा व्याप्त भएको गरिबीलाई हटाउन आग्रह गरेका छन् । सबैमा समभाव राखेर ज्ञान, विज्ञान पढी चन्द्रलोकमा पुग्ने आशीर्वाद दिएका छन् । पढी लेखी गुणी बनेर मौरी जस्तै बन जसरी मौरी हरेक फूलको बोटको रस चुस्छ र मह जम्मा गर्दछ त्यसरी नै तिमीले पनि हरेक चीजबाट पाइने राम्रो ज्ञान, गुन असल कुरा सबैबाट सिकेर मौरीको रस जस्तै असल ज्ञान सिक र देशको नवनिर्माणमा लाग भनी कविताले भाइबहिनीलाई आग्रह गरेको छ ।

यसरी आजका बालबालिका भोलिका कर्णधार हुन् । यिनीहरूलाई ज्ञान, विज्ञानका कुराहरू सिकाएर अनि भाइबहिनी पढेर वैज्ञानिक बन्नलाई कविताद्वारा स-साना बालबालिकालाई प्रेरणा दिएका छन् । बालबालिका देशका भविष्य भएकाले यिनीहरूलाई सानैबाट जिम्मेवार बन्न र राम्ररी पढी भविष्यको मार्गचित्र बोकेर हिँड्न सुझाएका छन् ।

### ४.१.२२ भूर्भवः स्वः

भूर्भवः स्वः शब्दले स्वर्ग, मर्त्य र अन्तरिक्ष तीन लोकलाई जनाउँछ , यिनै तीन लोकको खोजी गरेर मान्छेलाई सुख भोग गरी दुःख दरिद्र नाश गर्ने प्रमुख उपायका रूपमा लिइएको छ । त्यसैले कविताको शीर्षक भूर्भवः स्वः सार्थक छ ।

पृथ्वीले यहाँका जीवहरूको पेट राम्ररी भर्न सकेकी छैनन् त्यसैले नरनारीले भोको, नांगो भई, ऐय्या ! आच्छु गरेर बाँच्नु परेको छ । समस्यामा नै समाधान जोडिएको हुन्छ भनेझैँ मान्छेले नै समस्याको समाधान गर्न ग्रह र अन्तरिक्षको खोजी गर्न लाग्नु पर्दछ । गरिबहरूको बासस्थान अब अन्तरिक्ष बनाउनु पर्छ । शिक्षा दीक्षा दिलाएर वैज्ञानिक बनाई अन्तरिक्ष सजाउन सकिन्छ । अन्तरिक्षमा गइसकेपछि फेरि हामीले स्वर्गलोकको खोजी गरी

तिनै लोकमा बस्ती बसालेर सुखभोग गर्नुपर्छ। भूर्भवः स्वः शब्द हाम्रा ऋषिमुनिहरूले वेदमा उल्लेख गरेका छन्। अनुसन्धान गर्नाले फल प्राप्ति हुन्छ भन्ने कुरा हाम्रा शास्त्रमा पनि उल्लेख भएको छ। खोजी कार्यमा जुट्यौं। हामी प्राज्ञिक व्यक्ति भएर तीन लोक सजाय बस्यौं भने हामी नै ईश्वर बन्दछौं। पहिला व्यक्ति स्वयं व्यक्ति ज्ञान, विज्ञानका बारेमा विज्ञ बनेर मात्र यी तीन लोकको सुख भोग गर्न पाउनेछन्। पृथ्वीको मात्र प्रयोग गरेका छौ अब अन्तरिक्ष र स्वर्ग लोकको खोजी गरेर उन्नतितर्फ लम्किराखौं। अब हाम्रो काम अन्तरिक्ष र स्वर्गलोकको खोजी गरी त्यहाँ मानव बस्ती बसाल्नु नै दुःख र दरिद्रको नाश गर्ने प्रमुख उपाय हो भनी कविताको मुख्य भाव प्रस्तुत गरिएको छ।

यो कवितामा पृथ्वी आकाश र स्वर्ग लोकको खोजी गरी त्यहाँ पृथ्वी बराबरको मानिस रम्न र बच्न सक्ने अवस्थाको खोजी गरी मानिसका समपूर्ण दुःख, दरिद्र नाश गर्ने कुराको बारेमा उल्लेख गरिएको छ। अझ भावार्थमा बुझ्दा पृथ्वीलाई पृथ्वीकै रूपमा नभएर ज्ञान विज्ञानको सहयोगले अन्तरिक्ष पातालका साधनहरूलाई पृथ्वीमा भित्र्याएर पृथ्वीलाई नै भूस्वर्गको रूपमा उपयोग गर्ने सल्लाह यस कविताले दिएको छ।

### ४.१.२३ बुद्धिमान्

बुद्धिमान शब्दले ज्ञानी, बुद्धिमान्, विवेकी, सोच विचार गर्ने क्षमतालाई बुझाउन्छ। मानिसको जन्मेपछि मृत्यु अनिश्चय भावी छ त्यसैले यस धर्तीमा रहुन्जेल हामीले सत्कर्म, उदर, सद्धर्म, सभ्य, स्वाभिमानी, आजात शत्रु नभएको स्वावलम्बी र राष्ट्रप्रेमी बन्नुपर्ने भाव व्यक्त भएको हुनाले 'बुद्धिमान' शीर्षक सार्थक छ।

मान्छे जन्मन्छ हुर्कन्छ अनि मर्छ यो कुरालाई मनमा लिएर बाँचुन्जेल जीवनलाई सार्थक बनाउनु नै बुद्धिमान हो। जो मानिस बुद्धिमान छ, उसले सधैँ अरूको उदार गर्छ। सधैँ यस्तो मान्छे सद्धर्म थामेरै बस्दछन्। जो व्यक्ति वीर छ उसले जीवनका उकाली ओराली, सुख दुःख भोग्दछ। जो मान्छे नामर्द छ त्यो मान्छे रोइ मात्र बस्दछ समाधानका उपायहरू खोज्दैन। नामर्दका आँसु पुछ्न वीर नै अघि सर्दछ। पृथ्वी एउटा गौ माता हुन् जसलाई हुदेर विभिन्न रसामृत पान गर्दै कर्मको जीवनरूपी गंगामा सैर गर्दै बाँदछ। मूर्ख, अबुझ मान्छे भने आफू केही नगरी प्रकृतिमै रम्न व्यस्त हुन्छ। मूर्खले प्रकृतिलाई नाश

गरेर आफू रमाउँछ। स्वाभिमानी मान्छे पराधिन भएर बस्नुलाई दुःखको सागर सम्झन्छ अर्काको परिश्रम खाँदा आत्मग्लानिको महसुस गर्छ भने स्वार्थी मानिस प्रकृतिमा रम्न मात्रै बस्दछ। मानिसका शत्रु नभएका कोही छैनन् तर शत्रु भएपछि सबै शत्रु छैनन् जतातते शत्रु छैनन्। फूल र पराग जस्तै कर्मवादी जीवन हो। कर्म गरेपछि नाम चल्छ फूल नफूली बास्ना आउँदैन त्यसरी नै मानवले पनि काम नगरी नाम चल्दैन यो समाज फूल र पराग जस्तै हो। लौका फुल जस्तै हाम्रो हृदय स्वच्छ छ। जो मानिस स्वाभिमानी छ त्यो मानिस कार्यनिष्ठ भएर बाँच्न सक्छ।

अनुष्टुप छन्दमा रचना गरिएको यस कवितामा अन्त्यानुप्रासको प्रयोग छ। सरल, सहज भाषाको प्रयोग गरिएको छ। त्यसैले कवितामा साङ्गीतिकता र लयात्मकता पाइन्छ। यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ। यस कवितामा दृष्टान्त अलङ्कारको प्रयोग गरिएको छ।

### ४.१.२४ मोती सर्वत्र फल्छ

मोती भनेको बहुमुल्य धातु हो। जसलाई हाम्रो देशमा हरेक ठाउँमा फलाउन सकिन्छ भन्ने प्रतिकात्मक शीर्षक यस कविताको रहेको छ। हाम्रो देशलाई पसिनाले भिजायौँ भने यहाँ अनेक चिज उत्पादन गर्न सकिन्छ हामी गरिब बन्नु पर्दैन हामीले हाम्रो देशमा श्रम गरेर अनेक चिज उत्पादन गर्न सकिन्छ भन्ने कविताको शीर्षक अन्यन्त सान्दर्भिक छ।

कविले आफ्नो देशका टार र टाकुराहरू बाँझा देखेर आफ्नो हृदयमा ज्वाला दन्केको कुरा चित्रण गरेका छन्। हामीले हाम्रो मातृभूमि टार, टाकुरा, पहाडहरूमा पसिना पोख्यौँ भने यहाँ सबै ठाउँमा मोती समानका अनाजहरू उत्पादन हुन्छन्। जसरी गाईको थुन बाच्छीले पगार्दछ त्यसरी हामी त्यसरी नै हाम्रो भूमिमै कर्म गरेर यही सिप पोखी सृजनाका बिउहरू उमार्नु पर्दछ। हाम्रो देशलाई सिंचाई गर्न नदीनालाहरू बगेका छन् यी नदीनाला आफ्नो भूमि सिंचाइ गर्न छोडेर 'काम छाम्नु छैन कागका पछाडि दुगुर्नु' भन्ने उखानलाई चरितार्थ पारेका छन्। आफ्नो देशमा फलाउन प्रयत्न पनि नगरेर युरोप अमेरिका जस्ता देशतिर लागेका छन्।

हाम्रो देशका नदी, नाला, ताल र तलैयाबाट विद्युत निकाले यिनलाई उपयोग गरेर धन दौलत कमाउन सकिन्छ तब मात्र मोती फलाउन सकिन्छ। हाम्रो पसिना बल, वर्गत मोतीका दाना हुन्। हिमाल सौन्दर्यको चाँदनी हाम्रो देशको सौन्दर्य, पहाडमा घर छ। हाम्रो देशमा तराई अन्नको खानी छ। यस्तो सुन्दरताको खानी अन्त कतै छैन। नेपाली हामी भाग्यमानी छौँ हामी अब पौरख गरौँ हाम्रो देशमा सुगन्ध खोजेर अन्त नहिँडौँ। हाम्रो देश मोती, माण्डियले युक्त छ। यो स्वर्ग तुल्य छ। धनधान्य छ। यसलाई परिश्रम गरेर फुलाउने र फलाउने काम गरौँ अर्काको देशमा नजाऔँ भन्ने आह्वान कविले गरेका छन्।

अनुष्टुप छन्दमा रचना भएको यो कवितामा अन्त्यानु प्रसाको प्रयोग भएको छ। राष्ट्रप्रेमको भावना उजागर गरिएको यो कवितामा उपमा तथा दृष्टान्त अलङ्कारको प्रयोग भएको यो कविता कविताका तत्त्वले युक्त छ।

## ४.१.२५ राष्ट्र नौलो बनाऔँ

'राष्ट्र' शब्दले देश, मुलुक,लाई जनाउँछ भने 'नौलो' शब्दले नयाँ वा उन्नतशिललाई जनाउँछ। यो कविताको शीर्षक वाक्यात्मक रहेको छ। यस कवितालो यहाँका प्राकृतिक स्रोत र साधानको सदुपयोग गरी नेपालीहरूलाई नेपाल नौलो बनाउन कविता मार्फत सन्देश दिएको छ।

पोखरा प्राकृतिक सुन्दरताको भण्डार मात्र नभई साधन, स्रोत पनि प्रशस्त रहेको ठाउँ हो। जसमा फेवा, रुपा,सेती गंगा आदिको जलस्रोत यसै खेर गएको छ। डाँडाकाँडा गााङ्गा छन् त्यसैले यो धर्तीका सपूतहरूले श्रम र सीपले सिर्जेर राष्ट्रलाई नौलो बनाउन देश बासीहरूलाई आग्रह गरेका छन्।

मन्दाक्रान्ता छन्दमा लेखिएको कवितामा राष्ट्रप्रेमको भाव व्यक्त भएको छ। यो कविता कविताका गुणले युक्त छ।

## ४.२. कविताहरूको विश्लेषण

### ४.२.१ विषयवस्तुगत प्रवृत्ति

साहित्यको जुनसुकै विधाका लागि पनि विषयवस्तुलाई अति महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ। विभिन्न क्षेत्रबाट विषय वस्तुको छनोट गरी त्यसको केन्द्रविन्दुमा टेकेर काव्य रचना गरेको पाइन्छ। कविले कविताको विषय वस्तुका रूपमा जीवनमा भोगेका अनुभव गरेका विषयवस्तुलाई कविताका रूपमा उतारेको पाइन्छ, यो कुरा मृत्यु शैय्यामा आमा म नेपाली कविताबाट पुष्टि हुन्छ। राजनीति बेथिति जस्ता विषयवस्तुलाई कविताका श्लोकमा उनेको पाइन्छ। यिनै विषयहरूको आधारमा कवि टीकाराम बाँस्तोला कवितामा पाइने काव्य प्रकृतिहरूलाई क्रमशः अध्ययन गर्दा उनका काव्य रचनामा विभिन्न विषयवस्तुको चयन गरिएको हुनाले उनका कवितामा पाइने विषयवस्तुलाई काव्य प्रवृत्तिको चर्चा क्रमशः यसरी गर्न सकिन्छ।

### ४.२.२ राष्ट्रियता र देशभक्ति

कवि टीकाराम बाँस्तोलाका कविताहरूमा राष्ट्रवादी र देशप्रेमको भावना उच्च रूपमा छताछुल्ल भएको पाइन्छ। उनले आफ्नो राष्ट्रवालाई राजनीतिको रूपमा, स्वाभिमानको रूपमा समाजको र देशको प्रगतिको रूपमा परिपाक गरी प्रस्तुत गरेको पाइन्छ। नेपालको सुन्दरताको लागि उपयोग गर्नका लागि नेपालीहरूमा श्रम, पि र जाँगरको आवश्यकता पर्दछ। राष्ट्र र राष्ट्रियता नेपालको सर्वस्व हो। नेपाल एक प्राकृतिक छटाहरूको समागम हो यसलाई दोस्रो स्वर्ग नै मान्न सकिन्छ। यसलाई नेपालीहरूले श्रमको जवाफ लगाएर जम्काउन आवश्यक छ। डाँडा काँडा हराभरा हुनुपर्दछ। धर्तीका सपूतहरू कर्ममा विश्वास गरेर जाग्नु पर्दछ भन्ने भाव यसरी व्यक्त भएको छ :

डाँडा काँडा नबस यसरी खाली नाङ्गा भएर
खोला नाला नकुद त्यसरी पातपत्कर लिएर।
ए धर्तीका सपुतहरू हो कर्मको गीत गाऔँ
नेपालीका श्रम र सीपले राष्ट्र नौलो बनाऔँ॥

(टीकाराम बाँस्तोला, व्यक्ति र व्यक्तित्व भूमिका पृष्ठ १)

राष्ट्र, समृद्धितर्फ लम्किन देशमा असल राजनीति स्थापित हुनुपर्दछ । राष्ट्र र जनता सुखी बन्न प्रजातन्त्र अपरिहार्य छ भन्ने भावले पनि राष्ट्रियताको भावलाई लक्षित गरेको छ :

प्राणभन्दा पनि प्यारो प्रजातन्त्र गुम्यो भने
हाम्रो अस्तित्व मेटिन्छ कुशासन जाग्यो भने

(हिमशिखर, १५ औं पुष्पमाला २०७१, पृ. १५९)

शान्तिको र समुन्नतिको साझा मुद्दालाई उनले राष्ट्रियताको पक्षमा वकालत गरेको पाइन्छ :

बुद्धको नगरी हो यो पवित्र छन् यहाँ जन
यत्र तत्र जता हेर पाइन्छन् ज्ञानका कण ॥

(हिमशिखर, १५ औं पुष्पमाला २०७१ पृ. १५९) ।

व्यक्तिगत स्वार्थका लागि विदेशिने प्रवृत्तिलाई नकार्दै आफ्नो राष्ट्रको लागि केही गर्नुपर्ने पक्षमा कवि टीकाराम बाँस्तोला अडिक देखिन्छन् :

बुझ्दैनौ यदि जन्मभूमि महिमा हौ भोग्यका गायक
त्यस्तो जीवन व्यर्थ हुन्छ बुझ्दै बन्छौ नि नालायक ॥
विद्वान् वा धनवान् भएर जनको सेवा गरे अर्थ छ
आफ्नै देश भुलेर बाहिर बसे त्यो जिन्दगी व्यर्थ छ

(हिमशिखर अङ्क ६, २०६२ : ७) ।

कवि टीकाराम बाँस्तोला राष्ट्रियता प्रति मरिमेट्ने कवि हुन् । राष्ट्र भन्नु नै हामी सबैको प्यारी आमा हुन् । आमा खुसी हुनु भनेको आफ्ना सन्तानहरूले आफै लाई माया ममता दिनु हो । त्यसैले नेपाल आमाको असल सन्तान भएर नेपाल आमालाई हार्दिक माया ममताका साथ राष्ट्रलाई जोगाउन परम कर्तव्य हो । जन्मदिने आमा र जन्मभूमिको ऋण नतिर्ने असल सन्तान बन्न सक्दैन भन्ने ठम्याइ कविको छ-

ऋण तिर्ने सबै मान्छे सपुत मान्नुपर्दछ
ऋण खार्य पचाएमा कपुत भन्नुपर्दछ । श्लो. ७
सिर्जना अङ्क ७, वर्ष २०६६, पृ. ५२)
सिर्जना साहित्य सदन, घाचोक, कास्की

### ४.२.३ प्रकृतिचित्रण

कवि टीकाराम बाँस्तोलाले प्रकृतिलाई प्रकृतिकै तन्मय मनमा चित्रण गरी मन्मय भावलाई कवितामा प्रस्तुत गर्ने कवि हुन् । यिनले प्रकृयतिलाई शाश्वत दैवी शक्तिको रूपमा पनि स्वीकारेका छन् । उनका कवितामा आफ्नै वरपरका हिमाल पहाड वनजङ्गल, जीवजन्तु, पशुपक्षी, चराचुरुङ्गी, नदीनाला, फलफूल, ढुङगो, माटो, अन्नबालीको अत्यन्तै मनमोहक ढङ्गबाट वर्णन गरेको पाइन्छ । गाउँका गरिबी र उकाली ओरालीलाई पनि प्रकृति चित्रण भित्र समेटेको पाइन्छ :

मेची काली सबै जाग धर्तीलाई सिंचाउन
देश निर्माणका निम्ति अर्पियौ अब जीवन ।

(माहर, द्वैमासिक साहित्यिक प्रकाशन, वर्ष १५, अङ्क २, वि.सं. २०५२, पृ. १) ।

प्रकृतिलाई कविले रसास्वादनको रूपमा पनि चित्रण गरेका छन् । कक्षाको र साहित्यको संगमको रूपमा पनि प्रकृतिलाई चित्रण गरेका छन् :

हावा र पानी अति स्वादिलो छ
कला र साहित्य विचित्रको छ
वसुन्धराको महिमा यही छ
नेपाल जस्तो धरती कहाँछ (श्लो. ५)

सिर्जना अङ्क ८, वर्ष २०६७, सिर्जना साहित्य सदन, कास्की)

कविले अन्यत्रको नभएर नेपाली प्रकृतिको मुख्य रूपमा चित्र उतारेका छन् । प्रकृति चित्रणमा पनि नेपालीपन समाहित गर्नु उनको काव्यकारिता हो ।

हिमाल चाँदनी जस्तो पहाड मनुवा घर
तराई अन्नको खानी यस्ता अन्यत्र काँ छ र ?

(हिमशिखर अङ्क ४, वि.सं. २०६०, पृ. १८) ।

### ४.२.४ स्वाभिमानी स्वर

कवि टीकाराम बाँस्तोला स्वतन्त्र र स्वाभिमानपूर्वक बाँच्न चाहन्छन् र अरूलाई पनि पूर्खाको गौरबपूर्ण इतिहास जोगाएर स्वाभिमानी नेपालीको परिचय दिनुपर्ने मान्यता

राख्दछन् । राष्ट्रको उन्नति, पुर्खाको गौरव र देश मुक्तिको माध्यमबाट स्वाभिमान उचाइमा पुग्ने कविको ठम्याइ छ । हामी पनि केही हौँ र केह ीगर्न सक्छौँ, केही कुराको कमी छैन । हामीभित्र दृढ साहस विश्वास, महान् उद्देश्य लिएर अगाडि बढ्ने सामर्थ्य छ । हामी बाँच्नका लागि स्वाभिमान गुमाएर कसैको गुलामी गर्नुहुँदैन भन्ने चाहना राख्दै जीवन पर्यन्त आफूलाई आवश्यक पर्ने कुराहरको जोडजाम गर्नुपर्छ र गर्न सक्छौ भन्ने आत्मविश्वास पनि उनका कवितामा पाइन्छ ।

जननी जन्मभूमिका सोवमा हौ सपर्मण
कर्तव्य पथमा लम्की जीवेमः शरदः शतम । श्लो. १५
(सिर्जना, अङ्क ७, २०६६, सिर्जना साहित्य सदन)

काम र स्वाभिमान बिर्सेर अर्काको स्तुति गान गर्नुहुँदैन भन्ने कुरामा पनि कवि छन् :

अनर्थमा रमाएर स्तुतिगान म गर्दिनँ
कर्तव्य पथ छाडेर अर्काका भर पर्दिनँ ।
(हिमशिखर, अङ्क १५, २०७१, पृ. १५९) ।

### ४.२.५ सामाजिक यथार्थ

कवि टीकाराम बाँस्तोला आफ्नो कविताहरूमा समाजमा भए/गरेका राम्रा नराम्रा कुराहरूहरूको यथार्थ रूपमा पेश गर्ने र त्यसको निराकरणका लागि डटेर सामना गर्नुपर्ने भाव समेत उनले व्यक्त गरेका छन् । समाजमा बढेका विकृतिलाई साँढेको माध्यमबाट प्रस्तुत गरी साँढेलाई जोत्नु हुँदैन भन्ने सामाजिक मान्यतालाई पुरातनवादी सोचको रूपमा प्रस्तुत गरी साँढेको अहमता र उग्रतालाई नियन्त्रण गर्न साढेलाई जोत्नुपर्दछ भन्ने देखाएर अन्याय सहनु हुँदैन । समाजलाई मुकाविला गरेर बदल्नु पर्दछ भन्ने मान्यता कविको छ :

बसाहलाई अब बस्न दिन्नँ
हराभरा बाली बिगानृ दिन्नँ
छाडा भई डुल्न कसै म दिन्नँ
दाम्लो बलियो नबनाई हुन्न ।

त्यल्लाई आजै अब नारी छाड्दछु
हलो समाई कन धर्ती जोत्दछु ।
विधानले मानिस एक पार्दछु
यै धर्ती स्वर्ग बनाइ छाड्दछु

(हिमशिखर, २०५९) ।

समाजमा सामन्त वर्गले सबै धन र जग्गा थुपारेर बसेका तर गरिब निमुखा जनताहरू भोका र नाङगा भएकाले धनीको सम्पत्ति गरिबलाई बाडेर सर्वे भवन्तु सुखिनको भाव समाजमा छरियोस् भन्ने कुरामा कवि दृढ देखिन्छन् :

त्यो बस्ती सब होस् गरिबहरूको पेवा धनीको नहोस्
आफ्नै पौरखमा रमेर सबमा स्वर्गीय आनन्द होस्
भू लोकी दुई भागका सहरमा आते र जाते गरुन्
मान्छेमा समता बढोस् दिन दिनै आनन्दमा मग्न हुन्

(माछापुच्छ्रे, मुखपत्र, स्व.वि.यु. पृथ्वीनारायण क्या. २०६२, पृ. ६०) ।

समाजमा ठुला बडाको मनोमानी बढेको र निर्धाको पक्षमा बोल्ने मान्छेहरू हराउँदै गएको कुरातर्फ पनि कविको ध्यान पुगेको देखिन्छ :

बलियाले भरे डाली निर्धा खाली भए त्यहाँ
निर्धनी वर्गका लागि धर्तीमा बोल्छ को यहाँ । श्लो. १५

(हिमशिखर, अङ्क ५, २०६१) ।

## ४.२.६ राजनीतिक सचेतना

विश्वमा समाजर्ला अग्र गति दिन विभिन्न सचेतनात्मक आन्दोलन हुन्छ । ती सबै कुरा राजनीतिबाट अभिप्रेरित हुन्छन् । चाहे राज्यको व्यवस्था विरुद्ध होस् वा समाजका अवाञ्छनीय गतिविधिको विरुद्धमा हिंसात्मक वा अहिंसात्मक गतिवधिहरू संचालित हुन्छन् । त्यसको प्रभाव समाजका हरेक पक्षमा पर्दछ त्यो साहित्यमा पनि पर्दछ । साहित्यले हिंसात्मक राजनीतिमा विश्वास गर्दैन । यसले अहिंसात्मक आन्दोलनको मात्र समर्थन गर्दछ । साहित्यको माध्यमबाट सामाजिक सचेतनाको विकास गर्दछ । साहित्यकार

पनि समाजको अभिन्न अङ्ग भएकाले उनीहरूले पिन आफ्नो भावनालाई काव्यको माध्यमबाट सशक्त रूपमा पृष्ठपोषण गर्दछन् र मिठा मिठा पद्यहरूको रचना गरी त्सैका माध्यमबाट क्रान्तिको ज्वाला दन्काउँछन् । तयस्तै कवि टीकाराम बाँस्तोला पनि सामाजिक सुधार पृष्ठपोषक र नेपाली काँग्रेसका सक्रिय सदस्य समेत भएकलो कवितामा पनि त्यो जनचाहना प्रबल देखिन्छ । अझ उनले स्वतन्त्रता र समृद्धिको लागि प्रजातन्त्रको अनिवार्य आगमन हुनुपर्दछ भनेर भनेको पाइन्छ । प्रजातन्त्र आएपछि पनि सत्ता लिप्सामा रुमल्लिएको राजनीतिबाट पनि उनी सन्तुष्ट हुन नसकेको भाव निम्न पद्यमा भेटिन्छ :

सुशासन भन्ने कुरा स्वर्ग गएको रैछ
कुशासन भन्ने हजुर सि.हासन रैछ

(सिर्जना, वर्ष २, अङ्क २, २०६१)

कविले आफ्ना कवितामा असल समाजवादको उदय गर्नुपर्ने उद्घोष पनि गरेका छन् :

घमण्डलाई पर सारि हाल
कर्तव्यशाली वन शीघ्र आज
सामन्तलाई पर सार्नु पर्छ ।
धर्ती सबैको हुनुपर्छ पर्छ ॥

(हिमशिखर, १६ औ पुष्पमाला २०७२)

नथाकौं कर्मका निम्ति झण्डा बोकेर हिँड्नु छ
प्रजातन्त्र लिई अस्त्र अधर्मीसँग लड्नु छ
प्राणभन्दा पनि प्यारो प्रजातन्त्र गुम्यो भने
हाम्रो अस्तित्व मेटिन्छ कुशासन जाग्यो भने ॥

## ४.२. कवि र काव्यको प्रेम

कवि टकिाराम बाँस्तोलाले कवि र काव्यप्रति पूर्ण समर्पित भएका व्यक्ति हुन् । साहित्य समाजको ऐना हो । कवि युग द्रष्टा हुन् । तिनीहरूको सम्मान नभएसम्म देशको मुहार फेरिदैन । इज्जत जोगिदैन ।कविको राज्यमा अराजक शक्ति टिक्न सक्दैन । कवि नै

सबैभन्दा प्रमुख सभ्यताको सूचक हो भन्ने उनको ठम्याइ छ। उनले कवि र काव्यप्रतिको निष्ठालाई यसरी प्रष्ट्याएका छन् :

कविको कीर्ति हो काव्य चौबाटो इच्छ काव्यले
सभ्य मानिस निर्माता यही हो भन्छ विश्वले ॥
कविको कृति मर्दैन जस्तै आपतमा पनि
स्रष्टा द्रष्टा सबै बन्छ कविको काव्य जीवनी ॥

(हिमशिखर, ११ औ पुष्प, २०६७)

## ४.२.८ नारी शक्ति नै मातृशक्ति

कवि टीकाराम बाँस्तोलाले आफ्ना कवितामा नारीलाई छोरी, बुहारी र श्रीमतीको रूपमा नहेरी केवल मातृ शक्तिको रूपमा मात्र स्थान दिइएका छन्। उनले नारीलाई कमजोर शक्तिको रूपमा नहेरी मातृत्व शक्तिको रूपमा जगजननी, जन्मदात्री, जन्मभूमि, शक्ति स्वरूपा, ज्ञान दायिनी शक्तिको रूपमा स्थान दिएका छन्। उनले आफ्ना काव्यमा आमाको महत्त्व बुझ्न नसकेको चिन्ता मात्र गरेका छैनन्। तिमीलाई आमाको रूपमा सधैं मानिरहने छु र फेरि जन्म भएमा तिम्रै छोरा भएर जन्मन चताहन्छु। म मातृभूमिलाई र आफ्नो जन्मदिने आमालाई कदापि नकार्नु हुँदैन। कुपुत्रो जायेत कचिदपि कुमाता नभवति अर्थात् कुसन्तान जन्मन सक्छ तर कुमाता हुँदैन भन्ने कुरालाई देखाएका छन्। त्यसैले उनलाई नारीवादी लेखकको रूपमा लिइएका छन्। उनले अफ्नी छोरीलाई उचित शिक्षा दीक्षा दिएका र धर्मपत्नीलाई पनि कहिल्यै अपमानित व्यवहार नगरेको उनकै छोरी र पत्नी बताउँछन्। उनका बुहारी पनि आफ्ना ससुरा र नभएर पिता हुन् भन्न रुचाउँछन्। त्यसैले उनदले आफ्ना कवितामा राखेको दृष्टिकोण नितान्त नजिी विचार हो भन्न सकिन्छ। उनले नारी र पुरुषमा समभाव पनि देखाएका छन्।

जस्तैः धर्तीका नरनारी हो पढ्नुपर्छ खुरुखुरु
पढ्दैन जसले आज भोलि रुन्छ धुरुधुरु

सिर्जना साहित्य, अङ्क १०, २०६९)।

### ४.२.९ धार्मिक सङ्गति

कवि टीकाराम बाँस्तोलाले आफ्ना कवितामा धार्मिक सहिष्णुता र मानवताको संरक्षणको रूपमा धर्मलाई लिएका छन् । उनकी धर्मपत्नीको भनाइलाई सापटी लिने हो भने पनि उहाँले तीर्थ व्रत गर्नुभन्दा समाजसेवा गरेमा धर्म हुन्छ । अन्यत्रका मठमन्दिर धाउनुभन्दा आफ्नै देशका मठ मन्दिरको रक्षा गर्नुपर्छ भन्ने विचार बाँस्तोलाको थियो । यसको अर्थ उनी अनीश्वरवादी थिए भन्ने होइन उनी धार्मिक आडम्बरलाई मान्दैनथे तर आफ्नो पूर्वीय परम्पराप्रति सधैं गौरव गर्थे । उनी वेद, गाई, गङ्गा, तुलसी, गीता सबैलाई आस्था गर्थे । उनले नेपालका नदी र धार्मिक स्थलहरूलाई आफ्ना कवितामा सजाएका छन् । असल कर्म गरे स्वर्ग र गलत कर्म गरे नरक गइन्छ भन्ने मान्यतालाई पनि स्वीकारेका छन् । उनी सत्कर्ममा विश्वास राख्ने कुरा तलको कवितांशले जनाएको छ :

सद्धर्म राखी कन गर्नु काज
मिली उठाऔँ अब यो समाज ॥
बाचौँ बचाऔँ शुभकर्म साथ
छोटो छ यो जिन्दगी कीर्ति राख ॥

हिमशिखर १६ औँ पुष्पमाला-२०७२, पृष्ठ १०९ ।

### ४.२.१० शान्तिको चाहना

कवि टीकाराम बाँस्तोलाले नेपाललाई जनकको भूमि र बुद्धको भूमिका रूपमा चित्रण गर्दै यहाँ अन्याय र अत्याचार हट्नुपर्छ । हत्या, हिंसा बन्द हुनु पर्दछ । प्रजातन्त्र र सुशासन शान्तिको सन्देश विश्वभरि छरिनुपर्दछ । नेपालीहरू अन्यायको कालो बादल र आतङ्कको छायाँमा बस्न रुचाउँदैनन् । नेपाली आमालाई खुसी पार्न उनको सन्ततिहरू एकआपसमा मैत्रीपूर्ण भावनामा रमाउन चाहन्छन् । नेपाल र नेपालीलाई हसाउँदै विश्वलाई शान्तिको पाठ सिकाउन चाहन्छन् । गौतम बुद्धले देखाएको मार्ग अवलम्बन गर्न चाहन्छन् भन्ने भावना उनका कवितामा भेटिन्छ :

बुद्धको नगरी हो यो पवित्र छन् यहाँ जन
यत्र तत्र जता हेर पाइन्छन् ज्ञानका कण ॥

हिमशिखर, १५ औँ पुष्प, २०७१, पृ. १५९

गरीबहरूको बस्ती त्यसलाई बनाउन
लागौँ समस्त मान्छे हो, श्रमशक्ति जुटाउन ।
हिमशिखर, १२ औँ पुष्प, २०६८ ।

## ४.२.११ राष्ट्रिय विभूतिहरूप्रति सम्मान

कवि टीकाराम बाँस्तोलाले आफ्ना कविताहरूमा विभिन्न कोणबाट राष्ट्रको गौरवलाई उच्च विन्दुमा पुऱ्याउने नेपाली आमाका सन्तान अर्थात् राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वहरूप्रति ठूलो सम्मान प्रकट गर्न खोजेका छन् । यी चर्चा गरिएका महान् विभूतिहरूले विभिन्न कालखण्डमा, विभिन्न क्षेत्रमा समर्पित भएर उल्लेखनीय काम गरेका छन् । यसरी कवि टीकारामले देशको स्वतन्त्रताको लागि होस् वा समृद्धिको लागि होस् अथवा समाजका विकृति र विसङ्गतिको लागि होस् मरिमेट्ने सच्चा सपुतहरूप्रति आफ्ना कवितामा सम्मान प्रकट गरेको पाइन्छ । नेपालको वर्तमान परिवेशलाई नियाल्दै त्यस्ता विभूतिहरू जस्तै सन्ततिहरूको फेरि उदय हुनुपर्ने र राष्ट्रलाई विश्वसामु पुऱ्याउनु पर्ने, नेपालमा सही प्रजातन्त्र र दिगो शान्ति नआइसकेको हुनाले तिनै विभूतिहरूको खाँचो रहेको भाव उनका कविताको नमुना यस प्रकारले हेर्न सकिन्छ :

यहीँ नै बाल्मीकि, जनक, अनि सीता र भृकुटी
अनि पृथ्वीनारायण र सुखदा गौतम मुनि
यिनीहरूले पाएको प्रकृतिसित जो ज्ञान धुकुडी
दिएको देख्दा समभ्रुसित हाँस्यो हिमगिरि
सिर्जना, वर्ष ३, अङ्क ३, २०६२, सिर्जना साहित्य ।

## ४.२.१२ आध्यात्मिक चेतना

कवि टीकाराम बाँस्तोला संस्कृत भाषाका ज्ञाता भएको उनले आफ्ना कवितामा आध्यात्मिक चेतनालाई उत्तिकै स्थान दिएका छन् । उनले स्वर्ग, बैकुण्ठ प्राप्तिदेखि लिएर साधना शक्ति, कर्मयोगलाई बढी प्राथमिकतामा राखेका छन् । मातृदेवो भवः भन्ने मान्यतालाई शिरोधार्य गरेका छन् । निष्काम कर्मयोगलाई स्विकार्नुपर्ने मान्यता राखेका छन् । आफ्ना मनमा रहेका गलत चेतनालाई फालेर आध्यात्मिक रस पान गर्न सल्लाह

दिएका छन्। असत कर्मले नरक र सतकर्मले स्वर्ग पुऱ्याउने भएकाले सत्कर्ममा लाग्न अभिप्रेरित गरेका छन्। देखावटी र साम्प्रदायिकतालाई अस्विकार गरेका छन्। साँढेलाई जोत्नु पर्दछ भन्नु त्यसको प्रमाण हो भने तीर्थव्रत गर्ने पैसाले गरिबको सेवा गर भन्नु उनको वैयक्तिक सोच हो। उनले व्यावहारिकताभन्दा दार्शनिकतालाई बढी स्थान यसरी दिएका छन् :

ऐश्वर्यमा छ परकीय विचार चित्र
आफन्तमा अबुझ मानिस छन् विचित्र
त्यस्ता समाज बिच रम्म कसै हुँदैन
लोकोपकार गर नास्तिकले छुँदेन ॥

हिमशिखर, १७ औँ पुष्प, २०७३

उनले आत्मा अजर र अमर छ भन्ने कुरालाई दृढताका साथ यसरी पस्किएका छन् :

आत्मा त यो अमर, सुन्दर शान्त हुन्छ
मोहान्धमा नयर देह त नाश हुन्छ
तादाम्यमा सुख र शान्ति अवश्य मिल्छ
कर्तव्यशील नरले सुविचार दिन्छ ॥

## ४.२.१३ क्रान्तिको उद्घोष

कवि टीकाराम बाँस्तोलाले प्रतीकात्मक र लाक्षणिक रूपमा देशमा व्याप्त कुशासनलाई फेर्नको लागि अहिंसाको विद्रोह हुनुपर्ने मान्यता राखेको पाइन्छ। राजा महाराजा वा समाजका महाजनहरूलाई गतिलो सवक सिकाउन क्रान्ति गरी घुँडा टेकाउनु पर्दछ। राजा फ्याँक्नु पर्दछ, भूमि बाँड्नुपर्दछ, पैसा बाँड्नु पर्दछ जस्ता कवितांशले क्रान्तिको उद्घोषलाई बल पुऱ्याएका छन्। कवि बाँस्तोला समाजमा भएका विभेद र शोषणको अन्त्य गरी समतामूलक र पूर्ण प्रजातन्त्रको अनुभूति गराउनु पर्दछ भन्ने कुरामा दृढ देखिन्छन्। उनको त्यो भावनालाई कविताको नमुनामा यसरी हेर्न सकिन्छ :

सामन्तलाई पर सार्नु पर्छ
धर्ती सबैको हुनु पर्छ पर्छ

हिमशिखर, १६ औँ पुष्प, २०७२, पृ. १०९

नथाकौँ कर्मका निम्ति झण्डा बोकेर हिँड्नु छ
प्रजातन्त्र लिई अस्त्र अधर्मीसँग लड्नुछ ।

हिमशिखर, १५ औँ पुष्प, २०७१, पृ. १५९

नङ्ग्रा दारा निकालेर यसलाई राख्नुपर्दछ
बाघको छाला मृगले खाला, खेल खेल्नु पर्दछ ।

### ४.२.१४ आर्थिक असमानताको चित्रण

कवि टीकाराम बाँस्तोला आफ्ना कवितामा नेपाली समाजभित्र विद्यमान अवस्थामा रहेको आर्थिक असमानताको चित्रण गर्ने क्रान्तिधर्मी कवि हुन् । समाजमा हुँदा खाने र र हुने खाने बीचको विभेद हट्नुपर्दछ । धनीले धन थुपार्ने र गरिब धनको अभावमा बाँच्नुपर्ने स्थितिको अन्त्य हुनुपर्दछ । देशको स्रोत सधानमा गरिबको पहुँच बढाई उनीहरूको आर्थिक अवस्था सुधार्नु पर्दछ भन्ने भाव समेत राखेका छन् । देशलाई सामन्ती राजतन्त्रबाट प्रजातान्त्रिक प्रणालीमा ल्याउनुपर्दछ । भोका र नाङ्गाहरूको पक्षमा बोल्ने मानिसको कमी छ । आर्थिक अभावमा विदेशीको दैलो कुर्नु परेको कुरालाई पनि कवितामा उल्लेख गरेका छन् । नेपालमा भएको आथिृक असमानतालाई कविले यसरी प्रस्तुत गरेका छन् :

अनेकौँ नर नारीले ऐय्या ! आच्छु !! नगरीकन
भोको नाङ्गो भई बस्न परेको छ हाय किन ?

हिमशिखर, १३ औँ पुष्प, २०६९, पृष्ठ २७

## ४.३ शैलीगत प्रवृत्ति

### ४.३.१ सरलता एवम् सहजता

कवि टीकाराम बाँस्तोला सरल र सहज रूपमा काव्य रचना गर्ने व्यक्ति हुन् । उनले आफ्नो कविताहरू रचना गर्दा सरल, सामान्य शिष्ट र संक्षिप्त आकार भएका रचनाहरूमार्फत आफ्नो अभिव्यक्तिलाई उतार्न सक्ने सामर्थ्य प्रस्तुत गरेको पाइन्छ । उनले आफ्नो रचनामा फाटफुट मात्रामा संस्कृतिका उक्तिलाई प्रयोग गरे पनि त्यसले काव्यको सौन्दर्य थपेको पाइन्छ । कठिन शब्द प्रयोगभन्दा सरल र सहज शब्दको प्रधानताले उनले आफ्नो विचार तथा भावनालाई मुखरित गरेको पाइन्छ । उनका कविताहरू सबैले

सजिलैसँग बुझ्न सक्ने खालका पाइन्छन्। बाँस्तोलाले वाल्यकाल मातृवियोगी जस्ता सहज र असहज परिस्थितिलाई पनि काव्यमा सरल तरिकाबाट प्रस्तुत गर्नु उनको काव्यकारिता हो। बाँस्तोलामा भएको सहजपनलाई निम्नानुसारका पङ्क्तिबाट बुझ्न सकिन्छ :

आमाका दशधाराका दूधको भार तिर्नु छ
जन्मेका भूमिको अन्न खाएको ऋण तिर्नु छ

सिर्जना, अङ्क ७, २०६६, सिर्जना साहित्य

क, ख, ग, घ सिकेको
A, B, C, D पढेको
मेरो जन्मभूमि यो
मैले ज्ञान पाएको

सिर्जना, वर्ष ६, अङ्क ६, २०६५, सिर्जना, पृ. ५२

पढी भाइबैनी हो, देश निर्माणका कथा
फाली भाइबैनी हो, गरिब जनका व्यथा

हिमशिखर, अङ्क १८

### ४.३.२ अलङ्कारको प्रयोग

कवि टीकाराम बाँस्तोलाले आफ्ना कविता आरम्भदेखि अन्त्यसम्म सबै पद्यमा अलङ्कारको प्रयोग भएको पाइन्छ। उनले कविता रचना गर्दा पूर्ण रूपमा कवितामा अलङ्कारको विधि भने अवलम्बन गरेको भेटिँदैन तापनि स्वाभाविक रूपमा कविताका विभिन्न विषयवस्तुहरूलाई उठान गर्दा विभिन्न बिम्ब वा प्रतीकहरूको प्रयोग भएको पाइन्छ। विशेष गरी उनको कवितामा प्रयोग हुनआएका अलङ्कारमध्ये अन्त्यानुप्रास, श्लेष, उपमा, रूपक, दृष्टान्त र बिम्बालङ्कारको प्रयोग भएको पाइन्छ। यस्ता खालका अलङ्कारहरूको प्रयोगले उनको कविताहरू अत्यन्तै मार्मिक र अर्थपूर्ण भएको देखिन्छ। ‘राष्ट्र नौलो बनाऔँ’ भन्ने कवितामा राष्ट्र भन्नाले नेपाल र नौलो भनेको विकसित राष्ट्र भन्ने बुझिन्छ। यहाँ नेपाललाई समृद्ध बनाउन जुट्नुपर्ने सङ्केत गरिएको छ।

‘आमा’ मा आमा भन्नाले जन्मदिने जन्माउनेलाई बुझिन्छ तर यहाँ देशको ओठे प्रशंसालाई स्थान नदिएर देशको सम्पन्नताको कुरालाई सङ्केत गरिएको छ। हिम गिरिमा

हिम भन्नाले हिउँ र गिरि भनेको पहाड भएपनि कविले यहाँ नेपालीको स्वाभिमानको प्रतिबिम्बको रूपमा हिमगिरिलाई लिएका छन् । 'धन' कवितामा धन सम्पतिको चर्चा नगरेर धनी बन्नको लागि मानिस गलत बाटोमा हिँड्न लागेकोमा चिन्ता व्यक्त गर्दै असल कर्म गरेर धनी बन्न सङ्केत गरेका छन् । 'पसिना दिए' कवितामा शरीरबाट निस्कने पानीलाई पसिना भने पनि कविले त्यसको चर्चा नगरी परिश्रम र मिहिनेततर्फ सन्दर्भलाई प्रस्तुत गरेका छन् । 'बाघको संवाद' ले जङ्गलको प्राणी बाघसँग गरिने कुराकानीलाई नजनाएर यसले दरबारको राजाको सङ्केत गरेको छ । 'तिमी' द्वितीय पुरुष सर्वनाम नभएर बालबालिकाको प्रतिनिधिको रूपमा कवितामा प्रस्तुत गरिएको छ । 'विद्या महिमा' मा विद्याको महत्वको सङ्केत नगरेर सबै मान्छेलाई शिक्षा आर्जन गर्न गरी शिक्षित बनेर देश विकासमा जुट्ने सङ्केत दिएका छन् । 'मानव जीवन' मा मानव भन्नाले मनुष्य र जीवन भनेको गतिशीलता भएपनि यस कवितामा मानिसले मानवत्व प्रदर्शन गर्न चुकेको कुरालाई सङ्केत गरिएको छ । त्यस्तै 'बसाइ' भनेको साँढे हो तर कवितामा साँढेलाई राजतन्त्रको रूपमा राखिएको छ । राजालाई ईश्वरको रूपमा नहेरेर राष्ट्रसेवकको रूपमा हेरिनु पर्ने र त्यसलाई आवाज बुलन्द पार्ने कुरालाई अभिव्यक्तः गरिएको छ ।

'मृत्यु शय्या आमा' यसमा मृत्यु शब्दले देहावसान, शय्या भनेको विस्तरा र आमा भनेको जननी भएपनि सन्तानको लागि मरिमेटेर मृत्युको मुखमा पुग्न खोजेकी आमाको बाधयतालाई सन्तानले बुझ्न नसकेको कुरा कवितामा झल्किन्छ ।

'मोती सर्वत्र फल्दछ' भन्ने कवितामा मोती बहुमूल्य धातु नभएर नेपालका प्राकृतिक स्रोत साधनहरू मोती भन्दा कम छैनन् भन्ने आशय समेटिएको छ । 'खोयो' भन्नाले रस चुसेर फालेको आँपको बियोलाई बुझिन्छ । तर खोयोमा आँपको वृक्ष छ भन्ने कुरा मान्छेले बुझ्न नसकेर मानिस गरिब भएको राष्ट्र गरिब भएको कुरालाई सङ्केत गरिएको छ । 'मातृवन्दना' मातृ भनेको आमा र 'वन्दना' भनेको स्तुति हो । तर कविताले आमाको प्रेरक चरित्रले सन्तानको मार्गनिर्देशन गरेको हुन्छ भन्ने कुरा सन्तानले बुझ्नु पर्दछ । आमाको चित्तमा चोट नपुऱ्याई असल चरित्र निर्माणमा लाग्नु पर्ने बिम्ब झल्किएको छ । 'कवि र काव्य' ले काव्य रचना गर्ने व्यक्ति र कवितालाई बुझाए पनि कवितामा कविको र काव्यको अस्तित्व हराउँदै गएको कुरालाई विषयवस्तुको रूपमा

राखिएको छ। 'राम्रो बस्ती' राम्रो भनेको सुन्दर र बस्ती भन्नाले मानिसहरूको आवास स्थानलाई बुझाउँछ तर यहाँ राम्रो बस्तीको रूपमा अन्तरिक्षलाई चर्चा गरिएको छ। यसमा अन्तरिक्षमा खेतीवाली लगाउने जस्ता अतिशयोक्ति अलङ्कारलाई स्थान दिइएको छ।

'भूर्भूवः स्वः' भूः ले पृथ्वी, भूवः अन्तरिक्ष र स्वः ले स्वर्गको सङ्केत गरे पनि तिनै लोकमा भएका साधन स्रोतलाई विज्ञानको माध्यमबाट परिचालित गरी सबैलाई स्वर्ग बनाउनु पर्ने सङ्केत भेटिन्छ। 'दीप बालौँ' मा दीपले दियो र बालौँ सल्काऔँ भन्ने बुझिन्छ। तर हामीमा अथाह शक्ति छ त्यसलाई कर्मको सलाईले बालौँ अर्थात् उजागृत गरौँ भन्ने नै हो। म नेपाली मले प्रथम पुरुष एकवचनलाई नेपाली भन्नाले नेपालीमा बस्नेलाई जनाउँछ तर यहाँ मले समग्र नेपालीको प्रतिनिधित्व गरेको छ। 'कीर्ति राख' कीर्तिले यशलाई राखले स्थापित गर भन्दछ तर यहाँ म महान् हुँ र हुने काम गर्नुपर्छ अनि मात्र कीर्ति बढ्दछ। 'कामधेनु पृथ्वी' काम भनेको इच्छा, बासना हो। धेनु भनेको गाई हो पृथ्वी भनेको धर्ती हो। यहाँ पृथ्वीलाई कामधेनु गाईको रूपमा दोहन गरी ऐश्वर्यको भण्डार गर्नुपर्ने कुरा सङ्केत गरिएको छ। पृथ्वीलाई कामधेनु गाईको रूपमा हेर्दा रूपक अलङ्कार र जस्तै गरेर दोहन गर्दा उपमा अलङ्कार देख्न सकिन्छ। पृथ्वीमा हरेक कामना सिद्ध गर्न सक्ने तागत भएकोले स्वाभाविक अलङ्कार पनि मान्न सकिन्छ।

समग्रमा भन्नुपर्दा कविले अलङ्कारको अध्ययन गरेर अलङ्कारलाई स्थान दिएका होइनन्। काव्यको रचना गर्दा अलङ्कार स्वतः अन्तर्भूत भएर आएका छन् भने शब्दालङ्कार छन्दमा बाध्दा देखा परेको गुण हो। त्यसले कवि टीकाराम बाँस्तोलाका कवितामा अन्त्यानुप्रास र उपमा प्रबल रूपमा देखिए तापनि रूपक, अतिशयोक्ति, उत्प्रेक्षा आदि अलङ्कार पनि रहेका छन्। यी अलङ्कारहरू नियम संगतले आयोजना नगरेको भए पनि स्वाभाविक रूपमा आयोजित भएर आएका हुन्। उनमा अलङ्कार प्रयोगको निपूणता भए पनि अलङ्कार अनायासै आएका छन्। कुनै परिश्रमपूर्वक आएका होइनन्।

### ४.३.३ बिम्ब प्रतीकको प्रयोग

कवि टीकाराम बाँस्तोलाद्वारा रचित अधिकांश कवितामा सामान्य बिम्ब प्रतीकहरूको प्रयोग पाइन्छ। यिनै बिम्बप्रतीकहरूको माध्यमबाट आफ्ना सम्पूर्ण कल्पना

एवम् भावनालाई अभिव्यक्ति दिएका छन् । उनका सबै कवितामा कुनै न कुनै किसिमका बिम्बप्रतीकको प्रयोग भएको पाइन्छ । यस्ता बिम्बप्रतीकहरूको प्रयोगका दृष्टिले उनका कविताहरू उच्च कोटीका मानिन्छन् । यस्ता बिम्बप्रतीकहरूको प्रयोगबाट नियाल्दा दीप बालौँ, कामधेनु पृथ्वी, मृत्यु शय्यामा आमा, मेरो जन्मभूमि, बसाह आदि कविता पर्दछन् । 'बसाह' कवितामा किसानले दुःख गरेर बालीनाली लगाउने र बसाह आएर भित्र्याउने बेलामा खाइदिने तर खेती लगाउने बेलामा जोत्न नहुने कुरालाई देखाएर सामन्तवादको बिम्बलाई उतारेका छन् । मजदुर र किसानले मरीमरी काम गर्छन् तर फल खाने बेलामा साहुले मात्र खान्छन्, किसानलाई दिँदैन आफूले पनि काम गर्नुहुन्न भन्दछन् भन्ने कुरालाई रोचक बिम्बको रूपमा उभ्याउन कवि सफल भएका छन् । बाघको संवादमा पनि राजसंस्थाको अत्याचारी र प्रवृत्तिको भण्डाफोर गरी जसरी बाघले वनका सोझासादा प्राणीलाई झुक्याएर फसाएर आफ्नो भुँडी भर्दछ । ठीक त्यसैगरी राजा रजौटाहरूले जनतामाथि गरेको शोषणको बिम्बलाई कुशल ढङ्गबाट कवितामा अन्तमूर्त गर्नु बाँस्तोलाको काव्यकारिता हो । जुन निम्न पद्यमा देख्न सकिन्छ :

कुनै एउटा बगैँचामा बाघ बस्तो रहेछ
सुनको बाला देखाई-देखाई मान्छे खादो रैछ ।

सिर्जना, अङ्क २, वर्ष २, २०६२

राष्ट्रप्रेमी कवि टीकाराम बाँस्तोलाले नेपालको भूमिमा सम्पूर्ण सम्भावनाको स्रोत छ । यसलाई हामीले दोहन गर्न सकेका छैनौँ । गाईबाट दूध पाउन घाँस खुवाउने गोबर सोहर्ने काम गर्नुपर्दछ । त्यसगरी धर्तीबाट केही पाउन धर्तीको सेवा गर्नुपर्दछ अनि मात्र सबै पाइन्छ त्यसैले यहाँ पृथ्वीलाई कामधेनुको प्रतीकको रूपमा राखिएको छ । जसले इच्छा अनुसारको फल दिन्छ यहाँ पृथ्वी शब्दले नेपालको बिम्बलाई जनाएको छ । कामधेनुले इच्छाको प्रतिबिम्बलाई जनाएको छ भन्ने कुरा तलको कविताको नमुनाबाट प्रष्ट हुन्छ :

मान्छे सबै मिलिजुली गर कामकाज
धर्ती सजाउन पर्‍यो अब जागजाग
यी कामधेनु पृथिवी सबकी सुमाता
बन्छिन् सदा मनुजकी घरकी सुजता

### ४.३.४ लयविधान

कवि टीकाराम बाँस्तोलाको कविता यात्राको सन्दर्भमा अध्ययन गरी हेर्दा उनले लोकलय र गीतिलय र संस्कृतको वार्णिक लयलाई पूर्ण रूपमा आत्मसात गरेको देखिन्छ। उनले प्रायः शास्त्रीय छन्दमा कविता रचेको पाइन्छ। जसले गर्दा उनका सबै कविता लयमा बाँधिएका र श्रुतिमधुर छन्। त्यसैले उनले कवितामा संस्कृतको वार्णिक लयलाई उत्कृष्ट रूपमा प्रयोग गरेका छन्। कवितामा भाव अनुसारकै शब्द चयन गरेका छन्।

कथ्यभाषालाई जस्ताको त्यस्तै प्रयोग गर्दा भाषिक त्रुटि देखिए पनि लयविधानको समुचित प्रयोग गरिएको छ। त्यसैले भाषा र भावका बीचमा सन्निकटता भएको छ। उनले आफ्ना कवितामा भावको सौन्दर्य बढाउन सुन्दर र सङ्गीतात्मक भाषाको प्रयोग गरेका छन्। जसले गर्दा कविताहरू साङ्गीतिक, कलात्मक र लयदार बन्न सफल भएका छन्। सबै कविताका सबै श्लोकमा अन्त्यानुप्रास मिलाइएको छ। जसले गर्दा कवितामा लयात्मक अनुभूति र कलात्मकताको तिलस्मी पाइन्छ। उनका सबै कविता लयात्मकताका दृष्टिले सशक्त र पूर्ण छन्। उनको एउटा मात्र कविता लोक लयमा आधारित कविता 'बाघको संवाद' हो अरू सबै कविता संस्कृतको वार्णिक लय र मात्रिक लयमा आधारित छन्। उक्त भनाइ प्रष्टिका लागि यसरी नमुना उतार्न सकिन्छ :

**अ) सवाई**

सुन सुन कवि हो म केही भन्छु
पुत्ले पाङग्रे बाघको सवाइ कहन्छु

कुनै एउटा बगैंचामा बाघ बस्तो रैछ
सुनको बाला देखाई देखाई मान्छे खाँदो रैछ
(बाघको संवाद)

**आ) अनुष्टुप छन्द**

(क) कोपिला भाइबहिनी हुन् फक्रिन्छन् यी भविष्यमा।

पराग यिनले दिन्छन् वासना चल्छ विश्वमा ॥
(कविता 'तिमी' बाट)

(ख) आमाका दश धाराका दूधको भार तिर्नुछ ।
जन्मेका भूमिको अन्न खाएको ऋण तिर्नुछ ॥
(आमा, श्लोक ७)

(ग) साध्य साधनको मेल मान्छेमा हुनुपर्दछ ।
विपरीत भए देखि जिन्दगी व्यर्थ बन्दछ ॥
(धन, श्लोक ६)

(घ) जननी जन्मभूमिको चेहरा लौ हँसाउन ।
स्वाभिमानी बनी बाँचौं भन्ने भाव जगाउन ॥
(पसिना दिए, श्लोक ५)

(ङ) पढ्दैनन् जसले आज भोलि रुन्छन् धुरुधुरु ।
धर्तीका नरनारी हो पढ्नुपर्छ खुरुखुरु ॥
(विद्या महिमा, श्लोक ११)

(च) तरा र टाकुरा बाँझा देखेरा मुटु जल्दछ ।
यिनैमा पसिना झारे मोती सर्वत्र फल्दछ ॥
(मौती सर्वत्र फल्दद्ध, श्लोक १)

(छ) माता हुन् पृथ्वी हाम्री, पिता हुन् जगदीश्वर ।
यिनैको भरमा पर्दा हुँदै कहिल्यै डर ॥
(खोयो, श्लोक ९)

(ज) कविको कृति मर्दैन जस्तै आयतमा पनि ।
स्रष्टा द्रष्टा सधैं बन्छ कविको काव्य जीवनी ॥

(झ) उदार दिलले मात्र सभ्य मानिस बन्दछ ।
परोपकारका निम्ति वृक्ष झैं फल्नुपर्दछ ।
(राम्रो बस्ती, श्लोक ६)

(ञ) अनेकौ नर, नारीले, ऐय्या ! आच्छु !! गरीकन ।
भोको नाङ्गो भई बस्न परेको हाय ! यो किन ?

(भूर्भुवः स्वः, श्लोक २)

(ट) प्राणभन्दा पनि प्यारो प्रजातन्त्र गुम्यो भने
हाम्रो अस्तित्व मेटिन्छ कुशासन जम्यो भने
(म नेपाली, श्लोक १३)

(ठ) वीरले भोग्दछन् पृथ्वी नामर्द रोई बस्दछन्
पुछ्न नामर्दका आँसु वीर नै अघि सर्दछन्
(बुद्धिमान, श्लोक ३)

**इ) इन्द्रबज्रा**

(क) बत्ती अँध्यारो, बिजुली अँध्यारो
त्यो चन्द्रको रश्मी सबै अँध्यारो ।
श्री सूर्यको कान्ति अझै अँध्यारो
मामा विनाको जगतै अँध्यारो ॥
(मृत्यु शय्यामा आमा, श्लोक ८)

(ख) बसाहलाई अब बस्न दिन्नँ
हराभरा बाली बिगार्न दिन्नँ ।
छाडा भई डुल्न कसै म दिन्नँ
दाम्लो बलियो नबनाई हुन्न ॥
(बसाह, श्लोक १)

(ग) विदेशमा गै दरवान हुन्नँ
अराष्ट्रवादी अब बन्न दिन्नँ
विशाल नेपाल बनाइ बस्छु
धर्ती सुनौलो अब रच्छु रच्छु ।
(नेपाल महिमा, श्लोक ८)

**ई) उपजाति**

(क) समानतामा दिनरात लाग

तेरो र मेरो तिर लौ नलाग
हामी सबैमा शिवभाव राख
जीवेम भूयः शरदः शताच्च
(कीर्ति राख, श्लोक ३)

(ख) यात्री भयौ दिव्य पुनीत धामकी
वैकुण्ठमा वास भएर हो कि ?
फर्केर आऊ यसपुण्य भूमिमा
अर्ती दिने काम गरे नि आमा
(मातृवन्दना, श्लोक ५)

(ग) त्यल्लाई आजै अवनारी छाड्दछु
हलो समाई कन धर्नी जोत्तछु
विधानले मानिस एक पार्दछु
यै धर्ती लौ स्वर्ग बनाइ छाड्दछु ॥
(बसाइ, श्लोक ५)

**उ) मात्रिक छन्द**

म जन्मेको धर्ती यो
धेरै माया लाग्छ हो ।
ताते ताते गरेको
बुबुमाम खाएको ।
(जन्मभूमि, श्लोक १)

**ऊ) शिखरीणि**

सबेरै चम्कन्छ रवि किरण ज्यादै मुकुटमा
भयो त्यो बेलामा नृपसदृश तेजी जगतमा ।
अहा ! यसको कस्तो भुवन भरिमा कीर्ति छ सदा

सबैको यस्तै भै सुखमय बितोस् मानव कला ॥

(हिमगिरि, श्लोक २)

**ऋ) शार्दूल विक्रिडीत**

(क) मान्छेको उपकारमा अघिसरी अन्याय फाल्ने गर

धर्ती आज उराठ देखिन गयो ! श्रद्धा दिने को छ र ?

आमा हुन् पृथिवी समस्त जनकी तेरो र मेरो किन ?

सेवा भाव लिएर सेवक बने सार्थक छ है जीवन ।

(मानव, श्लोक ३)

(ख) त्यो बस्ती सब होस् गरिबहरूको पेवा धनीको नहोस्

आफ्नै पौरखमा रमेर सबमा स्वर्गीय आनन्द होस् ।

भूलोकी दुईभागका सहरमा आते र जाते गरुन्

मान्छेमा समता बढोस् दिनदिनै आनन्दमा मग्न हुन् ॥

(मानवजीवन, श्लोक ५)

**ए) मन्दाक्रान्ता**

यै धर्तीमा उदित नृपले के गर्‍यो, के गरेन ?

यै धर्तीमा उदित जनले के सह्यो के सहेन ?

के हो यस्तो विषम गति यो आज राखेर बस्ने ?

धर्ती साझा गरिकन बसौँ एक अर्को नडस्ने ।

(दीप बालौँ, श्लोक १)

यसरी कवि टीकाराम बाँस्तोलाले आफ्ना कविताहरूमा वार्णिक छन्दको प्रयोग गरेर लय विधानलाई सशक्त पार्ने भरपुर कोसिस गरेको देखिन्छ। माधव घिमिरेको शास्त्रीयतावादी कला र देवकोटाको स्वच्छन्दतावादी भावबाट अभिप्रेरित देखिन्छ । समग्रमा भन्नुपर्दा अनुष्टुप छन्दका बाह्र ओटा कविता छन् । सवाई छन्दमा एउटा रचित छ । त्यस्तै मात्रिक र शिखरीणि छन्दमा एक एक ओटा रचना गरेका छन् भने मन्दाक्रान्ता र वसन्त

तिलका छन्दका कविता पनि एक एक ओटै छन् । उपजाति र इन्द्रबज्रामा तीन-तीन ओटा कविता रचना गरेका छन् । नो औटा छन्दमा कविता रचेका भए पनि गद्य कविता कतै देखिँदैनन् । त्यसैले उनलाई पूर्ण शास्त्रीयतावादी कवि भन्न सकिन्छ । उनका कवितामा गति यतिको आरोह-अवरोहको स्थिति परिष्कृत भएकाले कविता विना अवरोध सलल बग्ने र सङ्गीतात्मक मधुर मिठासपूर्ण छन् ।

कवि बाँस्तोलालाई उच्चतामा पुऱ्याउने कवितात्मक लय ढाँचामा संस्कृत शास्त्रीय छन्द नै हो । अनुष्टुप छन्दमा कति पोख्त देखिए तापनि अरू छन्दमा भाव र लय मिले पनि गण भने मिल्न सकेको पाइँदैन । कही न कही कवि विशृङ्खलित भएकै भेटिन्छ जस्तै

हाम्रो जीवन प्रातको सुरभीझै कल्याणकारी बनोस्  
भाइ-भाइ मिलेर विश्वभरमा उद्योग राम्रो चलोस्  
धर्तीका सब पुत्र हौं मिलीजुली आमा सिँगरिकन  
मान्छेका सुख-दुःखका समयमा अकायौं सदा जीवन ।

(मानव जीवन, श्लोक १)

आफ्नाी आमा धुरुधुरु रुँदै भन्दछिन् जागजाग  
वैदेशिक घर-घर डुली जिन्दगी यो नफाल ।  
फर्की आउ अब त घरमा साधन स्रोतलाई समाल  
नेपालीका श्रम र सिपले राष्ट्रलाई उचाल ।

(दीप बालौं, श्लोक ३)

माथिका दुवै पंक्तिको पहिलो पाउ र दोस्रो पाउमा गण भङ्ग भएको प्रष्टै अनुभव गर्न सकिन्छ भने ह्रस्व शब्दलाई हवरजस्ती दीर्घ बनाउँदा समेत गण नमिल्नु कति कमजोरी मान्न सकिन्छ । शास्त्री वार्णिक छन्दका कवितामा अनुप्रासीय आयोजनालाई अध्ययन गर्दा अन्त्यानुप्रास, मध्यानुप्रास, आट्यानुप्रास जस्ता सफल प्रयोगले कविता पढ्दा वा वाचन गर्दा अत्यन्तै मधुर र सङ्गीतात्मक एवम् रसात्मक बनेको पाइन्छ । संस्कृतका तत्सम र तद्भव शब्दहरूको कलात्मक प्रयोग कविको विशिष्टता नै हो । कथ्य भाषालाई यदाकदा प्रयोग गरे पनि भाषा र भावका बीचमा अनि विषयवस्तुमा निकै तालमेल मिलेको पाइन्छ ।

यसरी उनका समग्र कविताको विश्लेषण गर्दा धेरै र दोष न्यून पाइन्छ । उनी पूर्ण रूपमा शास्त्रीय छन्दलाई अवलम्बन गर्न तल्लीन छन् । भावलाई पूर्ण परिपाकमा उभ्याउन सफल छन् । लयलाई उनका कविताले अनिवार्य पछ्याएका छन् । त्यसैले उनलाई छन्दवादी कवि भनेर चिन्न सकिन्छ ।

### ४.३.५ सरल भाषाशैली

कवि टीकाराम बाँस्तोलाले आफ्नो हरेक कवितामा सरल भाषाशैलीको प्रयोग गरेका छन् । तत्सम जटिल शब्दलाई पनि सरलता साथ प्रयोग गरेका छन् । उनका कुनै पनि कविता कठोर र क्लिष्ट भाषाशैलीमा लेखिएका छैनन् । कवितामा प्रयोग भएको भाषाशैली अत्यन्तै सरल र सहज छन् । यसका अतिरिक्त माधुर्य गुणले भरिएका छन् । त्यो देख्दा लाग्छ उनले राष्ट्रकवि घिमिरे र लेखनाथ पौड्यालको भाव र शैलीलाई अबलम्बन गरेका छन् । हरेक कवितामा जनबोलीको मिसाएको पाइन्छ । उनले हरेक कवितामा आफूले देखेका, भोगेका र अनुभव गरेका गाउँमा बोल्ने गरेका कथ्य भाषाको प्रयोग गरेको पाइन्छ । उनका कविता ग्रामीण परिवेशका भएकाले उनले जनताले भोगेका भोगाइका तीता मीठा कुरालाई जनबोलीको माध्यमबाट प्रस्तुत गरेका र देशको परिस्थितिलाई उजागर गर्ने खालका छन् । त्यसैले उनका कविता अत्यन्तै मिठासपूर्ण र लयदार भाषाशैलीका रहेका छन् । उनका सुरुका कविताहरू भन्दा अन्तिम तिरका कविताहरू बढी परिष्कृत र मझिएका छन् । सुरुका कवितामा तत्सम, तद्भव, संस्कृतका शब्द लगायत आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग गरेका थिए भने अन्तिमतिरका कवितामा खारिएका नेपाली शब्दहरूलाई छाँटकाँट गरी ठाउँठाउँमा केही अनुकरणात्मक शब्दको प्रयोग गरी अझ व्यवस्थित भाषाशैलीको प्रयोगले कविता कलात्मक अनि रसात्मक रूपमा पूर्णता आएको देखिन्छ । यस्ता भाषा शैलीको प्रयोगले कवितामा अनुप्रासयुक्त शब्दहरूको प्रयोग शैलीमा परिपक्वता आएको देखिन्छ । अन्त्यानुप्रास युक्त शैलीले कवितामा सङ्गीतक छनक थपिदिएको छ । समग्रमा अध्ययन गर्दा केही संस्कृत क्लिष्ट शब्द प्रयोग भए पनि कविताहरू अध्ययन गर्दा सरल, सहज र स्पष्ट तत्सम, तद्भव, आगन्तुक, झर्रा र अनुकरणात्मक शब्दको सन्तुलित र व्यवस्थित प्रयोग पाइन्छ । बाँस्तोलाले प्रयोग गरेका भाषा शैलीको नमुनालाई यसरी हेर्न सकिन्छ :

यै धर्तीमा उदित नृपले के गर्‍यो, के गरेन ?

यै धर्तीमा उदित जनले के सह्यो के सहेन ?
के हो यस्तो विषम गति यो आज राखेर बस्ने ?
धर्ती साझा गरिकन बसौँ एक अर्को नडस्ने ।

(दीप बालौँ, हिमशिखर, १५ औँ पुष्प, पृष्ठ २०)

बाँस्तोलाका कविताहरू मध्ये उपयुक्त किसिमबाट प्रस्तुत गरिएको नमुनालाई अध्ययन गरी हेर्दा भूर्भुवः स्वः, कीर्ति राख, कामधेनु पृथ्वी, विद्या महिमा, मानव जीवन, कवि र काव्य आदिमा तत्सम र तद्भव शब्दको अधिक प्रयोग भएको पाइन्छ । उनका सबै कविताहरू अन्त्यानुप्रासमा रचिएको पाइन्छ । अझ प्रष्ट भन्नुपर्दा अन्त्यानुप्रास नभएका कविता उनले रचना गरेको देखिँदैन । यसले भाषामा मिठास र आकर्षणको आयोजना गर्नमा सघाउ पुगेको पाइन्छ । बाँस्तोलाका कवितामा भाषागत मिठासता, ओजपूर्ण शब्दहरूको प्रयोग निजी पहिचानको रूपमा भित्रिएका छन् । बाँस्तोलाका यिनै भाषामा माधुर्य र सौन्दर्यको प्रयोग गर्नु उनको छुट्टै पहिचान हो । अनुकरणात्मक शब्द प्रयोगले कविताको सौन्दर्यतालाई अझ बल पुगेको देखिन्छ । उनका कवितामा अनुकरणात्मक शब्दहरू पनि प्रयोग गरिएको नमुनाहरू यसप्रकार छन् :

बालकको जीवन
अनौठो छ मानव
छुनुमुनु गर्ने हो
धर्ती पुत्र हुने हो ॥

(सिर्जना, वर्ष ६, अङ्क ६, २०६५, पृष्ठ २१)

स्वयं आफै सेतो, सुयश पनि सेतै सकलमा
सिपी, हीरा, सेतै, कमल फूल सेतै जलधिमा ।
बगिन् शुक्ला गङ्गा मधुर गीत गाई थरिथरि
सबै सेतै देखी मुसुमुसु नि ! हाँस्यो हिमगिरि

(सिर्जना, वर्ष ३, अङ्क ३, २०६२, पृष्ठ २)

पढ्दैनन् जसले आज भोलि रुन्छन् धुरुधुरु
धर्तीका नरनारी हो ! पढ्नुपर्छ खुरुखुरु

(सिर्जना, अङ्क १०, २०६९, पृष्ठ ९)

# अध्याय पाँच

# उपसंहार

## ५.१ सारांश

यस सोधकार्यको अध्ययनका क्रममा पाचौं परिच्छेदमा समापन गरिएको छ । पहिलो परिच्छेदमा शोधपत्रको समस्या, उद्देश्य, औचित्य र  सीमाङ्कन आदिमा आधारित रहेर त्यस परिच्छेदको अध्ययन गरिएको छ ।

दोस्रो परिच्छेदमा कविताको सैद्धान्तिक परिचय दिइएको छ । साथै जस अन्तर्गत कविताका तत्वहरू शीर्षक, संरचना लय, कथन, ढाँचा, बिम्ब अलङ्कार भाव, भाषाशैली आदि विषयमा आधारित रहेर अध्ययन गरिएको छ ।

तेस्रो परिच्छेदमा बास्तोलाको जीवनी र व्यक्तित्वका अध्ययन गरिएको छ । जस अन्तर्गत नामाकरण, जन्म, वंश, परम्परा, बाल्यकाल, शिक्षादिक्षा, दाम्पत्य जीवन, पेशा, साहित्यिक प्रेरणाा दिनचर्या, आर्थिक अवस्था, सङ्घ संस्थाको आवद्धता, सम्मान र पुरस्कार जीवनी अन्तर्गत रहेका छन् । व्यक्तित्वमा शारीरिक व्यक्तित्व, शैक्षिक व्यक्तित्व, साहित्यकार व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व र समालोचकीय व्यक्तित्वका बारेमा समेत अध्ययन गरिएको छ ।

चौथो पच्छिेदमा टीकाराम बास्तोलाका समग्र कविताको अध्ययन विश्लेषण गरिएको छ । साथै चौथो परिच्छेदमा उनका कविताहरूमा साहित्यिक तत्वका आधारमा प्रवृत्तिगत अध्ययन र मूल्याङ्कन प्रस्तुत गरिएको छ। साथै पाचौं परिच्छेदमा काव्यकृतिहरूको अध्ययन सारांश निष्कर्ष र सुझाव सहित प्रस्तुत गरिएको छ ।

## ५.२ समग्र मूल्याङ्कन/निष्कर्ष

टीकाराम बाँस्तोला गण्डकी अञ्चलको कास्की जिल्ला अन्तर्गत पर्ने पोखराको हेमजा गा.वि.स. वडा नं. २ (वर्तमान पो.ले.म.न.पा. वडा नं २५) बाँस्तोलाथर निवासी

विश्वनाथ बाँस्तोला र माता भागीरथी बाँस्तोलाको गर्भबाट वि.सं. १९९७ साल मार्ग ८ गते जन्मेका थिए ।

बाँस्तोला एकमात्र सन्तान भएपनि सात वर्षको उमेर नपुग्दै पिताको स्नेहबाट वञ्चित भएका थिए। माता भागीरथीले आफूले जति दुःख भोगेपनि छोरालाई कुनै अभावको महसुस हुन दिएकी थिइनन् । उनले आफ्ना इष्टमित्रलाई सहयोग गर्न भागीरथ प्रयत्न गरेरै भएपनि उनलाई शिक्षा दिएरै छाडिन् । उनी १३ वर्षको उमेरमा ११ वर्षे मनरूपा बाँस्तोलासँग विवाह बन्धनमा बाँधिएका थिए। विवाहले पनि उनको स्थिति सुधार्न नसकेपछि २०१२ सालमा बाटुलेचौरमा नित्यानन्द पाठशालामा लगेर करिब २ वर्षजति राखेपछि उनको जीवन केही फेरिएको देखिन्छ। तर उनको स्थिति पूर्ण सुध्रिएको थिएन। छोरा जन्मिएपछि भागीरथी नातिको मुख देख्न पाएकामा खुसी भइन् तर छोराको चिन्ताले छोडेन र उनले दुःखजिलो गरेर भारतको वृन्दावन पठाएपछि त्यहाँबाट भौतारिँदै गुजराज पुगेका उनले गोपालकृष्ण संस्कृत महाविद्यालयबाट प्रथमा २०१६ सालमा उत्तीर्ण गरे। त्यसपछि २०१७ सालमा वृन्दावनबाट पूर्वमध्यमा, उत्तरमध्यमा गरी सकेपछि उनी पढाइमा अब्बल बन्न पुगेका थिए। शास्त्री तहको पढाइ पनि निम्वार्क विश्वविद्यालय वृन्दावनबाट पढेपनि वाराणासीबाट शास्त्री उपाधि ग्रहण गरेका थिए ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरबाट नेपालीमा २०२६ मा स्नातकोत्तर उपाधि ग्रहण गरेका थिए। उनी हेमजाको प्रथम स्नातकोत्तर गर्ने व्यक्तिको रूपमा चिनिएर औपचारिक अध्ययनलाई अन्त्य गरेका थिए ।

बाँस्तोलाले २०२६ सालमा पृथ्वीनारायण क्याम्पसबाट सेवा प्रारम्भ गरेका थिए र २०२६ मै राष्ट्रिय बहुउद्देश्यीय मा.वि. टुँडिखेलमा आंशिक शिक्षकमा नियुक्त भएका थिए। तथा २०२८ सालमा त्यसै विद्यालयमा पूर्णकालिन शिक्षकको नियुक्ति पाएका थिए। २०३३ सालदेखि २०४३ सालसम्म बाग्लुङ क्याम्पस बाग्लुङमा क्याम्पस प्रमुख भएर सेवा गरेका थिए। २०४३ देखि २०६६ सम्म पुनः पृथ्वीनारायण क्याम्पसमा सेवा सुरु गरेका त्यहीबाट अनिवार्य अवकाश लिएका थिए। यसका अतिरिक्त थुप्रै शैक्षिक संस्थामा आबद्ध रही संस्थाको उन्नयन र प्रवर्द्धनमा महत्वपूर्ण काम गरेको पाइन्छ ।

शिक्षा क्षेत्रका अतिरिक्त सामाजिक सङ्घसंस्थामा नेतृत्वदायी भूमिका निर्वाह गरेका बाँस्तोलाले आफ्नो जीवनमा देखे भोगेका र अनुभव गरेका कुराहरूलाई कविता र लेख रचनामार्फत उजागर गरेको पाइन्छ । २०३१ मार्गमा प्रज्ञा प्रतिष्ठानको कविता महोत्सवमा प्रेषित कविता 'राष्ट्र नौलो बनाऔँ' शीर्षकको कविता नै उनको पहिलो कविता हो । यसका अतिरिक्त विभिन्न शीर्षकमा भिन्नभिन्न पत्रिका र फरकफरक मितिमा २०५५ सालदेखि २०६९ सम्म कविताहरू प्रकाशित गरेका थिए । हाल उनका प्रकाशित कविताहरू २५ ओटा, समालोचनात्मक कृति १, समालोचनत्मक लेख १२, अनुसन्धानात्मक लेख ५ प्रकाशित भइसकेका छन् । उनले ९ ओटा शोध शीर्षकमा शोध निर्देशकको भूमिका समेत पूर्ण रूपमा निर्वाह गरी अनुसन्धानको प्रतिभा निखारेको पाइन्छ। यसरी उनले आफ्नो शैक्षिक, सामाजिक र लेखकीय व्यक्तित्वलाई उच्च शिखरमा पुऱ्याएको देखिन्छ ।

कवि टीकाराम बाँस्तोला बहुमुखी प्रतिभा भएका साहित्यिक स्रष्टा हुन् । उनले २५ ओटा कविता प्रकाशन भएका छन् । अप्रकाशित अन्य कविताहरू पनि रहेका छन् । उनका समालोचनात्मक थुप्रै लेखहरू प्रकाशित छन् भने खण्डकाव्य समीक्षा (२०६५) उनको प्रकाशित पहिलो पुस्तकाकार कृति हो । यसका अतिरिक्त खोज र अनुसन्धानपरक लेखहरू पनि उनले लेखन र प्रकाशन गरेका छन् भने अन्य अप्रकाशित लेख रचनाहरू परिवारको जिम्मामा छोडेका छन् । प्रकाशोन्मुख कृतिहरूमा कविता मञ्जरी (कविता सङ्ग्रह), आमा ( खण्डकाव्य), बालकविता (बालकविता सङ्ग्रह), तरुणतपसीका लेखनाथ (समालोचनात्मक कृति) र लोक गीत (गीत सङ्ग्रह) रहेका छन् । करिब तीन दशक जति नेपाली साहित्य रचनामा समर्पित बाँस्तोला प्रगतिवादी र स्वच्छन्दतावादी धारामा केन्द्रित भएर कविता लेख्ने कवि हुन् । काव्य शिल्प र भावनालाई समान महत्व दिने बाँस्तोलाले आफ्ना कवितामा राष्ट्र र राष्ट्रियतालाई कविताको केन्द्रमा राखेका छन् । उनका सबै कविता छन्द वा लयमा पूर्ण आबद्ध छन् । आफूभित्र सशक्त प्रतिभा भएर पनि त्यसलाई पूर्ण रूपमा निरन्तरता नदिनु र रचिएका कवितालाई एकत्रित गरी सङ्ग्रहका रूपमा प्रकाशित नगर्नु कविको कमजोर पक्ष हो । नेपाली जनजीवन, जीवनका भोगाई र राष्ट्रको आवश्यकतालाई कविताको भावभूमि चयन गरी त्यसलाई उच्च शिखरमा पुऱ्याउन सक्नु कवि बाँस्तोलाको काव्य गुण हो । कृतिहरूको काव्य सिद्धान्तका आधारमा विश्लेषण गर्न सक्नु उनको

समालोचनाको धर्म हो। कवि टीकाराम बाँस्तोलाका समग्र रचनामा सरल तत्सम र तद्भव शब्दहरूको संयोजन पाइन्छ। उनका प्राय कवितामा तत्सम शब्दहरूको साम्राज्य देख्न पाइन्छ। यसको अर्थ कविता दुरुह छन् भन्ने होइन। सहज नै भएको र पाठकले रुचाउने खालका नै छन्। कवितालाई औपदेशिक रूपमा उभ्याउनु कविको निजी विशेषता हो।

अतः 'कवि टीकाराम बाँस्तोलाको जीवनी व्यक्तित्व र कवित्वको अध्ययन' गरेर हेरिएको प्रस्तुत शोधपत्रमा बाँस्तोलाका प्रकाशित मौलिक कविताहरूको प्रवृत्तिगत अध्ययन गरिएको छ। उनका कवितामा छन्दको पूर्ण पालना नभए पनि लयमा कुनै कमी छैन। अलङ्कार, गुण, रस र रीतिको प्रयोग केही सुस्त देखिए पनि भावपक्ष पूर्णरूपमा सफल भएकाले कवि टीकाराम बाँस्तोलालाई सफल कवि भन्न हिच्किचाउनु पर्ने कुनै द्विविधा छैन। त्यसैले कवि टीकाराम बाँस्तोलालाई समसामयिक स्वच्छन्दतावादी र प्रगतिवादी धारामा रही काव्य शिल्पलाई प्रयोग गरी नेपाली साहित्यमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्नुपर्ने देखिन्छ साथै साहित्य प्रेमीहरूले पनि शर्माबाट साहित्यिक प्रेरणा लिनुपर्ने देखिन्छ।

यहाँ अध्ययन गरिएको विषय क्षेत्रले टीकाराम बाँस्तोलाको जीवनी व्यक्तित्व र समग्र कवित्वको अध्ययन पूर्ण नहुने भएकाले भावी शोधका लागि सम्भावित शीर्षकहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१) टीकाराम बास्तोलाको खण्डकाव्य समिक्षण कृतिको अध्ययन।

२) टीकाराम बास्तोलाका कविताहरूमा लय विधान।

३) टीकाराम बास्तोलाका कवितामा रस, छन्द र अलङ्कारको अध्ययन।

४) टीकाराम बाँस्तोलाका कवितामा राष्ट्रभक्ति।

## सन्दर्भग्रन्थसूची


उदासी, कष्ण (२०६९), **टीकाराम बाँस्तोलाको व्यक्ति र व्यक्तितत्व** : टीकाराम बाँस्तोलाका ५ कविता, पोखरा, मनरुपा बाँस्तोला ।

काजी, रोशन (२०६९), **टीकाराम बाँस्तोलाको व्यक्ति र व्यक्तितत्व** : टीकाराम सर र उहाँका दुई हस्तलिपि, पोखरा, मनरुपा बाँस्तोला ।

के.सी., सरस्वतीकुमारी (२०६६), **नेपाली साहित्यको विकासमा हेमजा साहित्यिक प्रतिष्ठानको संस्थागत योगदान,** अ.प्र. स्नातकोत्तर शोधपत्र, पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

खनाल, नारायणप्रसाद (२०६१), **समीक्षा प्रहर प्रहरका** (प्र.स.), नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

गुरुङ, गणेशबहादुर (२०६९) **टीकाराम बाँस्तोलाको व्यक्ति र व्यक्तितत्व** : शिक्षा विद् टीकाराम बाँस्तोला र म, पोखरा, मनरुपा बाँस्तोला ।

छोटा, प्रेम (२०६९) **टीकाराम बाँस्तोलाको व्यक्ति र व्यक्तितत्व** : स्मरणीय व्यक्तित्व श्रद्धेय टीकाराम बाँस्तोला : पोखरा, मनरुपा बाँस्तोला ।

जोशी, कुमारबहादुर (२०४७), **देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०५४), **नेपाली कविता भाग ४,** काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी र अन्य (२०६०), **नेपाली कविता भाग ४,** काठमाडौँ : साझा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०५८), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, तरुण (२०६९) **टीकाराम बाँस्तोलाको व्यक्ति र व्यक्तितत्व** : पथ प्रदर्शक, पोखरा, मनरुपा बाँस्तोला ।

बाँस्तोला, दीपेश्वरा, रमेश, सुनिता र अन्य (२०६९), **टीकाराम बाँस्तोला व्यक्ति र व्यक्तित्व,** मनरुपा बाँस्तोला, पोखरा ।

बराल, ठाकुर प्रसाद (२०६९) **टीकाराम बाँस्तोलाको व्यक्ति र व्यक्तितत्व** : टीकाराम बाँस्तोलाका एक शैक्षिक अगुवा, पोखरा, मनरुपा बाँस्तोला ।

बराल, रविमोहन (२०६८), **नेपाली साहित्यको विकासमा पृथ्वीवाङमयको अध्ययन,** अप्र. स्नातकोत्तर शोधपत्र, पोखरा नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

माछापुच्छ्रे, स्व.वि.यू. (२०६२), पोखरा : पृथ्वीनारायण मुखपत्र ।

माहुर, द्वैमासिक साहित्य प्रकाशन (२०५२), पोखरा : माहुर परिवार ।

रिसाल, राममणि (२०४५), **नेपाली काव्य र कविता,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद र अन्य (२०५७), **नेपाली कविता भाग ४,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद, लीला लुइँटेल, कृष्ण विलास पौडेल (२०५७), **नेपाली कविता र कविता,** काठमाडौँ : विभूऋभु प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६०), **काव्य र साहित्य,** काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६५), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सिर्जना अङ्क २ (२०६१), कास्की : सिर्जना साहित्य सदन ।

सिर्जना अङ्क ३ (२०६२), कास्की : सिर्जना साहित्य सदन ।

सिर्जना अङ्क ६ (२०६५), कास्की : सिर्जना साहित्य सदन ।

सिर्जना अङ्क ७ (२०६६), कास्की : सिर्जना साहित्य सदन ।

सिर्जना अङ्क ८ (२०६८), कास्की : सिर्जना साहित्य सदन ।

सिर्जना अङ्क १० (२०६९), कास्की : सिर्जना साहित्य सदन ।

हिमशिखर अङ्क २ (२०५८), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क ३ (२०५९), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क ४ (२०६०), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क ५ (२०६१), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क ६ (२०६२), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क १० (२०६६), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क १४ (२०७०), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क १५ (२०७१), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क १६ (२०७२), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क १७ (२०७३), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।

हिमशिखर अङ्क १८ (२०७४), कास्की : हेमजा साहित्य प्रतिष्ठान ।